


जीवन मार्ग प्रकाशन

# मामुली जीवनभन्दा उच्च जीवन

विलियम म्याक डोनल्ड

# मामुली जीवनभन्दा उच्च जीवन

विलियम म्याक डोनल्ड

जीवन मार्ग प्रकाशन

प्रकाशक: जीवन मार्ग प्रकाशन
पी० ओ० बक्स नं० २३
कालेबुङ्ग - ७३४३०१
दार्जीलिङ /पश्चिम बंगाल
भारत

प्रथम संस्करण २००५ : १००० प्रति

© सर्वाधिकार प्रकाशकमा सुरक्षित

Title of the original: 'Living Above the Average'
by William MacDonald,
Published by Gospel Folio Press
304 Killaly St. West
Port Colborne, ON L3K 6A6

Translated by : Jeewan Rai, Gangtok

मुद्रक: मणि प्रिण्टिङ्ग प्रेस,
आर० सी० मिन्त्री रोड,
कालेबुङ्ग

हामीले एक ख्रीष्टियान भएर जसरी आफ्नो जिन्दगी बिताइरहेका छौं, त्यसलाई हाम्रै पाराले वर्णन गर्नु हो भने के त्यसले हाम्रो अल्लो वा पल्लो घरको छिमेकीलाई प्रभावित पार्ला त? हाम्रो छिमेकीको आफ्नै जिउने तरिका छ, जो उसकै तरिकाले वर्णन गर्न सकिन्छ। उसले हामीलाई बढ़ीमा बढ़ी यतिचाहिँ भन्ला: "तपाईं कट्टर ख्रीष्टियान धर्म पालन गर्ने मानिस हुनुहुँदो रहेछ, तर मचाहिँ त्यस्तो होइनँ।" उसको विचारमा, धर्म हाम्रो सोख होला, तर उसको होइन। हामीले जसरी हाम्रो विश्वास व्यवहारमा उतारेका छौं, के त्यसमा उसले आफूलाई प्रभावित पार्ने केही पनि कुरा देख्ला त? के त्यसमा उसले विचार वा प्रश्न गर्नुपर्ने केही भेट्टाउला? के हामीमा केही सह्नीलाग्दो केही छ? र हामीले गरेका जस्ता कुरा त उसले पनि सहजै गर्न सकिहाल्छ? तब त्यस्तो किसिमको काम गर्नलाई ख्रीष्टियान बन्ने लन्ठ उठाइरहनुपर्ने केही कारण देखिँदैन।

*मेजर इयन थोमस*

# सूची:


| | | पृष्ठ सं० |
|---|---|---|
| १. | प्रभु यीशुले के गर्नुहुन्थ्यो होला? | १-४ |
| २. | एकजना परमेश्वरका मित्र | ५-६ |
| ३. | एकजना प्रेमका दूत | ७-१२ |
| ४. | सङ्कटमा ठूलो शान्ति | १३-१४ |
| ५. | आज्ञापालनको किम्मत | १५-१७ |
| ६. | चूर्ण भएर पनि विजयी भए | १८-२० |
| ७. | नीच सेवा एउटै पनि छैन | २१-२२ |
| ८. | स्कटल्याण्डलाई गर्व गराउने छोरो | २३-२८ |
| ९. | आफैलाई नम्र तुल्याउने जर्नेल | २९-३० |
| १०. | रोगमा वा स्वास्थ्यमा | ३१-३३ |
| ११. | मेरा कप्तान | ३४-३७ |
| १२. | समाजमा अछूत गनिएको मानिसका मित्र | ३८-३९ |
| १३. | घृणाको सट्टामा दया | ४०-४२ |
| १४. | उनले अर्को गाला पनि थापे | ४३-४४ |
| १५. | सबैभन्दा तातो आगो | ४५-४६ |
| १६. | तिम्रा शत्रुहरुलाई प्रेम गर! | ४७-४९ |
| १७. | क्षमा गर्नु ईश्वरीय गुण हो | ५०-५१ |
| १८. | जहाँ इच्छा-पत्र हुन्छ, त्यहाँ..... | ५२-५३ |
| १९. | सरम र थुकाइको सामना | ५४-५५ |
| २०. | थोत्रा-मोत्रा समानहरूको व्यापार गर्ने एक यहूदी | ५६-५७ |
| २१. | सम्राटका खेलाडीहरू | ५८-६० |
| २२. | प्रतिज्ञासहितको पहिलो आज्ञा | ६१-६२ |
| २३. | परमेश्वर, जसले प्रेम गर्नुहुन्छ | ६३-६७ |
| २४. | पत्याइ नसक्ने अनुग्रह | ६८-७० |
| २५. | उनले गरिबहरूलाई प्रेम गर्थे | ७१-७२ |
| २६. | मण्डलीमा खाली-खुट्टै | ७३-७४ |
| २७. | एमाजोनमाथि गोला-बर्छा | ७५-७८ |
| २८. | लोइस र सफाइ-कर्मचारी | ७९-८२ |
| २९. | यी सबै भन्न समय पुग्दैन | ८३-८८ |
| ३०. | मामुली जीवनभन्दा उच्च जीवन | ८९-९० |

# १

# प्रभु यीशुले के गर्नुहुन्थ्यो होला?

एउटा पहाड़मा रातभरि प्रार्थना गर्नुभएपछि प्रभु यीशुले बाह्रजना चेलाहरूलाई छान्नुभयो। उहाँले उनीहरुलाई सुसमाचार फैलाउन बाहिर पठाउने विचार राख्नुभएको हुनाले उनीहरुलाई उहाँले प्रेरित हुनका निम्ति बोलाउनुभयो। एपोस्टल भन्ने ग्रीक-शब्दलाई नेपालीमा 'प्रेरित' भनी अनुवाद गरिएको भए तापनि यस शब्दको खास अर्थ 'पठाइएको व्यक्ति' हुन्छ ।

उनीहरु पहाड़बाट ओर्लिआएपछि यीशुले उनीहरुलाई आफ्नो कार्यको लागि तालिम दिन थाल्नुभयो। पहिले उहाँले उनीहरुको जीवन-शैलीसित कारोबार गर्नुभयो। उनीहरुले त्यागपूर्ण जीवन बिताउनुपरेको थियो, आफ्नो बोलावटको सम्बन्धमा गम्भीर हुनुपरेको थियो, लोकप्रियतालाई इन्कार गर्नुपरेको थियो र उहाँको खातिर सतावट भोग्नुपरेको थियो।

त्यसपछि उनीहरुले कसरी आफ्नो चाल-चलन राख्नुपर्ने हो - यस विषयमा उहाँले यसो भन्दै एक जोड़दार बयान पेस गर्नुभयो: "तर तिमी सुन्नेहरूलाई म भन्दछु: आफ्ना शत्रुहरूलाई प्रेम गर; तिमीहरूलाई घृणा गर्नेहरूलाई भलाइ गर! जसले तिमीहरूलाई सराप्छन्, तिनीहरूलाई आशिष देओ, अनि जसले तिमीहरूलाई अपमान गर्छन्, तिनीहरूका निम्ति प्रार्थना गर! अनि जसले तिमीलाई एउटा गालामा हिर्काउँछ, त्यसलाई अर्को पनि थापिदेऊ! जसले तिम्रो कोट खोस्दछ, त्यसलाई आफ्नो दौरा पनि

इन्कार नगर! तिमीलाई माग्ने हरेकलाई देऊ; अनि जसले तिम्रा मालहरू लैजान्छ, त्यसबाट ती फिर्ता नमाग! अनि मानिसहरूले तिमीहरूसित जे-जस्तो गरेका चाहन्छौ, तिमीहरूले पनि उनीहरूसित त्यस्तै व्यवहार गर! किनकि जसले तिमीहरूलाई प्रेम गर्दछन्, तिनीहरूलाई तिमीहरू प्रेम गर्दछौ भने तिमीहरूलाई त्यसमा के स्याबासी छ र? किनकि पापीहरूले पनि आफूलाई प्रेम गर्नेहरूलाई प्रेम गर्दछन्। अनि जसले तिमीहरूको भलाइ गर्दछन्, तिमीहरूले तिनीहरूलाई भलाइ गर्दछौ भने त्यसमा तिमीहरूलाई के स्याबासी छ र? किनकि पापीहरूले पनि त्यस्तै गर्दछन्। अनि उनीहरूबाट फिर्ता पाउने आशा राखी तिमीहरूले उनीहरूलाई सापट दिँदछौ भने त्यसमा तिमीहरूलाई के स्याबासी छ र? किनकि पापीहरूले पनि पापीहरूलाई दिएको जति फिर्ता पाउने आशामा सापट दिँदछन्। तर तिमीहरूका शत्रुहरूलाई प्रेम गर र भलाइ गर, अनि फेरि केही पाउने आशा नगरीकन सापट देओ र तिमीहरूको इनाम ठूलो हुनेछ, अनि तिमीहरू परमप्रधानका सन्तान हुनेछौ; किनकि उहाँ अधन्यवादी र दुष्टहरूप्रति दयालु हुनुहुन्छ। यसकारण जसरी तिमीहरूका पिता दयालु हुनुहुन्छ, उसरी नै तिमीहरू पनि दयालु होओ!"(लूका ६:२७-३६)

प्रभुका यी आज्ञाहरुप्रति तपाईंको प्रतिक्रिया के-कस्तो छ? के तपाईं यसो भन्नुहुन्छ, "ज्यू, म त्यही कुरामा विश्वास गर्छु, र हामी ख्रीष्टियानहरुले त्यसै गर्छौं।" यदि हामी सबै त्यसरी नै जीवन बिताउँछौं भन्ने कुरामा तपाईं ढुक्क पर्नुभएको छ भने मेरो सल्लाह यही छः तपाईंले उक्त हरफ फेरि पढ्नुहोस् र यसले भनेको कुराद्वारा झसङ्ग झस्किनुहोस्!

यहाँ प्रभुले अलौकिक जीवन चरित्रको विषयमा सिकाउँदै हुनुहुन्छ। यो एक अस्वभाविक व्यवहार हो। यो शारीरिक ढङ्गमा बिताइने जीवनभन्दा उच्च हिँड़ाइ हो, यो उच्चस्थानको जीवन हो। मेरो जीवन मेरो छिमेकीको जीवनभन्दा भिन्नै किसिमको हुनुपर्छ भन्ने कुरामा प्रभु यीशुले जोड़ दिँदै हुनुहुन्छ। म बेग्लै छैनँ भने मैले तिनीहरुलाई यही भन्दैछु, "डर मान्नुपर्दैन; म पनि तपाईंहरु जस्तो हुनुहुन्छ, त्यस्तै छु।" भिन्नता छैन भने तपाईंले ख्रीष्टका दाबीहरुबारे तिनीहरुलाई सुनाउन खोज्दा तिनीहरुले किन सुन्ने? भिन्नता राख्नु महत्त्वपूर्ण कुरा हो। मामुली जीवनभन्दा उच्च जीवन भनेको यही हो।

तर यदि तिनीहरुले मेरो जीवन र तिनीहरुको आफ्नो जीवनमा एक ठूलो भिन्नता देखे भने तिनीहरुले यसको कारण खोज्न थाल्छन् अनि यसरी तिनीहरुलाई सुसमाचार प्रचार गर्न मैले मौका पाउँछु। टर्च-बिरर्सका संस्थापक श्री मेजर इयन थोमस यसो भन्छन्-

'तपाईंको जीवनको सद्‌गुणले छिमेकीहरुलाई आश्चर्यचकित पार्‍यो भने मात्र तपाईंले तिनीहरुमाथि केही प्रभाव पार्न सक्ने सम्भावना हुन्छ। अन्य मानिसहरुले यो कुरा छर्लङ्गै देख्न सक्नुपर्छ कि तपाईंले जिउनुभएको जीवन खूबै सह्रनी गर्न योग्यको मात्र नभएर मानव-विशलेषणदेखि बाहिरको पनि छ; अर्थात् यो जीवन मानिसको देखासिकी गर्न सक्ने क्षमताको उपज होइन। अनि तिनीहरुले यसबारे थेरै-थोरै जति बुझे तापनि यो स्पष्ट हुनुपर्दछ कि तपाईंको जीवनचाहिँ परमेश्वरले आफ्नो रूप तपाईंमा पैदा गर्न सक्ने क्षमताको उपज हो।

छोटकरीमा भन्नु हो भने यसको अर्थ यही हुन्छः तपाईंको वरिपरिका मानिसहरुले यो पक्का गरी बुझून् कि प्रभु यीशु ख्रीष्ट नै जसको बारेमा तपाईं कुराकानी गर्नुहुन्छ, तपाईंले जिउनुभएको जीवनको अति आवश्यक भित्री भाग हुनुहुन्छ, अँ केवल उहाँ।'[१]

गैर-ख्रीष्टियान मानिसहरुले पनि कैयौंपल्ट विक्रान्त कार्यहरु गर्दछन्, जस्तै मिर्गौलाका रोगीहरुलाई मिर्गौला-दान गर्छन्, वृद्ध मानिसहरुको असाधारण देखरेख गर्छन्, कल्याणकारी संस्थाहरुलाई उदारतासित दान दिन्छन्। तर हामीले ता ती मुक्ति नपाएकाहरुको सीमा नाघौं भनी हामी बोलाइएका हौं।

यति भनिसकेपछि हामीले यो पनि थपेर भनिहाल्नुपर्छ कि एक ख्रीष्टियानले जब साँचो ख्रीष्टतुल्य चरित्र देखाउँछ, तब मुक्ति नपाएकाहरु मुक्तिदाताकहाँ डोर्‍याइनेछन् भन्ने कुरामा कुनै निश्चयता छैन। हाम्रो स्थितिमा प्रभु हुनुभएको भए उहाँले कसो गर्नुहुन्थ्यो होला, सो गर्ने जिम्मेवारी हामीमाथि छ। तर अविश्वासीहरुसँग उहाँमाथि विश्वास राख्ने जिम्मेवारी ता छँदै छ। जहिले पनि कोही न कोही ता तर्किन्छन् नै।

तर त्यतिमा सबै कुरा टुङ्गिदैन। तपाईंले ख्रीष्टको खाष्टो राम्ररी ओढ्नुभएको छ भने धेरैले तपाईंलाई दिमाग फुसकेको वा दिमाग हराएको व्यक्ति भन्ठान्नेछन्।

तपाईंले उहाँले पाउनुभएको भन्दा उत्तम व्यवहार पाउने आशा नगरे हुन्छ। एक चेला आफ्नो मालिकभन्दा माथि हुँदैन।

निक्कै सालअगाडि रूसी उपन्यासकार श्री फ्योडोर डोस्टोयस्कीले एक पुस्तक[२] लेखे, जसमा उनले राजकुमार मिश्किनलाई मानवताको एक सिद्ध नमुनाको रूपमा उतार्ने कोशिश गरेका थिए। मानिसहरुले राजकुमारलाई बुझ्नै सक्दैनथे। तिनीहरुले उनलाई 'पागल हुन्' भन्ठान्थे। यस पुस्तकको नाम 'दि इडियट' अर्थात् 'मूर्ख' राखिएको छ। हामी जति बेसी ख्रीष्टको रूपमा ढालिँदै जान्छौं, हामी उत्ती नै बेसी मूर्ख भनिमाग्ने जोखिममा पर्दछौं।

त्यसकारण प्रेरित पावलले ठीकै भनेका थिए। कतिका निम्ति हामी 'जीवनका लागि जीवनको गन्ध' हौं भने कतिका निम्ति चाहिँ हामी 'मृत्युको लागि मृत्युको गन्ध' हौं। हामी तिनीहरुलाई आश्चर्यचकित तुल्याउँदछौं कि ता भक्तिपूर्ण जीवन-चरित्रद्वारा तिनीहरुलाई अलमल्ल पार्दछौं। यी दुवै तरिकाहरुद्वारा हामीले सर्वोच्चको देखासिकी गरी हामी आफैलाई उहाँका सन्तानको रूपमा प्रकट गर्दछौं।

निम्न पृष्ठहरुमा हामी यस्ता कैयौं महान् घटनाहरुबारे विचार्नेछौं, जसमा ख्रीष्टियानहरुले प्रभु यीशुको वचनलाई व्यवहारिक रूपमा लिएर आफ्ना शत्रुहरुलाई प्रेम गरे, आफ्ना दुश्मनहरुलाई क्षमा गरिदिए, खराबको सट्टामा असल फिर्ता गरिदिए, बदला नलिएर सहिबसे, फिर्ता पाउने आशा नगरी दिए – छोटकरीमा यसै भनौं- उनीहरुले आफूलाई सोधेः "प्रभु यीशुले कसो गर्नुहुन्थ्यो होला?", अनि त्यसै गरे।

# २

# एकजना परमेश्वरका मित्र

सन् १३०० शताब्दीमा हेन्री सुसो नामक एक जर्मन थिए, जो परमेश्वरको नजिकको भक्तजन थिए। उनी, पावल टर्सटिगेन र अन्य केही भक्त विश्वासीहरुलाई 'परमेश्वरका मित्रहरु' भनिन्थ्यो। उनीहरु ती मानिसहरु थिए, जो 'सर्वोच्चको गुप्त स्थानमा बस्दथे'। उनीहरु भजनसंग्रह १ को धन्य मानिसझैं थिए, जसको "आनन्द परमप्रभुको व्यवस्थामा थियो, अनि उहाँकै व्यवस्थामा उनीहरुले दिन-रात मन लगाए"। उनीहरुको नागरिकता स्वर्गको थियो। उनीहरुको जीवनको पवित्रताको चर्चा चारैतिर हुन्थ्यो।

एकदिन सुसोको घरको ढोकाबाट कसैले खटखटाएको जस्तो आवाज आयो। उनले ढोका खोले, जहाँ उनले कहिल्यै नदेखेकी एक स्त्री आफ्नो छातीमा एउटा नानीलाई च्यापेर उभिएकी थिई। केही चेताउनी नदिई उसले त्यस नानीलाई उनको हातमा थमाएर भनीः "तिम्रो पापको फल यही हो।" यति भनेर त्यो त्यहाँबाट गईहाली।

सुसो अक्क न बक्क भए। त्यस स्त्रीको आधारहीन आरोपले उनलाई चट्याङ्गले झैं घात पुऱ्यायो। उनी त्यस सानो शिशुलाई आफ्नो हातमा लिएर उभिए। निस्सन्देह त्यो बालक त्यस स्त्रीको पापको फल थियो, तर उनको चाहिँ थिएन। हिजआज हो भने त्यस स्त्रीले बालकलाई प्लास्टिकको थैलामा हालेर नालीमा फ्याँक्नेथिई। तर त्यसले कसैमाथि आरोप लगाइदिन बढ़ी महत्त्वपूर्ण ठानी।

यस घटनापछि सुसो ता एक धार्मिक धोकेबाज रहेछन् भन्ने खैलाबैला चारैतिर फैलियो। उनी न ता एक कपटी व्यक्ति थिए न ता धोकेबाज नै! उनले एकान्तमा रहेर प्रभुकहाँ रुनबाहेक केही गर्न सकेनन्।

"हे प्रभु, म के गरूँ? म निर्दोष छु – त्यो तपाईं जान्नुहुन्छ।"

जवाफ उनीकहाँ स्पष्ट र सरल रूपमा आयोः "मैले जे गरें, त्यही गर; अरुहरुका पापहरु भोग, अनि केही नभन!" सुसोले क्रूसको एक ताजा अनुभूति पाए, अनि उनको मनमा शान्ति आयो।

उनले त्यस बालकलाई मानो आफ्नै नानी हो जस्तो गरी हुर्काए अनि उनीमाथि लगाइएको आरोपदेखि आफूलाई बचाउन कहिल्यै प्रतिवाद जनाएनन्।

केही सालपछि त्यो पापी स्त्री त्यस गाउँमा फर्केर आई अनि मानिसहरुलाई सुसो निर्दोष भएको र उनीमाथि त्यसले लगाएको आरोप झूटो भएको कुरा बताई। नोक्सानी भइसकेको थियो। तर परमेश्वरले यसलाई भलाइमा परिणत गर्नुभयो। सुसो ख्रीष्टको रूपमा झन् बढ़ी ढालिए। उनले विजय पाएका थिए।

हामी पुरानो नियममा पढ्दछौं – यूसुफले मुटु रेटिने व्याथा र झूटो आरोपले गर्दा अन्याय भोग्नुपरेको थियो। अभिलाषामा फसाउन खोज्ने स्त्रीले आफूलाई यूसुफले बलात्कार गर्न खोजेको आरोप लगाई अनि त्यस कथित अपराधलाई प्रमाणित गर्ने हेतुले त्यसले उनको कोटसमेत पेस गरी। तैपनि उनले प्रतिवादनको निम्ति प्रभुमाथि भर परेर आफ्नो मुद्दा उहाँमा सुम्पे।

प्रभु यीशुमाथि झूटो आरोप लगाइयो। उहाँका शत्रुहरुले उहाँको जन्म वैवाहिक सम्बन्धबाहिर भएको थियो भनी ढिप्पी लड़ाउँथे। तिनीहरुको भनाइ थियो कि उहाँले शैतानको शक्तिद्वारा आफ्ना आश्चर्य-कर्महरु गर्नुहुन्थ्यो। उहाँले रोमी सरकार लड़ाउन खोज्दै हुनुहुन्छ भन्ने आरोप तिनीहरुले उहाँमाथि लगाए। तैपनि उहाँले कठिन समयहरुमा यसो भन्न सक्नुभयोः "हे पिता, तपाईंको दृष्टिमा जे असल छ, सो पूरा भएको होओस्।"

उहाँको उदाहरणद्वारा हामी के सिक्दछौं भने हामीले आफूलाई निर्दोष ठहराउनुपर्दैन अथवा सहायताको लागि कानुनमा आश्रय लिनुपर्दैन। परमेश्वरले पापलाई आफै-आफ काम गर्न दिनुहुन्छ; अन्तमा दोष लगाउनेको दशा प्रकट हुन्छ र चोट खप्नेको आदर पनि प्रकट हुन्छ।

# ३

## एकजना प्रेमका दूत[३]

जवान रोबर्ट च्यापम्यान एक धनाढ्य घरानामा हुर्केका थिए। घरमा सोख-सयल, कैयौं नोकर-चाकर अनि परिवारको निशाना-छाप लगाइएको गाड़ी थिए। परिवार धर्मसम्बन्धी कुराहरुमा चाख राख्ने भए तापनि खाँटी ख्रीष्टियानचाहिँ थिएन।

उनी बीस वर्षको छँदा उनको एकजना साथीले उनलाई जेम्स ह्यारिङ्गटोन इभान्सले गरेका प्रचार सुन्न बोलाए। च्यापम्यानको जीवनमा आमूल परिवर्तन आयो। केही दिनभित्र उनले प्रभुमा विश्वास गरे।

उनले नयाँ नियम पढ़ेर बुझे कि विश्वासीहरुले बप्तिस्मा लिनुपर्छ; तब उनले श्री इभान्सलाई तिनीबाट बप्तिस्समा लिने विचार बताइदिए। जवाफमा होशियारी प्रचारकले भनेः "के तिमीले केही समयसम्म पर्खेर यस विषयमा विचार गर्नुपर्छ भन्ने तिमीलाई लाग्दैन?" च्यापम्यानले जवाफ दिएः "होइन, मलाई त लाग्छ - मैले प्रभुको आज्ञा पालन गर्न हतार गर्नुपर्छ।" यस्तो किसिमको सोझो, आज्ञाकारी आत्माले उनलाई जीवनभरि नै साथ दियो।

उनी एक सफल वकिल ता भए, तर प्रभुले उनलाई आफ्नो काम-धन्धा छोड़ी सम्पूर्ण समय ख्रीष्टियान कार्यमा लगाउन बोलाउनुभएको जस्तो उनलाई भान भयो। उनले सबै कुराहरु छोड़ेर ख्रीष्टको पछि नलागुन्जेल उनलाई चैन नै भएन। उनले सबै कुराहरु छोड़े भन्नाले यही बुझ्नुपर्छ कि उनले आफ्ना सम्पत्तिहरु बेचे, धेरै धन-सम्पत्ति

त्यागे, अनि वकालत पेसाको मर्यदा र इज्जतलाई इन्कार गरे। गरिबहरुबीच काम गर्ने उनको लक्ष्य थियो। आखिरमा, "के परमेश्वरले यस संसारका गरिबहरुलाई विश्वासमा धनी राज्यका हकदारहरु हुनलाई चुन्नुभएको छैन र? जुन राज्यको प्रतिज्ञाचाहिँ उहाँले आफूलाई प्रेम गर्नेहरुका निम्ति गर्नुभएको छ" (याकूब ५:२)। के गरिबहरुलाई सुसमाचार सुनाइनुपर्दैन र (मत्ती ११:५)? अनि के साधारण जनताले उहाँको वचन आनन्दपूर्वक सुनेनन् र (मर्कूस १२:३७) ?

यी अग्ला, हसिलो मुहार भएका जवान वकिलले एकजना गरिब, कुप्री परिसकेकी, आफूलाई सभाहरुमा लाने कोही नभएकी अन्धी स्त्रीलाई प्रेमपूर्वक डोऱ्याइरहेका मानिसहरुले देखे। जब उनी त्यस स्त्रीलाई डोऱ्याउँदै सभाघरभित्र पसे, तब उनीहरुलाई देखेर शिक्षामा खाँटी, तर व्यवहारमा स्वार्थी र अप्रेमीहरु सरमले पानी भए।

आखिरमा च्यापम्यान निराश्रय-दरिद्रहरुलाई सुसमाचार सुनाउन भनी इङ्गल्याण्डको बर्नस्टेपलमा अवस्थित एक झुपड़-पट्टी इलाकामा बसाइ सरे। त्यहाँ मतवालापन, मैला, साँघुरा गल्लीहरु, मुसाहरु, जताततै रोगीहरुले भरिएका झोपड़ीहरु र गरिबी मात्र देखिन्थे। तरैपनि उनले ती मानिसहरुको निरन्तर सेवा गरिबसे र उनीहरुको लागि आफ्नो घरको ढोका खुला राखे।

उनी भन्थेः "ख्रीष्टको वचन प्रचार गर्ने ता कैयौं छन्, तर ख्रीष्टको झैं जीवन जिउनेचाहिँ धेरै छैनन्; ख्रीष्टको जस्तै जीवन जिउन सक्नु नै मेरो जीवनको ठूलो लक्ष्य रहनेछ।" केही सालपछि जोह्न नेल्सन डार्बीले उनको बारेमा यसो भनेः "मैले जे प्रचार गर्छु, सो उनले जिउँदछन्।"

उनको ओढ़ने (लामो कोट) थोत्रो भएकोले एकजना ख्रीष्टियान साथीले च्यापम्यानलाई एउटा नयाँ कोट दिए। तर च्यापम्यानले त्यो कोट लगाएको तिनले कहिल्यै देखेनन्। उनले ता त्यो कोट एकजना गरिबलाई दिएछन्, जससित एउटै पनि थिएन। तर चाखलाग्दो कुरा के छ भने मानिसहरुले यस कुरालाई असाधारण ठानेको देखेर रोबर्ट च्यापम्यानले अचम्म मानिरहेका थिए।

उनको त्यागपूर्ण जीवन-शैली देखेर उनका आफन्त र साथीहरु छक्क पर्थे। तीमध्ये एकजनाले एकदिन के हुँदै रहेछ, सो हेर्न उनलाई भेट गर्न जाने निश्चय गरे। जब तिनी चढ़ेको गाड़ी च्यापम्यानको घरको सामु थामियो, तब तिनले गाड़ी-चालकलाई हप्काए: "के तिमीलाई मैले श्री च्यापम्यानको घरमा पुऱ्याइदेऊ भनेको थिइनँ र?"

चालकले जवाफ दिए: "उहाँको घर यही हो, हजुर।"

तिनी भित्र पसे र तीन छक्क परी सोधे: "रोबर्ट, तपाईं यहाँ के गर्दै हुनुहुन्छ?"

"प्रभुले मलाई पठाउनुभएको ठाँउमा म उहाँकै सेवा गरिरहेको छु।"

"तपाईंको जीविका कसरी चल्दैछ? के तपाईंले ब्याङ्कमा पैसा जम्मा गर्नुभएको छ?"

"म त प्रभुमाथि भर पर्दछु अनि मलाई खाँचो परेको कुरा उहाँलाई भनिदिन्छु। उहाँले कहिल्यै कसैलाई छोड्नुहुन्न अनि यसरी मेरो विश्वास बढ्दै जान्छ र काम जारी रहन्छ।"

ती पाहुनाले भान्सा-कोठाको आलमारी प्रायः रित्तो भएको देखेकोले केही खानेकुरा किनिदिने विचार गरे। रोबर्टले तिनलाई कुनै एक पसल देखाइदिए। वास्तवमा त्यस पसलको मालिकले श्री च्यापम्यानसित कटु बैरभाव राखेका थिए। तर जब त्यही पसलेलाई रोबर्ट च्यापम्यानकहाँ यति धेरै खानेकुरा पुऱ्याउन लगाइयो, तिनी विह्वल भए। तिनी ती सामान लिएर सीधा च्यापम्यानको घर गए अनि धुरुधुरु रुँदै र इमानदारीपूर्वक पछुताउँदै क्षमा मागे। त्यति मात्र होइन, तिनले ख्रीष्टलाई आफ्नो प्रभु र मुक्तिदाताको रूपमा ग्रहण गरे।

अतिथि-सत्कार अथवा पाहुनाको सेवाटहल गर्ने काम उनको सेवकाइको एक महत्त्वपूर्ण भाग भयो। च्यापम्यानले आफ्नै पैसाले सड़कको पारिपट्टि एउटा घर किने अनि प्रभुलाई उहाँको चयनअनुसारका पाहुनाहरु पठाइमागे। त्यस घरमा पैसा लिइँदैनथ्यो अनि कसैलाई पनि ऊ त्यहाँबाट कहिले जाँदैछ भन्ने प्रश्न गरिँदैनथ्यो।

पाहुनाहरुलाई हरेक रात आफ्ना जुत्ताहरु ढोकाबाहिर राख्न लगाइन्थ्यो। बिहान ती सब पालिस लगाइएका हुन्थे। यो थियो श्री च्यापम्यानको आफ्ना पाहुनाहरुका खुट्टा धोइदिने तरिका। एक अविवाहित पुरुषले देखाएको यस्तो अतिथि सत्कारबाट पाहुनाहरुले विश्वासको जीवन र प्रभुका जनहरुको सेवाको बारेमा सिकून् भनी परमेश्वरको इच्छा थियो।

टेबलको वरिपरि बस्दाहुँदि बड़ो रमाइलो हुन्थ्यो – जहिल्यै बुद्धि र अनुग्रहले भरिएका वचनहरु सुनिन्थे; तर ख्यालठट्टा वा फजुल गफमा परिणत हुने किसिमको कुराकानी गर्नु मनाही थियो। कसैले पनि अनुपस्थित व्यक्तिको विषयमा नराम्रो बोल्न नपाउने त्यस घरको नियम थियो; अनि यदि कसैले यस नियमको उल्लङ्घन गरेवापत उसलाई हप्काइन्थ्यो। हप्की कड़ा भए तापनि त्यसमा अनुग्रह मिसिएको हुन्थ्यो।

रोबर्ट च्यापम्यानलाई सबैभन्दा बढ़ी चिनाउने सद्‌गुण प्रेम थियो। उनको एक दोषदर्शीले उनीसित केही सरोकार नराख्ने शपथ लिए। ती व्यक्ति उनीसित कहिल्यै बोल्दैनथे। एकदिन उनीहरु हिँड्दै गर्दा झम्का भेट भयो। च्यापम्यानलाई ती व्यक्तिले उनको बारेमा भनेका सबै कुरा थाह थियो। तर जब उनीहरुको भेट भयो, तब रोबर्टले ती व्यक्तिलाई हल्कासँग अङ्कमाल गर्दै भनेः "प्रिय भाइ, परमेश्वरले तपाईंलाई प्रेम गर्नुहुन्छ, ख्रीष्टले तपाईंलाई प्रेम गर्नुहुन्छ अनि म तपाईंलाई प्रेम गर्छु।" ती मानिसले पश्चात्ताप गरे अनि मण्डलीसँग सङ्गत राखे।

पत्याइ नसक्ने कुरा के छ भने विदेशमा हुने उनको एकजना साथीले उनलाई एउटा पत्र पठाए, जसको खाममा ठेगाना यस्तो लेखिएको थियोः आर० सी० च्यापम्यान, प्रेम विश्वविद्यालय, इङ्गल्याण्ड। पत्र उनीकहाँ आइपुग्यो।

श्री च्यापम्यानले पंक्तिवादी झुण्डहरु (denominational divisions) भएको रुचाउँदैनथे, तर उनले परमेश्वरको प्रत्येक साँचो छोरा-छोरीलाई प्रेम गर्थे, चाहे ऊ जुनसुकै मण्डलीको सदस्य किन न होओस्। जब उनले सङ्गति गरिरहेको मण्डलीबाट एक भागका मानिसहरूले अलग हुने इच्छा गरेर सम्पत्तिमाथि हक जमाउने दाबी गरे,

तब उनले तिनीहरुको माग पूरा गरिदिए। त्यसपछि च्यापम्यानले मण्डलीको लागि किनिराखेको जमिन नगर-पालिकाले मागे, तब उनले त्यो दिहाले। उनी आफै एक वकिल भए तापनि उनले यस्ता कुराहरु कचहरीमा लाँदैनथे। व्यक्तिगत झैझगड़ाहरु सुल्झाउनुपर्दा उनले आतुरी नगरेर बरु प्रार्थनाको सहायता लिन्थे। एकपल्ट उनले जे० एन० डार्बीलाई कुनै एक काम हतारिएर गरेकोमा हप्काउँदा डार्बीले आफ्नो बचाउमा यसो भनेः "हामीले छ हप्ता पर्ख्यौं।" च्यापम्यानले जवाफमा भनेः "हामी छ वर्ष पर्खनेथियौं।"

च्यापम्यानले प्रार्थना गर्ने, वचन अध्ययन गर्ने, भोजन लिने, विश्वासीहरुलाई तिनीहरुको घरमा गएर भेट्ने, भोकाएकाहरूलाई खुवाउने, लुटिएकाहरुलाई मद्दत गर्ने, बाहिर गएर प्रचार गर्ने र बाइबल सिकाउने समय तोकेका थिए अनि ती समयलाई अनुशासित ढङ्गमा कायम राख्थे। हर शनिवार उनी उपवास बस्थे अनि काठका थालहरु बनाएर मानिसहरुलाई उपहार दिन लिस्तीमा काम गर्थे।

उनको जीवनी लेख्नेहरुमध्ये फ्र्याङ्क होल्म्सले उनको बारेमा यसो भनेः "पवित्र जीवन जिउनुमा, गहकिलो चरित्र कायम गर्नुमा र स्वार्थ-त्यागमा थोरै मात्र उनको समानतामा आउन सक्छन्; तैपनि उनी नानीझैं सरल र नम्र थिए....। उनी एक आत्मिक शूरवीर थिए। उनले आफ्नो कदको एकै इन्च पनि प्रसिद्धि कमाउने शारीरिक तरिकामा लगाएनन्।"

ख्रीष्टले आफ्ना चेलाहरुलाई यही सिकाउनुभयो कि यदि उनीहरुले उहाँको निम्ति केही छाप छोड्न चाहन्छन् भने उनीहरुको जीवनचाहिँ अन्य मामुली किसिमका ख्रीष्टियानहरुको भन्दा उच्च हुनुपर्दछ। यो कुरा हामी आर० सी० च्यापम्यानको जीवनमा पूरा भएको देख्दछौं। उनको एकजना आफन्त रोबर्टलाई केले यस्तो अलौकिक जीवन-शैली अप्नाउन लगाएको हो रहेछ भन्ने कुरा बुझ्न उत्सुक भए। तिनले के पत्ता लगाए भने च्यापम्यानलाई एउटा यस्तो आत्मिक सामर्थ्यले चलाउँदथ्यो, जसको बारेमा तिनी आफैले केही जान्दैनथे। ती व्यक्तिले आफूमा के कमी रहेछ भनी पत्ता लगाउने सङ्कल्प गरे। तिनले च्यापम्यानलाई आफ्नो अवस्था खुल्लमखुल्ला बताइदिए। दुईजना मिलेर प्रार्थना र बाइबल-अध्ययन गरे। त्यसको परिणाम-स्वरूप च्यापम्यानको ती पाहुना

परिवर्तित मानिस बनेर घर फर्के।

दाउपेच र चतुर चालहरु चलिने हाम्रो जटिल दुनियाँमा रोबर्ट च्यापम्यानजस्तो मानिस त मङ्गल-ग्रह अथवा अर्को दुनियाँबाट आएका प्राणीझैं लाग्दछ। त्यो सत्य पनि हो। उनी अर्कै दुनियाँबाटका मानिस नै थिए। उनी सर्वोच्चको गुप्त स्थानमा सर्वशक्तिमानको छहारीमा बस्दथे। उनीजस्तै मानिसको विषयमा ए० डब्ल्यू० टोजरले लेखे :

'साँचो आत्मिक मानिस साँच्चै अड्भङ्गेझैं हुन्छन्। उनी आफ्नै लागि नभएर प्रभुका इच्छाहरू पूरा गर्न जिउँदछन्। उनी मानिसहरूलाई सर्वस्व उनका प्रभुका निम्ति दिन लगाउन खोज्दछन् अनि आफ्नै निम्ति चाहिँ केही भाग वा अंश माग्दैनन्। उनी आफ्नो आदर भएकोमा होइन, तर अन्य मानिसहरूको दृष्टिमा आफ्नो मुक्तिदाता महिमित हुनुभएकोमा रमाउँछन्। उनी आफ्ना प्रभुको बढ़िबढ़ाइ र आफैचाहिँ बेवास्ता हुँदा उनी आनन्दित हुन्छन्।

उनले आफ्नो रुचीको सर्वोत्तम विषयको बारेमा कुराकानी गर्ने मानिसहरूलाई धेरै मात्रामा पाउँदैनन्; यसैले उनी प्रायः जसो चुपचाप रहन्छन् अनि देखावटी धार्मिक गफको होहल्लाको बीचमा पनि मौन रहन्छन्। फलस्वरूप उनले नरमाइलो, लठुवा र गम्भीरे भन्ने ख्याति कमाउँछन्। सबैले उनलाई पर-परै गर्छन्, अनि उनी र समाजबीचको दूरी बढ्दै जान्छ। उनले यस्ता साथीहरूको खोजी गर्छन्, जसका पोशकहरूमा उनले हस्तिहाड़को महलबाटको गन्धरस, अगरु र तेजपातको बास्ना थाहा पाउन सक्छन्, अनि उनले यस्ता साथीहरू धेरै नपाए तापनि अथवा एउटै नपाए तापनि उहिलेकी मरियमले झैं यस्ता कुराहरू आफ्नो हृदयमा राख्छन्।'[४]

हामीले पनि हाम्रो पुस्तामा साँच्चि नै आत्मिक विश्वासीहरू बन्ने हाम्रो लक्ष्य राखौं।

४

# सङ्कटमा ठूलो शान्ति[५]

निक्कै वर्षअघि एच० ए० आयर्नसाइडले एकजना अस्ट्रेयाली विधवाको बारेमा एक अविस्मरणीय सत्य कथा भनेका थिए। यी ख्रीष्टियान स्त्री परमेश्वरकी नारी थिइन्। उनको आत्मिकपनको गहिराइ सर्वविदित थियो। उनको जीवनमा प्रभुमाथि राखिएको अटल विश्वास र उहाँप्रतिको प्रगाढ़ समर्पण छर्लङ्ग देखिन्थे।

उनको पतिको मृत्युपछि उनले पाँचजना छोराहरूलाई हुर्काउनुपरेको थियो। उनले भजनसंग्रह १४६:६ बाट सामर्थ्य पाइन्: "टुहुराहरूलाई र विधवाहरूलाई उहाँले सम्हाल्नुहुन्छ।" उनले बड़ो उत्सुक्तासहित यस प्रतिज्ञाको दाबी गरिन्। ती छोराहरूले 'प्रभुको तालिम र हप्कीमा' हुर्किने महान् सौभाग्य पाए। समयमा नै उनीहरूले यीशु ख्रीष्टिलाई प्रभु र मुक्तिदाता भनी स्वीकार गरे।

तब युद्ध शुरु भयो अनि ती पाँचजनाले आफ्नो देशको आह्वान सुनेर फौजमा भर्ना भए। सायद उनीहरूको अनुरोधले गर्दा होला - ती पाँचैजना दाजु-भाइहरूलाई फौजको एउटै रेजिमेण्ट वा दलमा लगाइए। उनीहरूकी आमाले प्रतिदिन उनीहरूलाई प्रभुको हातमा सुम्पिदिन्थिन्, यो बुझेर कि उनीहरूको जीवन उहाँको देखरेख र जिम्मामा छ।

एकदिन उनले झ्याल खोलेर हेरिन् अनि एकजना मानिस उनको घर आउने बाटो भएर उनकै ढोकातर्फ आउँदै गरेका देखिन्। उनले तुरुन्तै त्यस व्यक्तिलाई चिनिन्। तिनी एक कर्मचारी थिए, जो गाउँको गिर्जाघर चलाउने पास्टर पनि थिए। त्यस गाउँको कुनै परिवारका सदस्यहरू युद्धमा मरे वा बेपत्ता भए, तिनीहरूको विषयमा घर-घरमा गएर सन्देश दिने काम तिनैलाई लगाइएको थियो। तिनी पनि एक भक्तिले भरिएका ख्रीष्टियान थिए, जसलाई यस्तो दर्दनाक जिम्मेवारी सुम्पिएको थियो।

उनी ढोकामा गएर उभिइन्, जहाँ ती व्यक्ति पनि हातमा पहेंलो रङ्गको तार-सन्देश लिएर खड़ा भएका थिए। समय टक्क रोकिएझैं भइरहेथ्यो। अभिवादनको आदन-प्रदानपछि उनले ती कर्मचारीलाई भित्र पस्ने आग्रह गरिन्। उनीहरू भित्र पसेर बसेपछि आखिरमा उनले आँट गरेर सोधिन्ः

"कुनचाहिँ ?"

उनलाई जवाफ दिन कठिन पऱ्यो। सन्देश उनको लागि सहि नसक्ने हुने हो कि भनी तिनी डराए। तर उनी आफ्नो कुनचाहिँ छोरा युद्धमा मरे होला भनी उत्सुकतापूर्वक पर्खिरहेकी थिइन्।

आखिरमा तिनको मुखबाट जवाफ निस्कियोः "पाँचैजना सबै।" उनको चेहरा पहेंलो भयो, चिउँड़ो काम्यो अनि आँखाहरू आँसुले भरिए। तब उनले आफ्नो सधैंझैं विश्वासयुक्त भाकामा भनिन्ः "तिनीहरू सबै उहाँकै थिए। उहाँले सबैलाई आफ्नो साथमा रहन लैजानुभयो।"

उनीहरूले मिलेर प्रार्थनामा घुँड़ा टेके।

त्यहाँ उन्माद थिएन, कुनै गनगन थिएन, कुनै तितोपन र चित्त दुखाइ पनि थिएन। उनका छोराहरूले आफ्नो देशको आह्वान सुनी आफ्नो घर छोड़ेर गएको समयमा नै उनले तिनीहरूलाई करार पूरा गर्नुहुने परमेश्वरको हातमा सुम्पेकी थिइन्। उनले आफ्ना मुक्तिदातालाई यति नजिकबाट चिनेकी थिइन् कि उनले उहाँको प्रेम र बुद्धिबारे फेरि प्रश्नै गर्न पर्दैनथ्यो। उनीसित समझले बुझ्नै नसकिने किसिमको शान्ति थियो, अनि उनको गवाही त्यस गाउँमा वर्षौं-वर्षौंसम्म प्रचार गरिएका सन्देशहरूभन्दा अधिक अर्थपूर्ण ठहरियो।

सबै विश्वासीहरूले यी ख्रीष्टियान विधवाको झैं प्रतिक्रिया जनाउन सक्नुपर्छ भन्ने यस सत्य कथाको सुझाव होइन। प्रभुले उनलाई यस अगम्य नोक्सानीको निम्ति अवश्यै विशेष अनुग्रह दिनुभयो। आफ्नो प्रियजनको मृत्युमा रुनु न ता सरमको कुरा हो, न ता असफलताको कुरा हो। प्रभु यीशु पनि रुनुभयो। तर यस घटनाले के देखाउँछ भने ख्रीष्टियानहरू असह्य पीड़ाको घड़ीमा बेग्लै हुन्छन्, यति बेग्लै कि संसार त्यो देखेर वाल्ल पर्छ। विश्वासीहरूले परमेश्वरका प्रतिज्ञाहरू आत्मासात् गर्दाहुँदि उनीहरूसित अदेखा श्रोतहरू हुन्छन्, जसको बारेमा अन्य मानिसहरूलाई केही थाहा हुँदैन।

५

# आज्ञापालनको किम्मत

बड ब्रङ्कको निम्ति जीवन एक मन्द बतासझैं थियो। उनकी जेनिस नामक एक प्रेमी पत्नी र छःजना नानीहरू थिए। इलिनोइस प्रदेशको एल्जिनल शहरको सानो हवाईअड्डामा उनी एयरक्राफ्टको मर्मत गर्ने कम्पनीको एक साझेदार थिए। उनको दशै औंला घिउमा थियो, अँ उनले चाहिँ यस्तो ठानेका थिए। तर केही कारणवश आखिरमा आफ्नो आत्मिक अवस्थाको बारेमा विभिन्न विचारहरूले उनलाई सताउन थाले, र उनको शान्ति भङ्ग गरे। त्यतिन्जेल उनी स्थानीय लुथरन् मण्डलीको एक डिकन र विश्वासयोग्य सदश्य रहेका थिए, तर त्यतिले उनलाई सन्तुष्टि दिएन। 'नानीहरूको बप्तिस्मा' अथवा 'बाल बप्तिस्मा' को सम्बन्धमा उनी र त्यस मण्डलीमाझ भिन्नता आउन थाल्यो। कुनै बालक वा बालिकालाई पानी छर्कंदै त्यो ख्रीष्टको मण्डलीको एक अङ्ग बन्छ र परमेश्वरको राज्यभित्र प्रवेश गर्ने अधिकार पाउँछ भन्ने कुरा अबउसो उनलाई पत्यार लाग्न छोड्यो। एकपछि अर्को हुँदै केही अनौठा परिस्थितिहरू खड़ा भए, जसको फलस्वरूप उनी एक बेलुकीमा हुने बाइबल स्कूलमा गई अध्ययन गर्न लागे। केही हप्तामा नै उनको आत्मामा ज्योति उदायो अनि सुसमाचार क्रूसेडको चलचित्र हेर्दाहुँदि उनको साँचो उद्धार भयो अनि उनी एक समर्पित ख्रीष्टियान बने।

शुरुदेखि नै बडसित परमेश्वरको वचन बुझ्ने र त्यसको पालन गर्ने तीव्र इच्छा थियो। मुक्ति पाएपछि भने केही समस्या हुँदैन भन्ने विचार यदि उनले राखेका भए उनको यो धारणा गलत थियो। उनलाई एउटा समस्याले निक्कै आच्छु-आच्छु

पाऱ्यो। किन भने उनी एक अविश्वासीसित साझेदार थिए।

पहिले ता यसमा केही समस्या थिएन। तर अब उनले पढ़े:

"अविश्वासीहरूसँग असमान भएर एउटै जुवामा नजोतिओ; किनकि धार्मिकताको अधर्मसँग के सङ्गति? अनि उज्यालोको अँध्यारोसँग के सहभागिता? अनि ख्रीष्टको बेलियालसँग के एकता? अथवा विश्वासीको अविश्वासीसँग के हिस्सा? अनि परमेश्वरको मन्दिरको मूर्तिहरूसँग के सम्बन्ध? किनभने तिमीहरू जीवित परमेश्वरको मन्दिर हौ; जसरी परमेश्वरले भन्नुभएको छः 'म उनीहरूका बीचमा बस्नेछु, र उनीहरूका बीचमा हिँड्नेछु; अनि म उनीहरूका परमेश्वर हुनेछु, र उनीहरू मेरा जनहरू हुनेछन्। यसकारण तिनीहरूका बीचबाट निस्केर आओ, र अलग होओ, प्रभु भन्नुहुन्छ; अनि अशुद्ध कुरालाई नछोओ, र म तिमीहरूलाई ग्रहण गर्नेछु। अनि म तिमीहरूका पिता हुनेछु, र तिमीहरू मेरा छोराहरू र छोरीहरू हुनेछौ', सर्वशक्तिमान् प्रभु भन्नुहुन्छ" (२ कोरिन्थी ६:१४-१८)।

बडले यी वचनहरू जति पढ्थे, ती वचनहरूले उनलाई उति नै चुपीले घोंचेझैं भान हुन्थ्यो। "विश्वासीको अविश्वासीसँग के हिस्सा?" यो वचन सत्य थियो। अब त उनी र उनको साझेदारको बीचमा ठूलो भिन्नता थियो। उनीहरूको मूल्यांकन गर्ने तरिका भिन्ना-भिन्नै थियो। पहिले त अनैतिक तरिकाहरू कुनै समस्याको कारण थिएन, तर अब त यस्ता कुराहरू ठूल्ठूला समस्याको रूप देखा पर्न थाले। गोरु र गधा एउटै जुवामा जोतिएझैं भएको थियो। उनीहरू एकसमान भएर जोतिन सकेनन्।

बडलाई आफूले के गर्नुपर्ने हो, सो थाहा थियो। उनी यस असमान जुवाबाट निस्कनुपर्छ। हवाईजहाजको मर्मत गर्ने धन्धा नै उनको गुजाराको साधन थियो। उनले आफ्नो परिवारको विषयमा सोच्नुपरेको थियो। त्यस साधनलाई छोड़ेपछि उनीहरूसित देख्न सकिने क़िसिमको कुनै आमदामीको स्रोत रहनेछैन। उनीहरूको गुजारा कसरी चल्ला?

सबैभन्दा पहिला उनले आफ्नो स्थानीय मण्डलीको एकजना प्राचीनसित सल्लाह माग्ने अठोट गरे। उंनले आफू कठिन परिस्थितिमा परेको ती प्राचीनलाई बताइदिए।

प्राचीनले भने: "यसमा त्यति ठूलो समस्या केही छैन। तपाईंले आफ्नो साझेदारलाई उनको हिस्साको दाम दिनुहोस्! तब यस धन्धाको एकमात्र मालिक तपाईं बन्नुहुनेछ।"

"मसित त्यति पैसा छैन।"

"त्यसो भए, तपाईंले आफ्नो हिस्साको पैसा उनीबाट माग्नुहोस्! के त्यसो गरे हुँदैन र?"

कुरा गजबको थियो। उनले साझेदारसित कुराकानी गरे। आश्चार्यलाग्दो कुरा के भयो भने उनको साझेदारले यस विचारमा सहमती जनाए। तिनले बडलाई उनको हिस्साको दाम अर्थात् अमेरिकी डलर ४०,००० दिने कबुल गरे। त्यस समस्याको उचित हल भएको जस्तै देखिन्थ्यो। बिस्तारै पैसा आउन थाल्यो। महिनामा $२०० को चेक आउने गर्थ्यो। त्यसपछि भुक्तानी नियमित रूपमा हुन छोड्यो। एकपल्ट बड चेक साट्न भनी ब्याङ्क गए, तर साझेदारको खातामा अपुग रकम भएकोले ती चेकहरू फिर्ता आए।

बडको पहिलेको साझेदारले दिवाला अर्थात् ब्याङ्करप्टसीको निम्ति आवेदन पेस गरेका रहेछन्। जब बडले यो कुरा थाहा पाए, उनलाई अचम्म लागेन।

"अविश्वासीहरूसँग असमान भएर एउटै जुवामा नजोतिओ" भन्ने आज्ञा पालन गर्ने बडको दृढ़ संकल्पले गर्दा उनले झण्डै $३८,००० देखि $४०,००० सम्मको नोक्सानी भोग्नुपऱ्यो। उनले के गर्नुपर्ने हो ता? तर परमेश्वरले आफ्नो प्रतिज्ञा बिर्सनुभएको थिएन, "म तिमीहरूका पिता हुनेछु" (२ कोरिन्थी ६:१२)। चाँड़ै बडले एकजना ख्रीष्टियानको निम्ति काम गर्न थाले, जुन काम २५ वर्षसम्म चल्यो। जब उनी ६५ वर्षको उमेरमा सेवानिर्वित भए अर्थात् कामबाट अवकाश लिए, तब उनले पहिले गुमाएको रकमको तीन गुणा बढ़ी पैसा पाए। प्रभुको काम गर्ने तरिका यस्तै हुन्छ। उहाँ कसैको ऋणी हुनुहुन्न।

६.

# चूर्ण भएर पनि विजयी भए[६]

डेविड अक्मान हङकङमा एक प्रसिद्ध समाचार-पत्रिकाका वरिष्ठ संवाददाता थिए। उनलाई एक खाँटी ख्रीष्टियानको रूपमा चिनिन्थ्यो, जसले प्रभुको निम्ति खुलमखुल्ला नडराई गवाही दिन्थे।

त्यस बेलाको उनको विभागको मुख्य अधिकारीले अश्लील (फोहोर) शब्दहरू बोलिरहने हुनाले अक्मानलाई सधैं चर्को परेको थियो। ती व्यक्तिले बोलीपिच्छे प्रभुको नाम व्यर्थमा लिने गर्थे। सराप्नु त तिनको लागि भात खानु जत्तिकै सजिलो कुरा थियो। अक्मानलाई झोंक चल्थ्यो; उनले आफ्नो रीसलाई काबुमा राख्ने कोशिश गर्थे, तर उनीभित्र तनाउ भने बढ्रिरहेकै थियो।

आखिरमा थामिनसक्नु भयो। एकदिन ती मानिसले सधैंभन्दा अचाक्ली घिनलाग्दो गाली बक्न थालेकाले अक्मान बम्के: "माफ गर्नुहोला, तर तपाईंले यसरी परमेश्वरको नाम व्यर्थमा लिनुभएको मलाई मन पर्दैन।" उनी शान्त स्वभावमा वा अनुग्रह देखाएर होइन, तर झर्किएर बोलेका थिए।

विभागीय मुख्य अधिकारीले पनि यसलाई शान्तिसँग लिएनन्। तिनले जवाफ दिए: "माफ गर्नुहोला, तर तपाईंले यसरी भनेको मलाई पनि मन पर्दैन"।

पहिले त डेविड 'आफूले त्यस विषयमा आखिरमा कुरा गरिछाड' भन्ठानेर मक्ख परेका थिए। ती व्यक्तिलाई प्याच्च भन्न पाउँदा उनलाई सन्तुष्ट लागेको थियो। सायद त्यसले समस्याको हल गर्ला। अब उसो उनले रातदिन यस्तो फोहोर कुरा सुन्नुपर्नेछैन। उनले अप्ठ्यारो समस्यालाई राम्ररी सुल्झ्याएका थिए।

तर उनले यसलाई व्यर्थमा बढ़ाएको कुरा थाहा पाए। उनले आफ्नो हाकिमलाई भनेको कुरा सत्य नै भए तापनि भन्ने तरिका गलत थियो। उनको गवाहीमा दाग लाग्यो। उनीहरू माझको बोलचाल टुटेको थियो।

एकरात उनी पलङ्गमा ढल्किरहेको बेला उनले एक ख्रीष्टियानको हैसियतमा के गर्नुपर्ने थियो, सो बुझे। उनले भनेः "भोलि म अफिस गएर हर कुराको सम्पूर्ण दोष आफैमाथि लिनेछु।" यसो गर्नुचाहिँ उनको घमन्ड शेष पार्ने प्रहार गर्नु बराबर थियो। उनको स्वाभिमानको निम्ति यो ठूलो हानि हुनेथियो। जे होस्, उनले बन्दुकको गोली निलिछाड़े। अर्को दिन बिहान उनी ती हाकिमको सामु गएर उभिए।

"म तपाईंलाई दुईटा कुरा बताएर यहाँबाट जान चाहन्छु। प्रथमतः हाम्रो सम्बन्ध बिग्रिएको छ। हामी-बीच बोलचाल बन्द भएको छ, अनि यसको कारण म हुँ। म जस्तो किसिमको व्यक्ति हुनुपर्ने थियो, त्यस्तो भएको छैनँ। म आफ्नो सबै गल्ती मानिलिन्छु र तपाईंबाट क्षमा चाहन्छु। यी सबमा तपाईंको केही गल्ती छैन। यो सबको कारण म हुँ।" हाकिम अक्क न बक्क भए।

त्यसपछि भने अब दोस्रो माइल जाने समय आएको थियो। "दोस्रो कुरा", अक्मानले अझै भने, "अब उसो प्रत्येक समाचार लेख्दा पहिले तपाईंको राय लिइनेछ। तपाईंले समाचार लेख्न चाहनुभयो भने त्यो तपईंको खुशी, अनि यदि तपाईंले केही लेख्न चाहनुभएन भने त्यो म नै गर्नेछु। मलाई क्षमा गर्नुहोस्! पहिले सबै समचारहरू तपाईंको हुन्छन् अनि रहल मेरा।"

पत्रकारहरूको बीचमा यस्तो किसिमको क्षमा-याचना र निःस्वार्थपना विरलै देखिन्छ। ती विभागका मुख्य हाकिम निर्वाक्य बने । बिग्रिएको सम्बन्धलाई सुधार्न सकेकोमा खुशी भएर अक्मान अफिसबाट बाहिर आए।

केही दिनपछि, ख्रीष्टियान व्यापारीहरू एकसाथ भेला भएर बिहानको खाजा सँगै खाने सभामा एक हाकिमले आफूले ख्रीष्टमाथि किन र कसरी विश्वास गरेका थिए, त्यसको विषयमा साक्षी दिने भएको कुरा डेविडले थाहा पाए। केही अनिश्चितासँग भए पनि उनी आफ्नो विभागका हाकिमकहाँ गएर भनेः "हेर्नुहोस्, म एक बिहानको नास्ता गरिने सभामा गइरहेछु, जहाँ एक व्यापारीले आफूले परमेश्वरमाथि राखेका

विश्वासको गवाही दिनेवाला छन्। के तपाईं पनि मसँग त्यहाँ जान चाहनुहुन्छ?" यसपटक भने अक्मानको निम्ति छक्कै पर्ने समय आएको थियो। "हुन्छ" उनको हाकिमले भने। सभाको अन्तमा तिनले यीशु ख्रीष्टलाई आफ्ना प्रभु र मुक्तिदाता मानी आफ्नो जीवन उहाँमा सुम्पे।

अक्मानले भने: "उनका कैयौं पुराना खराब बानीहरू छन्, जसलाई त्याग्न उनले अझै संघर्ष गरिरहेका छन्, तर यदि मैले त्यो पहिलो कदम नचालेको भए, मैले कुनै पनि हालतले ती व्यक्तिलाई ख्रीष्टमा ल्याउन सक्नेथिइनँ।"

यस संसारमा अक्मानको जस्तो पूर्ण र बेसर्त याचना एक असाधारण वस्तु हो। प्रतिस्पर्धात्मक दुनियाँमा आफ्ना अधिकारहरूलाई तिलाञ्जली दिनु पत्याइ नसक्ने कुरा हो। तर यस्तै किसिमको अलौकिक आचरणले कठोर परुष-स्त्रीहरूलाई जितेर प्रभुमा ल्याउँदछ।

७

# नीच सेवा एउटै पनि छैन[७]

परमेश्वरले डग निकोल्सलाई भारतमा सुसमाचार प्रचार गर्न बोलाउनुभएको थियो; यसमा कुनै शङ्का थिएन। त्यस देशको आत्मिक आवश्यकता भयानक थियो। कड़ोरौं मानिसहरू गलत धर्महरुको फन्दामा परेका थिए। डग निश्चित थिए - परमेश्वरले उनलाई त्यस देशमा पठाउनुभएको थियो।

तर यदि यो कुरा साँचो थिए भने, अहिले उनी यस खैराँते अस्पतालको क्षय रोग (टी० बी०) उपचार केन्द्रमा चलमल गर्न नसक्ने गरी किन थन्केर बसेका थिए त? उनलाई यस्तो रोगले किन पक्र्यो - यस कुरामा उदेक मान्नु स्वभाविक कुरा हो। यदि उनी निरोगी रहेका भए प्रभुको लागि उनले बढ़ी काम गर्न सक्नेथिए।

तर शङ्का र निराशामा अल्झिनुको सट्टामा उनले त त्यस वार्डका सबै मानिसहरुलाई सुसमाचार सुनाउने निश्चय गरे। उनी सुसमाचारको पर्ची बाँड्दै सबै पलङ्गहरूहुँदो चाहर्थे। आशा गरिएको भन्दा बढ़ी मानिसहरूले पर्ची थापे। अरू कति रोगीहरूले चाहिँ उनलाई घृणा नै गर्थे। "त्यो धनाढ्य अमेरिकी किन यस अस्पतालको एक पलङ्ग ओगटेर बसिरहेको छ, जुन पलङ्ग कुनै एक भारतीयलाई दिन सकिन्थ्यो" भन्दै तिनीहरू मुर्मुरिन्थे। तिनीहरूलाई सुसमाचार सुनाउन डगको निम्ति प्रभुसित अर्कै तरिका थियो। एकरात एकजना अति नै दुब्लाएको सिकिस्त बिरामी बड़ो कष्टसित आफ्नो पलङ्गबाट ओर्लियो। ऊ सौचालय जान चाहन्थ्यो, तर कमजोरीको कारण त्यहाँ पुग्न सकेन। उसले आफ्नो वस्त्रमा नै दिसा गर्‍यो; वार्डको भुइँ मैला भयो, अनि कोठा सहि नसक्नु दुर्गन्धले भरियो।

नर्स र सफाइ कर्मचारीहरूले त्यस मैला सोहर्नुपर्ने भएको हुनाले उसलाई भएभरको सराप्दै हुक्रे। एकजनाले त उसलाई थप्पड़ पनि लगायो। उक्त घटनाले रोगीहरू हल न चल भएका थिए।

अर्को रात पनि त्यस टीठलाग्दो रोगी सौचालय जानलाई आफ्नो पलङ्गबाट ओर्लने कोशिश गऱ्यो। तर ऊ अति नै कमजोर थियो। ऊ पलङ्गमा उत्तानो पछारियो र रुन लाग्यो।

डवा आफै कमजोरी भए तापनि उठेर त्यहाँ गए अनि त्यस मानिसलाई बोकेर सौचालय पुऱ्याए। त्यस मानिसले दिसा गरिसकुन्जेल उनले पर्खे अनि फेरि उसलाई बोकेर उसको पलङ्गमा ल्याइदिए।

त्यतिन्जेल सबै बिउँझिसकेका थिए र त्यहाँ के भएको थियो, सो देखे। त्यस अस्पतालको पलङ्ग ओगट्ने विदेशीप्रति तिनीहरूको विचार तत्कालै बदलियो। एकजना रोगीले डवाको पलङ्गनेर आएर उनलाई एक कप तातो चिया दियो र हातको इशाराले एउटा सुसमाचारको पर्ची माग्यो। डाक्टरहरू, नर्सहरू र सफाइ कर्मचारीहरूले सुसमाचारका पुस्तिकाहरू र यूहन्नाको सुसमाचार मागे। आखिरमा डवा निकोल्सको जीवन र उनले देखाएको दयामा तिनीहरूले प्रभु यीशुलाई देखेको हुनाले कतिले आफ्नो जीवन ख्रीष्टमा सुम्पे।

जब संसारका मानिसहरूले गर्न सक्ने जतिको दया मात्र देखाउन काफी छैन भनी प्रभु येशुले भन्नुभयो, तब उहाँले यही बताउन चाहनुभएको थियो। हामीले त्यसलाई उछिन्नुपर्छ र संसारलाई उदेक लाग्ने किसिमका कार्यहरू देखाएर तिनमा ख्रीष्टलाई प्रकट गर्नुपर्छ अर्थात् हामीले अलौकिक प्रेमको प्रदर्शनी गर्नुपर्छ। यदि हाम्रो व्यवहार संसारका मानिसहरूले देखाएकाभन्दा उच्च छैन भने नष्ट भएर गइरहेका मानिसहरूको जीवनमाथि यसले कुनै प्रभाव पार्नेछैन।

## ८

# स्कटल्याण्डलाई गर्व गराउने छोरा

एरिक लिड्डेललाई बुझ्नको निम्ति तपाईंले उनको जमानाको स्कटल्याण्डको बारेमा जान्नुपर्छ। ख्रीष्टियानहरूले प्रभुको दिन (आइतबार)-लाई आदर र सम्मान गर्थे। उनीहरूले यस दिनलाई इसाई विश्राम-दिन भन्थे। उनीहरुले कुनै काम गर्दैनथे, कुनै खेलकुदमा भाग लिँदैनथे, तर मण्डलीका सभाहरूमा विश्वासयोग्यता-सहित भाग लिन्थे। पसलहरू बन्द रहन्थे, अनि आपतकालीन अवस्थाहरूमा बाहेक यातायात पनि ठप्प हुन्थे। विश्वासीहरूले त्यस दिनलाई प्रभुको उपासना र सेवाको लागि एक विशेष रूपमा छुट्ट्याएका थिए। हामीले प्रभुलाई प्रेम गर्छौं भने हामीले उहाँको दिनलाई पनि प्रेम गर्नुपर्छ  भन्ने तिनीहरूको विचार-धारा थियो।

१५ वर्षको छँदा एरिकले आफ्नो जीवनको सबैभन्दा ठूलो निर्णय लिए; उनले येशू ख्रीष्टलाई आफ्ना प्रभु र मुक्तिदाताको रूपमा स्वीकार गरे। उनले दौड़हरूमा भाग लिने धेरै रुचि लिँदा पनि प्रभुलाई सधैं उनको पहिलो प्राथमिकता दिन्थे।

ओलम्पिक खेलहरूमा आफ्नो देशको प्रतिनिधित्व गर्ने उनले आकाङ्क्षा राखेका थिए; अनि १९२४ मा उनले त्यो मौका पाए। पेरिस ओलम्पिक खेलमा १०० मिटरको दौड़मा दौड्नको निम्ति उनलाई चुनियो। उनी दङ्गदास भए; तर उनको टोलीको एक मित्रले आएर उनको दौड़ आइतबार पर्ने भएको कुरा उनलाई बताएपछि भने उनको लहर बदलियो।

"यो हुन सक्तैन, यो हुनै सक्तैन," उनी बरबराए। उनले एकान्त जंगा खोजेर प्रार्थनामा समय बिताए। जब उनी प्रार्थनाबाट उठे, तब उनले दृढ़ संकल्प लिएको उनको चेहराबाट थाहा लाग्थ्यो। उनले प्रभु र उहाँको दिनको अनादर नगर्ने नै विचार गरे।

जब यो कुरा सार्वजनिक भयो, तब चारैतिर खैलाबैला मच्चियो। "तिमीले आफ्नो देशलाई शर्ममा पार्‍यौ। तिमी देशद्रोही धोकेबाज हौ।" ब्रिटिस दलका प्रबन्धक झोंकिए, "तिमीले यस्तो गर्नुहुँदैन।" उनले शान्त मुद्रामा जवाफ दिए: "प्रभुको दिनमा म दौड्न सक्दिनँ।"

उनले दौड़मा भाग नलिने निर्णय गरेका कुरा मुख्य समाचार नै बन्यो। ब्रिटिस खेलकुद अधिकारीहरू क्रुद्ध भए। समाचार-पत्रहरूले निर्दयतापूर्वक उनको कटु आलोचना गरे। उनका केही मित्रहरूले उनको बचाउ गर्ने कोशिश गरे, तर असफल रहे। प्रसिद्ध एरिक यसरी बित्थाको मान्छे बन्न पुगे।

एरिकले बुलेटिन बोर्ड पढ़े। ४०० मिटरको दौड़चाहिँ आइतबार नपरेको उनले देखे। उनले त्यस दूरीको लागि ता अभ्यास गरेका थिएनन्, तर पनि उनले कोशिश भने गर्न सक्नेथिए। यसैले उनी प्रबन्धककहाँ गएर त्यस दौड़मा दौड्न मिल्छ कि भनी सोधे। प्रबन्धकले स्वीकृति दिए, जो प्रचलित नियम-विरुद्धको निर्णय थियो। एरिकले पहिलो चरणको दौड़मा जिते। दोस्रो चरणमा पनि उनले जिते। उनले चाँड़ै सेमी-फाइनलमा प्रवेश गरे। त्यसपछि उनी ओलम्पिकको सबैभन्दा श्रेष्ठ मानिएको यस दौड़को अन्तिम चरण अर्थात् फाइनलमा पुगे।

दौड़ शुरु हुनुभन्दा अघि दलको मालिश गर्नेले उनलाई एउटा सानो कागजको टुक्रा दिए। एरिकले पढ़े:"बाइबलमा यस्तो लेखिएको छ, 'मलाई आदर गर्नेलाई म आदर गर्नेछु'- तिम्रो सफलताको सधैं शुभ-कामना गर्दछु!"। यो वचन बाइबलको १ शमूएल २:३० पदमा पाइन्छ। यो पद उनीसित दौड़को अन्तिम क्षणसम्मै रह्यो।

दलको उत्साह बढ़ाउनको निम्ति भाषण दिन नियुक्त गरिएका एक अधिकारीले यसो भनेका थिए: "खेल-कुदमा भाग लिनु चाहिँ जीवनको एक मात्र महत्त्वपूर्ण विषय हो।" सायद यो एरिकलाई प्रहार गर्न भनिएको एक हप्की थियो, तर काँड़ लागेन, बरु सीधै भुइँमा खस्यो। एरिकको जीवनमा अरू विषयहरू नै महत्त्वपूर्ण थिए।

जब धावकहरूले दौड़को आ-आफ्नो स्थानको निम्ति चिट्ठा हाले, तब एरिकलाई नराम्रो ठाउँ मिल्यो। त्यति मात्र होइन, त्यस दिनको तापक्रम खपिनसक्ने

गरम थियो। तापमान ओलम्पिक खेलकुदको निम्ति सुहाउँदो थिएन।

मानिसहरूले भने कि एरिकको दौड्ने ढंग भयङ्कर थियो। उनका पाखुराहरू मच्चिरहेका, मुक्काहरूले हावा हिर्काइरहेका, घुँड़ाहरू दमकलझैं चलिरहेका र उनको टाउकोचाहिँ पछिल्तिर उछिटिएको थिए। उनी यसरी कुद्दा कसैले उनलाई एउटा हावाको प्रवाहले चल्ने मिलसित तुलना गरेको थियो। तर लक्ष्यमा पुग्न प्रायः५० मिटर बाँकी हुँदा उनले भएभरको बल लगाएर आफ्नो रफ्तार अझै बढ़ाउने कोशिश गरे। अन्य धावकहरूलाई उछिनेर उनी स्वर्ण पदक विजेता बने, अनि एक नयाँ विश्व रेकर्ड बसाले।

उनको जीवनी लेख्नेहरूमध्ये एकजनाले यस्तो लेखेका छन्ः "उनको जीवनमा आफ्नो ख्रीष्टिय विश्वासको सिद्धान्त सबभन्दा महत्त्वपूर्ण विषय भएको हुनाले १०० मिटर दौड़मा स्वर्ण पदक पाउन सक्ने मौका गुमाएर उनले लाखौं मानिसहरूको ध्यान आकर्षित गरे, जुन दौड़मा उनको जित प्रायः निश्चित थियो। जब उनले त्यसको सट्टामा अनपेक्षित ४०० मिटरको दौड़ जिते, तब सम्पूर्ण देश उनको पाउ परे।"[९] एक प्रख्यात खेलाड़ीले यसो भनेः "निस्सन्देह एरिक स्कट्ल्याण्डले जन्माएका सबैभन्दा महान् खेलाड़ी थिए - उनको प्रभाव, उनको उदाहरण र उनको योग्यता उनको महानताका कारणहरू हुन्।"

पछि उनी सुसमाचार प्रचारक भएर चीनमा गए। त्यहाँ जान पानी जहाजमा चढ़्न लाग्ने बेलामा उनले आफ्नी बहिनीलाई यसो भनेका थिएः "जेनी, परमेश्वरले मलाई एउटा उद्देश्यले सृष्टि गर्नुभएको रहेछ अनि त्यो उद्देश्य चीन हो; तर उहाँले मलाई छिट्टो-छिट्टो दौड्न सक्ने पनि बनाउनुभयो, अनि दौड्दा म उहाँको आनन्द महसुस गर्छु।"

जापानीहरूले चीनलाई कब्जा गर्दाहुँदि एरिकलाई कन्सन्ट्रेसन् क्याम्प अर्थात् नजरबन्दी शिविरमा पठाइयो। अवस्था दयनीय थियो। खाना र कपड़ा अपुग हुन्थ्यो अनि पाइखानाका सहुलियतहरू बताइनसक्नु थिए। त्यस शिविरले मानिसका सबैभन्दा खराब बानीहरू प्रकट गऱ्यो। धेरै कैदीहरू, विशेष गरी अमेरिकी व्यापारीहरूमाझ झगड़ा भइरहन्थ्यो।

तर एरिकचाहिँ भिन्नै किसिमका मानिस हुन् भन्ने कुरामा तिनीहरूको सहमति थियो। "उनले आफ्नो इसाई विश्वास जिउँथे। सियाचोङ्ग शहरमा भएका चिनियाँ

मानिसहरूको बीचमा झैं त्यस शिविरमा पनि उनलाई ख्रीष्टको रूप मानिएको थियो। उनी वेश्याहरू र तुच्छ मानिएका व्यापारीहरूका मित्र बने; उनले कमजोरीहरूका निम्ति कोइला बोकिदिए र जवानहरूलाई शिक्षा-दिक्षा दिन्थे; उनी आफ्नो सुनको घड़ी बेच्न तयार भए र हाकीका डण्ठा बनाउनको निम्ति आफ्नो चदद्र च्याते। तर यति गरिसकेंपछि पनि उनी त्यही एरिक नै रहन्थे; अनि पुराना पर्दाहरूबाट बनाइएको रङ्गी-विरङ्गी कमिज लगाएर उनी यताउता हिँड़िरहन्थे, अत्यन्तै साधारण देखिन्थे, र उनमा कुनै विशेषता पटक्क देखिँदैनथ्यो।"[१०]

एकजना नजरबन्दी रूसकी वेश्यालाई आफ्नो सामान थान्को-मान्को गर्न मद्दत चाहिएको थियो। एरिकले तिनलाई मद्दत गरे। पछि तिनले भनिन् कि एरिक नै तिनलाई मद्दत गरेर त्यसको साटोमा केही नलिने प्रथम पुरुष हुन।

एकजना कैदीले उनको विषयमा यसो भने:"एरिकले कुनै पनि व्यक्तिको विषयमा खराब शब्द बोलेको मैले कहिल्यै सुनिनँ।"अर्कोले यसरी गवाही दिए: "मैले चिनेका मानिसहरूमध्ये सबैभन्दा ख्रीष्टतुल्य व्यक्ति एरिक नै हुन्।"

एकदिन जापानी सिपाहीले एरिकलाई हाजिरीमा देखेनन्। उनको खोजी हुँदा एकजनाले उनी केही घण्टाअघि मरेको कुरा बतायो। त्यस सिपाहीले अकमकाएर भन्योः "लिड्डेल ख्रीष्टियान थियो, होइन र?" ऊ एरिकसित कहिल्यै बोलेको थिएन, तर उसले एरिकमा ख्रीष्टलाई देखेको हुनुपर्छ।

उनी त्यहाँको क्रूरताको कारणले होइन, तर ब्रेन ट्यूमरको अर्थात् गिदीमा ट्यूमर भएको कारणले मरेका थिए। क्याम्पमा भएको अस्पतालमा त्यस किसिमको रोग सम्हाल्न सक्ने साधनहरू थिएनन्। एरिकको आखिरी शब्द यही थियो, जो एन्नी बुचन एक स्कटल्याण्डको नर्सलाई भनिएको थियोः "एन्नी, म सम्पूर्ण रीतिले समर्पण गर्दैछु।"

जब उनी मरेको खबर ग्लासगोमा पुग्यो, सन्ध्या समाचारले यसरी घोषणा गऱ्योः "स्कट्ल्याण्डले एक यस्तो छोरो गुमायो, जसले आफ्नो जीवनको हर घड़ी यसलाई गौरवाशाली तुल्याए।"

दफन सेवामा एक वरिष्ठ मिसनरी आर्नोल्ड ब्राइसनले यसो भनेः "हिजो मलाई एकजना मानिसले भने, 'मैले चिनेका सबै मानिसहरूमध्ये एरिक लिड्डेलचाहिँ त्यही व्यक्ति हुन्, जसको चरित्र र जीवनमा येशू ख्रीष्टको आत्मा उत्कृष्ट रूपमा प्रकट हुनुहुन्थ्यो।' अनि हामीहरूमध्ये ज-जसले उनलाई नजिकबाट चिन्ने सौभाग्य पाएका थियौं, हामीले पनि उनको विषयमा त्यही राय पुष्टि गर्दछौं। उनको समर्पित जीवन र टाढ़ो-टाढ़ोसम्म पुगेको उनको प्रभावको रहस्य के थियो? येशू ख्रीष्टले झैं उनले पनि परमेश्वरको इच्छाप्रति सम्पूर्ण समर्पण गरेका थिए। उनको जीवन परमेश्वरको नियन्त्रणमा रहेको जीवन थियो; अनि उनले आफ्नो मालिक र प्रभुलाई यस्तो भक्तिसाथ पछ्याए, जो कहिल्यै कम भएन र यस्तो मनको तीब्र आँट लिएर पछ्याए, जसको कारणले मानिसहरूले साँचो धर्मको वास्तविकता र सामर्थ्य देखे।"[११]

यो सत्य कथाको थप कुरा के छ भने १९७७ मा ब्रिटिस सिनेमाका निर्देशक डेविड पट्नमले एरिक लिड्डेलले १९२४ सालको ओलम्पिक खेलमा हासिल गरेको विजयको विषयमा उनको सत्य कथा भेट्टाए।

पट्नमले भर्खरै मात्र *'मिडनाइट एक्सप्रेस'* अर्थात् मध्यरातको एक्सप्रेस नामक एउटा चलचित्र निर्माण गरेका थिए, जसले मानव स्वभावको निकृष्टतालाई देखाएको थियो। यो एक दोषदर्शी चलचित्र थियो, जसले तिनको मुखमा एक तीतो स्वाद छोड़ेको थियो। तर बक्स अफिस अर्थात् टिकट घरमा चलचित्र यति सफल भएकामा तिनी वास्तवमा निराश भएका थिए। अब भने एरिकको सत्य कथाले त्यस निराशाबाट शान्ति दिलाउनेछ भन्ने बिचार तिनले लिए। तिनले भनेः "यहाँ एक यस्ता पात्र छन्, जो आफूभन्दा महान् कुराको निम्ति खड़ा छन्, जसले सांसारिक सफलतालाई भन्दा परमेश्वरलाई नै र उहाँप्रति देखाउनुपर्ने हाम्रो कर्तव्य अघि राखेका छन्।"

यसरी *'चेरियोट अफ फायर'* अर्थात् अग्निरथ नामक चलचित्रको जन्म भयो। यो तुरुन्तै भव्य रूपमा चल्न थाल्यो। यसरी संसारभरिका मानिसहरूले एकजना जवान मानिसको विषयमा सुने, जसले आफ्नो विश्वासको खातिर ओलम्पिक खेलको

स्वर्ण पदकलाई पनि तुच्छ ठान्थे, अर्थात् एक नम्र स्कटिस धावकको विषयमा, जससित बलियो विश्वास थियो र जसले त्यसलाई भङ्ग गर्न चाहँदैन्थे।

चारैतिर यस चलचित्रको प्रशंसा भयो। परमेश्वरले उहाँलाई आदर गर्नेलाई कसरी आदर गर्नुहुँदो रहेछ भन्ने कुरा देखेर मानिसहरू रोए। न्यू योर्कका चलचित्र समालोचकले यसको सम्बन्धमा यसो भनेः "बनाइएका चलचित्रहरूमध्ये सर्वेत्कृष्ट! यो चलचित्र विश्वव्यापी सत्यताहरूको निम्ति गहिराइमा पुग्दछ अनि आजको कुटिल विचारधाराअनुसार पुरानो मानिएको भावनालाई व्यक्त गर्दछ।"

एरिकले १९२४ सालमा प्रसिद्ध दौड़ दगुरे। त्यसको ५७ वर्षपछि चलचित्र बन्यो, र त्यसले उनलाई यस्तो सम्मान दियो, जो उनले कहिल्यै कल्पना पनि गर्न सक्नेथिएनन्।

६

# आफैंलाई नम्र तुल्याउने जर्नेल[१२]

१८६५ सालमा गृह युद्धको अन्त भएको थियो, अनि वासिङ्गटनमा हुने महान् विजयको परेडको तयारी चलिरहेको थियो। जर्नेल विलियम टिकूम्से शर्मनलाई यस आयोजनाको जिम्मेवारी दिइएको थियो। परेडको बाटो पेन्सिलभिनिया एभिन्यू भएर वाइट हाउस नाघ्दै जानुपर्ने भनी तोकिएको थियो। अधिकारिक विधिअनुसार हरेक जर्नेलले आ-आफ्नो खटनमा रहेको दलको अगाड़िपट्टिबाट अगुवाइ गरेर घोड़ा सवारी गर्नेछन्।

परेडको बिहान एउटा समस्या खड़ा भयो। जर्नेल शर्मन जर्नेल ओलिभर ओ० होवार्डकहाँ चिन्तित मुद्रा लिएर आए। यही जर्नेलका सिपाहीहरूले टेन्नेसी र एटलान्टाका अभियानहरूमा विजय हासिल गर्न मद्दत गरेका थिए। टेन्नेसीको फौजमाथि खटन गर्ने ओहदामा पदोन्नति भएपछि उनले शर्मनको प्रसिद्ध "मार्च टु द सि" नामक प्रयानमा भाग लिएका थिए।

"जर्नेल होवार्ड, तपाईंले परेडमा आफ्नो दलको अघिबाट घोड़ामा सवारी भई अगुवाइ गर्नुपर्ने कुरा जान्नु हुन्छ, होइन?"

"हजुर!"

"तर म तपाईंबाट एउटा अनुमति लिन चाहन्छु।"

"तपाईंको आज्ञा होस्, हजुर।"

"यस दलको पहिलेको जर्नेलले घोड़ामाथि आफ्नो पुरानो दलको नेतृत्व गर्न चाहन्छन्। म जान्दछु, आखिर अभियानहरूमा यो दल तपाईंको खटनमा थियो। तर

होवार्ड, तपाईं त एक ख्रीष्टियान हुनुहुन्छ; यसैले कसैले तपाईंको आशामाथि पानी फेर्दा तपाईंले यो सहन तयार हुनुहुन्छ होला। के तपाईंले अर्को जर्नेललाई परेडमा यस दलको अगुवाइ गर्ने सम्मान पाउने मौका दिनुहुन्छ?"

जर्नेल होवार्ड केही क्षण चकित भए। उनी आफै घोड़ामाथि आफ्नो दलको अगुवाइ गर्न अति नै उत्सुक थिए। किनकि तिनीहरूले उनलाई निष्ठा र त्यागको साथ सेवा गरेका थिए। तिनीहरू एक साथ युद्धमा लड्दा आपसमा जोड़दार सैनिक जोशको विकाश भएको थियो। ती सिपाहीहरू उनको लागि र एक-अर्काको लागि ज्यान दिन तयार थिए। उनले लड़ाइँमा आफ्नो एक पाखुरा नै गुमाएका थिए। अनि अहिले उनलाई अर्को जर्नेलको लागि आफ्नो सम्मानको स्थान त्याग गर्न लगाइयो। यो ता अघि कहिल्यै नभएको अनुचित अनुरोध थियो।

तर जर्नेल होवार्डले तुरुन्तै आफूलाई नियन्त्रणमा लिए। "तपाईंको अनुरोध मेरो आज्ञा" भन्ने फौजी उक्तिअनुसार उनी आफ्नो हुकुम गर्ने अफिसरको सामु सीधा उभिएर भनेः "हो, हजुर। तपाईंले त्यसो भन्नुभएको हुनाले अनि म एक ख्रीष्टियान भएको हुनाले म खुशीसाथ यसै गर्नेछु। अर्को जर्नेलले घोड़ामाथि यस दलको अगुवाइ गरून्।"

शर्मनले तनाउमुक्त भई उनलाई आदरपूर्वक हेरे र भनेः "होवार्डज्यू, तपाईंले यसो गर्न मान्नुहुनेछ भनी मैले आशा गरेको थिएँ। किनभने तपाईंले सम्पूर्ण फौजको सामु मसँगै घोड़ा सवारी गरेको म चाहन्छु।"

जर्नेल होवार्डले प्रायः मानिसहरूमा पाइने मामुली व्यवहारको ठीक उल्टा ख्रीष्टियान व्यवहार देखाए। ख्रीष्टको मनलाई अप्नाउँदा मात्र पाइने विरल किसिमको नम्रताको पाठ उनले सिके। निम्न स्थान लिइँदा पनि प्रकृतिको नियम-विपरीत काम भयो। किनकि शर्मनले उनलाई अरू कुनै रीतिले हुनै नसक्ने किसिमले सम्मान गरे।

१०

# रोगमा वा स्वास्थ्यमा[१३]

रोबर्टसन म्याक-किल्केन कोलम्बिया बाइबल कलेज तथा सेमिनारीका अध्यक्ष थिए। जवान मानिसहरुलाई प्रभु येशू ख्रीष्टको प्रभावशाली सेवक बन्नका निम्ति उनीहरुलाई सिकाउन पाउँदा उनको जीवनको निम्ति एक ठूलो आनन्दको कारण थियो। यही लक्ष्य लिएर उनले अथक परिश्रम गरे। उनी प्रमुख हुँदा आत्मिक र शैक्षिक उत्कृष्ठतामा कलेजको नाम चलेको थियो।

त्यस समयमा उनको जीवनमा ठूलो समस्या आउन थाल्यो। यसको शुरु यसरी भयोः उनकी पत्नी मुरिएलले एउटै कुरा घरी-घरी दोहोऱ्याउन लागिन्। तब तिनले पढ्ने र चित्रकला-क्षमता गुमाइन्। तिनले सबै सार्वजनिक सेवकाइहरू छोड्नुपऱ्यो। रोबर्टसनलाई आफ्नी पत्नीको जीवन बिस्तारै मधुरो हुँदै गएको हेर्न बड़ो कठिन परेको थियो। अन्तमा जब डाक्टरले तिनलाई चारओटा सुसमाचारहरूका नाम भन्न लगाए, र तिनले भन्न सकिनन्, तब रोग पत्ता लाग्यो। तिनलाई अल्जहाइमर रोग लागेको थियो।

धेरै सालदेखि तिनी रोबर्टसनकी समर्पित सँगिनी भएर आएकी थिइन्। तिनीबिना उनले त्यति फलदायक सेवकाइ अघि बढ़ाउन सक्नेथिएनन्। उनले के गर्नुपर्ने हो? आफ्नो कलेज र सेमिनारीको कार्य जारी राख्नको लागि के उनले आफ्नी पत्नीको हेरचाह गर्ने मानिसहरू ज्यालामा राख्नुपर्ने हो कि? अथवा यतिका सालसम्म उनकी पत्नीले उनीमाथि देखाएकी वास्ता तिनलाई फर्काउनलाई उनले कामबाट राजीनामा दिनुपर्ने हो?

उनका सहकर्मीहरुको निम्ति त निर्णय स्पष्ट थियो। उनको बदलीमा मुरिएलमाथि ख्रीष्टिय प्रेम र कोमलता देखाउन सक्ने कैयौं मित्रहरु थिए। यसरी उनले कोलम्बिया

बाइबल कलेजमा आफ्नो अगुवाइको काम जारी राख्न सक्नेथिए। तर के उनले आफ्नी पत्नीलाई मृत्युले अलग नगरेसम्म रोगमा वा स्वास्थ्यमा साथ दिने प्रतिज्ञा गरेका थिएनन् र? अहिले तिनी रोगमा परेकी थिइन्, अनि अब यस प्रतिज्ञालाई उल्टा गर्न असम्भव थियो। परमेश्वरले अवश्य मुरिएलको जीवनमा एक आश्चर्य काम गर्न सक्नुहुनेथ्यो, तर उहाँले यसो नगर्न पनि सक्नुहुनेथ्यो। तब उहाँले रोबर्टसनको जीवनमा एउटा अचम्मको काम गर्नुपर्थ्यो। अब उनले के गर्ने त? के उनले आफ्नो प्रतिज्ञा पूरा गर्ने हुन् त?

हो, उनले आफ्नो प्रतिज्ञा पूरा गर्ने थिए। ख्रीष्टिय समाजलाई चकित पारी उनले मुरिएलको मानसिक र शारीरिक अपकर्षक रोगमा तिनलाई स्याहार-सुसार गर्ने हेतुले उनले कलेज र सेमिनारीको अध्यक्ष पदबाट राजीनामा दिए। उनले पछि भने; "जब समय आयो, तब मेरो निर्णय दृढ़ रह्यो। यसको बारेमा त्यति बेसी विचार गरिबस्नुपरेन। यो एक सत्य निष्ठाको कुरा थियो, तर यसो गर्न मेरो लागि गाह्रो थिएन। यसो गर्नलाई मैले एक त्यागीले झैं उदासी हुनुपर्ने पनि थिएन। वास्तवमा मुरिएलले अद्भुत समर्पणसहित ४० सालसम्म मेरो वास्ता गरेकी थिइन; अब मेरो पालो आयो। अनि उनी कस्तो सँगिनी थिइन्!! यदि मैले चालीस वर्षसम्म उनको देखभाल गरें भने पनि उनको ऋणबाट म मुक्त हुन सक्तिनथिएँ।"

मुरिएलको अन्तिम क्षणसम्म अर्थात् सत्र वर्षसम्म रोबर्टसन आफ्नी पत्नीसित तिनको विस्मृतिको यात्रामा साथ दिए। उनले लेखेः "उनको लागि अहिले मध्यरात भएको छ; अनि उनको निम्ति कतिखेर मिरमिरे बिहान आउने हो भनी म सोच्दछु। यस भयानक अल्जहाइमर-रोगले यति चाँड़ै र यत्रो लामो समयसम्म त नसताउनुपर्ने हो। तरै पनि मुरिएल आफ्नो शान्त दुनियाँमा अति नै सन्तुष्ट र प्रेम-योग्य छिन्। यदि प्रभु येशूले उनलाई उठाएर स्वर्ग लैजानुभयो भने म उनको मधु र प्यारो उपस्थितिलाई नपाउँदा ठूलो अभाव सम्झनेथिएँ। हो, कहिलेकहीं म रिसाउथें, तर घरीघरी त होइन। रिसाउनु उचित थिएन। अनि यसो पनि हुन सक्छ कि प्रभुले मेरो आत्मालाई परिपक्व पार्न मेरो जवानीको प्रार्थनाको उत्तर दिँदै हुनुहुन्थ्यो।

हुन त एकपल्ट मैले रिसमा आफ्नो होस पूरै गुमाएको थिएँ। ती दिनहरूमा मुरिएल अझ उभिन र हिँड्न सकेकी थिइन्, झाड़ा-पिशाब थाङना लगाउने अवस्था आएको थिएन। कहिलेकहीं उनले अचानक पाइखाना जान नपाई मैला गर्थिन्। एकदिन म उनको छेउमा घुँड़ा टेकेर मैला सोहोर्दैथिएँ। उनले मलाई सघाउन कोशिश गरिन्, अनि मैले मनाही गर्दा पनि उनले जब्रजस्ती गरिन्, मलाई झन्-झन् रिस उठ्दै गयो। अचानक मैले उनलाई शान्त भएर बस्न लगाउने हेतु उनको पासुलामा एक झापट लगाएँ - मानो यसो गर्दा केही फाइदा हुन्छ झैं गरी। मैले हल्का झापट मात्र लगाएको थिएँ, तर उनी अचम्भित भइन्। म पनि छक्क परें। चालीस वर्षको वैवाहिक जीवनमा मैले उनलाई कहिल्यै रिसमा छोएको अथवा कुनै किसिमको गाली समेत गरेको थिइनँ। यस्तो गर्नुपर्ने परिक्षामा समेत परेको थिइनँ। तर यस घड़ी, जति बेला उनले मेरो मद्दत सबैभन्दा बेसी चाहेकी थिइन्, तब यस्तो भयो।

सुँक्क-सुँक्क गर्दै मैले उनलाई क्षमा मागें - हुन त उनले न त ती कुरा बुझिन् न त बोल्न नै सकिन्। त्यसपछि म प्रभुसित दुःखित भई क्षमा मागें। यो कुरा बिर्सन मलाई केही दिन लाग्यो। सायद परमेश्वरले ती आँसुहरू कुनै दिन सल्कन सक्ने आगो निभाउनलाई जम्मा गरिदिनुभएको थियो होला।"

यसरी रोबर्टसन् म्याक-किल्केनले मृत्युको मुखसम्म विस्मृतिमा डुबिरहेकी आफ्नो पत्नीको स्याहार-सुसार गर्नलाई आफूले बाइस सालदेखि सम्हालेर ल्याएको बाइबल कलेज तथा समिनारीको अध्यक्षको पदलाई त्यागे।

उक्त सत्य कथा *'ख्रीष्टियानिटी टुडे'* नामक एक इसाई पत्रिकामा छापिएको थियो। पाठकहरूले सरम सरम नमानी आँसु बहाए। प्रभुलाई चिन्ने केही दम्पतीहरूले आफ्नो वैवाहिक प्रतिज्ञालाई पुनः नवीनीकरण गरे। अन्यले चाहिं आफ्नो वैवाहिक सम्बन्धको पवित्रतालाई नयाँ गरी बुझेर कदर गरे। झन् कतिले त रोबर्टसन म्याक-किल्केनको जीवनमा प्रभु यीशुलाई नै देखेको महसुस गरे।

११

# मेरा कप्तान

मेलरोस मासाच्यूसेट्सको एक पब्लिक स्कूलकी शिक्षिकाले आफ्ना विद्यार्थीहरूलाई विलियम अर्नेस्ट हेन्लीद्वारा लेखिएको कविता *इन्विक्टस*लाई कण्ठस्त गरी क्लासमा सुनाउनुपर्ने काम दिइन्। सामान्य तवरमा यस कवितालाई अंग्रेजी साहित्यको पौराणिक उत्कृष्ठ कृति मानिएको थियो। यसैले ती शिक्षिकाले आफ्ना सबै विद्यार्थीहरू यससित परिचित होऊन् भन्ने विचार लिएकी थिइन्। यस कविताले सोच-विचार नगर्ने मानिसहरूलाई आफ्नो शक्ति, स्वतन्त्रता र साहसद्वारा अभिप्रेरित गर्दछ। यस कविताको शिर्षक *इन्विक्टस* ल्याटिन शब्द हो, जसको अर्थ 'अजय' अर्थात् कहिल्यै पराजित नहुने हुन्छ।

वास्तवमा इन्विक्टस कविता सम्पूर्ण रीतिले अख्रीष्टिय अथवा नास्तिक छ। यसले परमेश्वरको अस्तित्वबारे शङ्का गर्दछ। अनि उहाँ हुनुहुन्छ के त भनी उहाँको निन्दा गर्दछ। कविले आफ्नै आत्म-निर्भरताबारे घमण्ड गरेको छ। परमेश्वरले उसको भाग्य निर्धारण गरिबस्नुपर्दैन, अनि उसले के-के गर्नुपर्ने हो, सो बताइबस्नुपर्दैन भनी कविले ठानेको छ। उसले सर्वशक्तिमानलाई निन्दात्मक चुनौति दिएको छ। कविता यस्तो छः

**इन्विक्टस अथवा अजय**

*मलाई छोप्ने रातमा म उठेर*
*एक कुनादेखि अर्को कुनासम्म अलकत्राझैं कालो रातमा म उठेर*
*कोही ईश्वरहरू छन् भने, उनीहरूलाई धन्यवाद दिन्छु -*
*मेरो अजय आत्माको लागि।*

*परिस्थितिहरूको पञ्जामा फसिँदाहुँदि*
*मैले ऐया-आत्था गरिनँ, न ता जोड़ले चिच्च्याएँ;*
*भाग्यका लाठोहरूले पेलिँदाहुँदि*
*मेरो रक्तामे शिर झुकेन।*
*क्रोध र आँसुको दुनियाँपारिपट्टि*
*अन्धकारको त्रास मात्र ढुकेर बसेको छ,*
*आगामी कैयौं सालहरूको धम्कीहरूमा पनि*
*म निडर पाइन्छु अनि पाइनेछु।*
*ढोका जति नै साँघुरो होस्, मतलब छैन;*
*पुस्तक जति नै दण्डहरूले भरिऊन्;*
*म मेरो भाग्यको मालिक हुँ;*
*म मेरो आत्माको कप्तान हुँ।*

त्यस क्लासमा भएकी एडिथ भायल नामक एकजना ख्रीष्टियान केटीको अघि ती शब्दहरूले समस्या खड़ा गरे। यस कवितालाई क्लासमा सुनाउनु ता उनको निम्ति आफ्नो विश्वासलाई इन्कार गरेको बराबर हुनेथियो। यसो गर्दा ता उनले आफ्नो मालिक र कप्तान मानेका प्रभुको अपमान हुनेथ्यो। वास्तवमा, उनले यसो गर्नु आफ्ना प्रभु र मुक्तिदाताको निन्दा गरेको ठानिन्।

उनको लागि एउटै मात्र विकल्प थियो। उनी आफ्नी शिक्षिकाकहाँ गएर शिष्टतापूर्वक आफ्नो स्थितिको खुलासा गरिन्। उनले तर्क गरिनन्, अनि बेअदवी पनि भइनन्। शिक्षिकाले उनलाई सम्झाउने कोशिश गरिन्। एडिथले कविताको भावसित सहमती हुन नपर्ने, तर उक्त कवितालाई उनले साहित्यको एक महान् हिस्साको रूपमा लिनु मात्र पर्ने कुरा बताइन्। तर शिक्षिकाको केही सीप चलेन। एडिथले त्यो कविता कण्ठस्त नगर्ने नै अठोट गरेकी थिइन्। उनको गाड़ा-विश्वास सम्झौता गरिन सक्ने किसिमको थिएन।

शिक्षिकाले यस कुरालाई एडिथको अनाज्ञाकारिता ठानिन्। उनले एडिथलाई स्कूलको प्रशासनकहाँ पेस गरिन्, तर कुरा त्यतिमा नै रोकिएन। कसैले यस कुरालाई एक स्थानीय पत्रिकामा छाप्यो, अनि चाँड़ै यो एक विवादस्पद विषय बन्यो। यसलाई अखबारहरूको प्रथम पृष्ठहुँदो छाप्ने कामसमेत हुन थाल्यो: एक विद्यार्थीले हठी भाएर आफ्नो शिक्षिकाको आज्ञा मान्न अस्वीकार गरिन्। एडिथलाई यहोवा-साक्षीहरूसित तुलना गरियो, जसले राष्ट्र झण्डाप्रति आफ्नो निष्ठाको शपथ लिन अस्वीकार गर्छन्। उनी पक्कै पनि एक विद्रोही र एक राष्ट्र-विरोधी समुदायको एक सदस्य हुनुपर्छ भन्ने अड्कल काटियो।

त्यस इलाकाभरिका ख्रीष्टियानहरुले एडिथको निम्ति यत्नपूर्वक प्रार्थना गरिबसे। तब एकजना विश्वासीले उनको निम्ति एक गजबको सुझाउ लिएर आए। हेन्लीको त्यस कविताको ख्रीष्टिय रूपान्तर डोरोथी डेद्वारा लेखिएको कुरा तिनले बताइन्। सायद उनकी शिक्षिकाले उनलाई पहिलेको निन्दात्मक कविताको सट्टामा यो कण्ठस्त गरी सुनाउने अनुमति देलान्। अनि त्यस्तै पनि भयो। एडिथले इन्विक्टस कविताको ख्रीष्टिय रूपान्तर ल्याएर आफ्नी शिक्षिकालाई देखाइन्। आश्चर्यजनक कुरा के भयो भने शिक्षिकाले सहमत जनाइन्।

एडिथ क्लासको सामु उभिएर कविता यसरी सुनाउन लागिन्:

***मेरा कप्तान***

*मलाई चकाचौंध गर्ने ज्योतिमा उठेर*
*एक कुनादेखि अर्को कुनासम्म सूर्यझैं चम्केको ज्योतिमा उठेर*
*मैले चिनेका परमेश्वरलाई म धन्यवाद चढ़ाउँछु -*
*ख्रीष्ट, मेरो आत्माको विजेताको निम्ति।*

*परिस्थिति उहाँकै नियन्त्रणमा भएकोले*
*म ऐया-आत्था गर्दिनँ, न ता जोड़ले नै चिच्च्याउँछु;*
*मान्छेले भाग्य ठानेको यस व्यवस्थामनी आफूलाई सुम्पी*
*आनन्दसाथ म मेरो शिर विनम्रपूर्वक झुकाउँछु।*

*पाप र आँसुहरूको यस दुनियाँपारिपट्टि*
*आहा उहाँसितको त्यो जीवन! अनि उहाँको मद्दत*
*आगामी सालहरूको धम्कीहरूमा पनि*
*उहाँले मलाई निडर राख्नुहुन्छ, अनि राख्नुहुनेछ।*

*ढोका जति नै साँघुरो होस्, म डराँउदिनँ;*
*पुस्तकबाट उहाँले दण्ड हटाइदिनुभयो;*
*ख्रीष्ट नै मेरो भाग्यका मालिक हुनुहुन्छ;*
*ख्रीष्ट नै मेरो आत्माका कप्तान हुनुहुन्छ।*

परमेश्वरले मानिसको क्रोधलाई उहाँको प्रशंसा गर्न लगाउनुभयो। उहाँले एक साहसी जवान विश्वासीको बचाउ गर्नुभयो, जो आफ्ना प्रभुप्रतिको निष्ठाको खातिर गाली खान तयार थिइन्। उनले धेरै मानिसहरूलाई ख्रीष्टको आमुन्ने-सामुन्ने ल्याइन्, जसको सामुबाट भाग्न सकिँदैन।

सारा संसारका मानिसहरू हाम्रो विरोधमा भएको भान हुँदा प्रभु येशूप्रति सत्य रहन हिम्मत चाहिन्छ, सो हिम्मत एडिथ भायलसित थियो।

१२

# समाजमा अछूत गनिएको मानिसका मित्र

ज्याक विर्जेन, न्यू योर्कको स्क्रून लेक नामक तालमा भएको वर्ड अफ 'लाइफ क्याम्प' का संस्थापक र निर्देशक थिए। गृष्म-काल बाइबल सभाहरू, जवान्हरूको शिविर, हराएकाहरूलाई ख्रीष्टकहाँ डोऱ्याइने, विश्वासीहरूलाई उनीहरूको विश्वासमा उन्नति गराउने र स्थानीय ख्रीष्टिय मण्डलीहरूलाई बलियो गराउने हेतुले तयार पारिएका अन्य कृयाकलापहरूले भरिभराउ हुन्थ्यो। ज्याक एक आत्मिक अगुवा, अनि अति नै जोसिलो र परिश्रमी मानिस थिए। उनको प्रत्येक दिन प्रशासनिक कार्यहरू, सन्देशहरूको तयारी, अतिथिहरूसितको भेटघाट अनि सुचारु रूपले सञ्चालित क्याम्पका अन्य कामहरूले भरिएको हुन्थ्यो।

एकपल्ट एकजना बेरमाइलो किसिमको दुर्बलता भएको ख्रीष्टियान प्रौढहरूको शिविरमा आए। त्यो दुर्बलता विशेष गरी तिनी खानामा बस्दाहुँदि देखिन्थ्यो। खाना खानभन्दा अघि कसैले एउटा कागज लिएर तिनको चिउँडोमा घुसारिदिनुपर्थ्यो र तिनको छाती कागजले छोपिदिनुपर्थ्यो। जब तिनले आफ्नो मुखमा खाना लगाउँथे, तब तिनले अलिकति हिस्सा मात्र निल्न सक्थे। तिनको मुखको मांसपेशीहरू कमजोर भएको हुनाले रहल खानाचाहिँ कागजबाट भएर बहँदै जान्थ्यो। यसको बारेमा तिनले केही गर्न सक्दैनथे। यो त तिनका कैयौं दुर्बलताहरूमध्ये एक थियो। तरै पनि ती दयनीय विश्वासीले परमेश्वरको वचनको तृष्णा गर्थे र जहाँ तिनले यस सम्मेलनमा वचन सुन्न पाउँथे, जान चाहन्थे।

अरू अतिथिहरू तिनीसित एउटै टेबलमा बस्नदेखि तर्कन्थे। हुन पनि हो- टन्न खान चाहनेहरूलाई तिनीसित एउटै टेबलमा बसेर खान गाह्रो पर्थ्यो। कतिले वान्ता गर्नेथिए, कतिको भोक नै हराउनेथियो होला। फलस्वरूप परमेश्वरका यी बहुमूल्य छोरा जहिल्यै एक्लै एउटा टेबलमा बस्नुपर्थ्यो।

ज्याक आफ्नो धेरै कामको बोझले गर्दा खानामा समयमै आइपुग्ने मौका विरलै पाउँथे। प्रायःजसो उनी आइपुग्दा अतिथिहरूले अघि नै खान शुरु गरिसकेका हुन्थे, अनि खाना खाइने कोठा फुर्तिलो वातचितले थर्किरहेको हुन्थ्यो।

आखिरमा अतिथिहरूले उनलाई आइपुगेको देखेर उत्तेजित भएर हातले इसारा दिँदै उनीहरूको टेबलमा आएर बस्नुहुन बोलाउँथे। तर ज्याक कहिल्यै जाँदैनथे। उनी त्यही टेबलमा जान्थे, जहाँ अवहेलित भाइ एक्लै खाइरहेका हुन्थे। प्रभु येशूले पनि यसै गर्नुहुनेथ्यो। यसो गरेर ज्याकले आफ्ना सन्देशहरूमध्ये एउटा सर्वोत्कृष्ट सन्देश प्रचार गरे। चुपचापसित उनले अन्य मानिसहरूलाई यही कुराको सम्झना दिलाउँथे कि तिनीहरूको मुक्तिदाताचाहिँ सबैभन्दा नीच गनिएकाहरू, आखिरी ठानिएकाहरू र तल्लो दर्जाका मानिएकाहरुकहाँ होचिएर जानुहुन्थ्यो - अनि हामी पनि तल्लो दर्जामा गनिएकाहरूकहाँ होचिएर जानको निम्ति बोलाइएका हौं। हामीले ठूला-बड़ाहरूको निगाह प्राप्त गर्ने इच्छा गर्नुहुँदैन (रोमी १२:१६), तर हामी त नम्रहरूसित एक समान हुनुपर्छ।

मानिसहरुले ज्याक तिनीहरूसित एउटै टेबलमा बसेको मान पाउन चाहन्थे। यसरी तिनीहरू आफ्नो उच्च दर्जाको फुटानी गर्न चाहन्थे। हुन पनि हो- उनी रेडियोमा बोल्ने एक प्रसिद्ध व्यक्ति, प्रख्यात सुसमाचार प्रचारक, बढ्दो ख्रीष्टिय संस्था अर्थात् वर्ड अफ लाइफका निर्देशक थिए। उनीसँगै बस्न पाए तिनीहरू घरमा पुगेर आफ्ना साथीहरूलाई 'म ज्याक विर्जेनलाई चिन्छु' भनी घुर्की लगाउने मौका मिल्नेथियो, तर ज्याक त ख्रीष्टको जीवन जिउने एक नम्र विश्वासी भएको हुनाले त्यस मान र विशेषाधिकार त्यस कोठामा भएका सबैभन्दा तुच्छ गनिएका व्यक्तिले पाए।

## १३

# घृणाको सट्टामा दया[१४]

क्यूबास नामबाट उनी पक्कै पनि क्यूबाको बासिन्दा हुनुपर्छ भनी तपाईं सोच्नुहुन्छ होला। तर उनीचाहिँ क्यूबाका थिएनन्। ओस्कार क्यूबास एक होन्डुरी थिए, जसको बिकुरागुआभित्र सिमाना-नजिकैका गाउँहरूहुँदो प्रभुको सेवा गर्थे। होन्डुरामा भएका स्थानीय मण्डलीहरूबाट प्रभुको सेवामा सम्पूर्ण रीतिले सुम्पिएको पहिलो देशवासी उनी नै थिए। उनको सिफारिस यस प्रकारको थियो। प्रभुले उनलाई तक्विल भनिने गाउँमा एक नयाँ नियमअनुसारको मण्डली बसाल्ने काममा प्रयोग गर्नुभयो।

ओस्कारचाहिँ अनपढ़ तथा एक सरल ख्रीष्टियान मात्र थिए। उनले परमेश्वरको वचनमा गहिरो विश्वास राख्थे, र अन्य मानिसहरूसित वचन बाँड्ने उनको तीव्र चाहना थियो। उनको जीवनका सर्वोत्तम गुणहरू यी थिए। त्यति मात्र होइन, तर उनले बाइबलबाट सिकेका कुराहरू व्यवहारमा ल्याउन खोज्थे, जसको अर्थ यही हुन्छ कि उनी नम्र, धीरजी, प्रेमी र दयालु थिए।

तर तक्विल गाउँ कम्युनिस्टहरूको अड्डा थियो। मानिसहरू सन्दिनिस्ताहरूका समर्थक थिए र तिनीहरूप्रति निष्ठा राख्थे। तर मानिसहरू बढ्दो संख्यामा ख्रीष्टमा आएका हुनाले मण्डली बढ्न लाग्यो। फलस्वरूप त्यहाँका जनसमुदायको बीचमा कम्युनिस्टहरूको पकड़ कमजोर हुँदै गयो। विश्वासीहरू राजनीतिमा संलग्न भएको कारणले यस्तो भएको  होइन; उनीहरू ता राजनीतिदेखि अलग बस्थे, तर उनीहरू नुन र ज्योति भएका हुनाले उनीहरुको सकरात्मक नैतिक र आत्मिक प्रभाव जन-जीवनमा देखा पर्न लाग्यो।

एक समय ओस्कारले एक समस्याको सामना गर्नुपरेको थियो। उनले त्यसको सामना यसरी गरे कि त्यो देखेर प्रभुको प्रत्येक साँचो दासले हौसला प्राप्त गर्दछन्। काम बढ्दै गयो, र मण्डलीलाई एउटा भवनको खाँचो पर्‍यो। त्यतिञ्जेल पवित्र जनहरू घरहरूहुँदो भेला हुने गर्थे, तर अब भने यसो गर्न सम्भव थिएन। विश्वासीहरूका घरहरू एकदमै स-साना थिए। त्यसर्थ मण्डलीले एक टुक्रा जमिन किन्यो। त्यसको आधा भागमा सभा-घर बनाइने भयो अनि रहल भागमा चाहिँ ओस्कार र उनको परिवारको घर बनाइने भयो।

त्यस बेला ती विश्वासीहरूले उनीहरूको जमिनको छेउमा गाउँका प्रमुख कम्युनिस्टको जमिन पर्दछ भन्ने थाहा पाएका थिएनन्। उसको नाम सान्टोस थियो। उसले सुसमाचार प्रचार गर्ने विश्वासीहरूलाई पटक्कै मन पराउँदैनथ्यो। तक्विलमा कम्युनिस्टहरूले केही मात्रामा आफ्नो प्रभाव गुमाएको कुरा उसलाई अवश्यै मन परेको थिएन नै। यसकारण उसले ओस्कारलाई सताउन थाल्यो। एकपल्ट ता मरिसकेको सुक्खा रूख काटेको हाँस उठ्दो आरोप लगाएर उनलाई झ्यालखानामा समेत हाल्न ऊ सफल भएको थियो। शासन-अधिकारीहरूले छानबिन गरेपछि उक्त आरोप उट्पट्याङको रहेछ भनी थाहा पाएर तिनीहरूले ओस्कारलाई छोड़िदिएका थिए।

के ओस्कारले बदला लिन विचार गरे त? के उनले आफ्नो छिमेकीको बदनाम गरे त? के उनले आफैलाई बचाउने कोशिश गरे त? अहँ, उनले पटक्क यसो गरेनन्। उनले ती सब दुर्व्यवहारहरू सहिबसे; यसमा उनी ख्रीष्टझैं थिए। उनले आफ्नो अलौकिक व्यवहारद्वारा गाउँलेहरूलाई चकित पारे।

सभा-घर बनाइसकेपछि ओस्कारले आफ्नो घर बनाउन थाले। उनको र सान्टोसको जमिनलाई सिमानाको बारले मात्र छुट्याएको थियो। उनको भान्साकोठा र सान्टोसको घर एकदमै नजिकमा थियो। के खोज्छस् कानो आँखो! यसले त रिसाएको छिमेकीलाई अझ खराबी गर्ने मौका मात्र दिएको थियो। सान्टोसले सिमानाको छेउमै एउटा नयाँ पाइखाना बनायो, र त्यहाँबाट निस्किने दुर्गन्ध सीधै क्यूबासको भान्साकोठामा पस्ने गर्थ्यो। दुर्गन्धले गर्दा कुनै पनि समय खाना खानु बढ़ी कठीन पर्थ्यो।

ओस्कारले केही भनेनन्। उनले जहिले पनि सान्टोसलाई मैत्रीपूर्ण र आदरपूर्वक अभिवादन गर्थे। उनले बराबरी गर्ने विचार समेत पनि गरेनन्। उनको सरल विश्वासमा

उनले 'यो ता परमेश्वरको युद्ध हो' भन्ठान्थे। उनी शान्त भएर परमप्रभुको मुक्तिलाई हेर्न पाएकोमा तृप्त थिए।

पाइखाना त्यति सोचविचारले बनाइएको थिएन। एकदिन सान्टोसले दिशा गरिरहेको समयमा पाइखाना नै भत्किहाल्यो - त्यस अशोभान दृश्यमाथि हामीले यहाँ एक दयाको घुम्टो ओढ़ाइदिनुपर्ला। त्यस अपमानित व्यक्तिले आफू परमेश्वरको विरोधमा लड्दै गरेको र नराम्रो घतले हार्दै गरेको कुरा थाहा पायो। टार्ससको शावलले झैं उसले पनि काँड़ाहरूमा लात हानिरहेको थियो। उसले अवश्यै पनि त्यस दिनको अनुभव आफ्नो जीवनमा दोहोरियोस् भन्ने चाहेन।

अब हामी असल खबरमा आइपुग्छौं। घटनाको रमाइलो अन्त भयो। यो थियो सान्टोसलाई खीष्टमा ल्याउने तरिका। हामीलाई यो सत्य कथा सुनाउनेले यसो भनेका थिएः "अद्‌भुत कुराचाहिँ के छ भने जब सान्टोसले आफैलाई प्रभुमा सुम्पे, तब तिनले आफैलाई सम्पूर्ण रीतिले उहाँलाई दिए। अहिले तिनी त्यस सानो मण्डलीमा सङ्गतिमा संलग्न भएर सक्रिय रूपले अन्य मानिसहरूलाई सुसमाचार सुनाउने एक भक्तिपूर्ण खीष्टियान भाइ भएका छन्।"

भजनकारले भने, "परमप्रभु आफ्ना प्रजासँग खुशी हुनुहुन्छ" (भजनसंग्रह १४९:४)। उहाँले ओस्कार क्यूबासजस्ता मानिसहरूमा आनन्द लिनुहुन्छ भन्ने कुरा बुझ्न सजिलो छ। यस साधरण विश्वासीले खीष्टको नमुना पेस गरे। भलाइको लागि दुःख भोग्दा पनि उनले धीरजसँग सहिबसे। उनले आफ्नो अधिकारको निम्ति खड़ा हुनुको सट्टामा कुव्यवहार सहन चाहे। उनलाई सताउनेहरूको निम्ति उनले प्रार्थना गरे र उप्रान्त प्रभुको हातमा छोड़िदिए। उनले बदला लिएनन्।

यति भनिसकेपछि अब हामी आफूलाई सोधौं : खीष्टियानहरू किन बदला नलिने किसिमका मानिस हुनुपर्ने हुन् त? कारण यही छ - यदि हामीले पनि अरू मानिसहरूले झैं बदला लिन खोज्यौं भने 'हामी खीष्टियानहरू वैकल्पिक समाज अर्थात् संसारको भन्दा उत्तम समाज हौं' भन्ने कुरा कसैले पत्याउनेछैन। खीष्ट र उहाँको मुक्ति दिने अनुग्रहको गवाहीको एक हिस्सा हो हाम्रो नम्र व्यवहार। अर्को शब्दमा भन्ने हो भने यदि खीष्टियानहरूले बदला लिन वा साटो फेर्न चाहे भने मण्डलीको सम्पूर्ण उद्देश्यमा अर्थात् सुसमाचारको गवाहीमा खराब असर पर्दछ।[१३]

१४

# उनले अर्को गाला पनि थापे[१६]

कुनै युद्धको शुरु हुँदा र पुरुष र स्त्रीहरूलाई फौजको सेवामा लाग्ने आह्वान गरिँदा यो कथा सुनिन्छ। यो कथाको साँचो वृतान्त पत्ता लगाउन त असम्भव छ। तर यस्तो घटनाचाहिँ निःसन्देह धेरैपल्ट घटेको छ। एक ब्रिटिस प्रचारक डा० जे० स्टर्ट होल्डनले यस कथाको वृतान्त यस प्रकारले सुनाएका छन्, जसलाई हामी साँचो मान्न सक्छौं; किनभने उनलाई यो कथा सुनाउने व्यक्ति आफै त्यस घटनाको सहभागी रहेका थिए।

दोस्रो विश्व युद्धको अन्तमा, होल्डेनले मिस्र-देशमा ब्रिटिस हबलदारलाई भेटे, जो एक असाधारण ख्रीष्टियान थिए। होल्डेनले तिनलाई तिनी कसरी प्रभु येशूको विश्वासमा आइपुगे भनी सोध्दाहुँदि हबलदारले तिनी मिस्र-देशमा आउनुभन्दा अघि आफू माल्टामा रहेको कुरा बताए। तिनको दलमा एकजना साधारण सिपाही पनि थिए, जो एक विश्वासी थिए र अरू मानिसहरूलाई ख्रीष्टको गवाही दिन सरम मान्दैन्थे। तिनीहरूले चाहिँ उनलाई खेल-ठट्टा गर्दै सताउँथे, तर त्यसले उनलाई केही असर पार्दैनथ्यो।

हबलदारले भनेः "एकरात हामी सबैजना पानीले लुथ्रुक्क भिजेर ब्यारेकमा आइपुग्यौं। हामी थाकेर लखतराण भएका थियौं। ती साधारण सिपाहीचाहिँ आफ्नो ओछ्यानमा गएर सुत्नुभन्दा अघि घुँडा टेकेर प्रार्थना गर्न लागे। मैले उनलाई अवश्यै दिइहालें। मेरा जुत्ताहरू हिलोले गह्रौं भएका थिए; अनि मैले एउटा जुत्ताले उनको गालामा हिर्काएँ। त्यसपछि मैले अर्को जुत्ता पनि खोलेर उनको अर्को गालामा हानिपठाएँ। तर उनले निरन्तर प्रार्थना गरिरहे।"

"त्यसको भोलिपल्ट", हबलदारले अझ भन्दैगए, "मेरा यी दुईटै जुत्ताहरूमा राम्ररी पालिस लगाएर मेरो ओछ्यानकै छेउमा राखिदिएका रहेछन्। मेरो क्रूरताप्रति ती साधारण सिपाहीको प्रतिक्रिया यही थियो। मेरो हृदय चूर्ण भएर आयो। त्यसै दिन मैले मुक्ति पाएँ।"

हबलदारको सतावटप्रति ती साधारण सिपाहीको प्रतिक्रियाले मुक्तिदाताको त्यही वचनलाई चरितार्थ गर्दछ, जो यस्तो छः "जसले तिमीलाई एउटा गालामा हिर्काउँछ, त्यसलाई अर्को पनि थापिदेऊ" (लूका ६:२९)। उनले व्यर्थैमा आफ्ना मालिकको अनुसरण गरेका थिएनन्।

म केवल एउटा सतर्क गराउने शब्द थाप्न चाहन्छु। सिपाहीहरूको बीचमा ख्रीष्टको निम्ति दिएको बल्दो गवाहीले सधैं शारीरिक दुर्व्यवहार निम्त्याउँछ भन्ने हामीले ठान्नुहुँदैन। तर मेरो विचारमा, प्रायःजसो संसारका पुरुष र स्त्रीहरूले यस्तो विश्वासीको कदर गर्छन्, जसका दृढ धारणाहरू छन् र जो आफ्नो विश्वासको निम्ति खड़ा रहन तयार छन्। यदि कुनै सिपाहीले एक ख्रीष्टियान सिपाहीलाई सतायो भने पनि अरू अविश्वासीहरू प्रायःजसो छिट्टै उनको बचाउको निम्ति आउँछन्। प्रभुले ऊन कत्रिएको भेड़ाको निम्ति खप्न सक्ने किसिमको हावा चलाइदिनुहुन्छ। उहाँले कहिल्यै हामीले खप्न नसक्ने कुरा हाम्रो जीवनमा हुन दिनुहुन्न।

१५

# सबैभन्दा तातो आगो

मर्डोज क्याम्पबेलले *'फ्रम ग्रेस टु ग्लोरी'*[१७] अर्थात् अनुग्रहतदेखि महिमासम्म नामक आफ्नो पुस्तकमा उत्तर स्कटल्याण्डका एक भक्तिपूर्ण प्रचारकको बारेमा बताउँछन्, जसको पत्नीमा उनमा झैं गहिरो आत्मिक्ता थिएन। उनकी पत्नीमा प्रभु र उहाँको वचनप्रति त्यही किसिमको प्रेम देखिँदैनथ्यो। एकदिन उनी आगो ताप्दै बाइबल पढ़िरहेका थिए; तब उनकी पत्नी रिसको आवेगमा कोठाभित्र पसिन्। तिनले उनको हातबाट बाइबल खोसेर आगोमा फालिदिइन्।

त्यस्तो किसिमको अधार्मिक कार्य र रिसप्रति एक खीष्टियानले कस्तो प्रतिक्रिया जनाउनुपर्ने हो? यस्तो भक्तिहीनताले भरिएको व्यवहार देखाएकोमा के उनले तिनलाई जोड़ले हप्काउनुपर्ने हो त? वा उनले यस मौकामा खीष्टको आत्मा आफ्नो व्यवहारमा प्रकट गर्नुपर्ने हो?

त्यस प्रचारकले पछिल्लो विकल्प रोजे। उनले आफ्नी पत्नीतिर हेरेर शान्तिपूर्वक भनेः "मेरो विचारमा, मैले योभन्दा तातो आगो अहिलेसम्म तापेको थिइनँ।" हितोपदेशको "मीठो जवाफले क्रोधलाई शान्त गर्छ" भन्ने वचनको एक सर्वोत्तम उदाहरण उनले यसरी पेस गरेका थिए (हितोपदेश १५:१)। श्री क्याम्पबेलले यस्तो लेखेका छन्ः "त्यस उत्तरमा उनको क्रोध भाग्यो, अनि त्यसपछि एक नयाँ र अनुग्रहपूर्ण जीवनको शुरु हुन लाग्यो। उनकी येजेबेल अब भने बदलिएर लिडिया भइन्। काँड़ा त लिल्ली फूल पो भएछ।"

तर त्यस कुरालाई सही रूप दिन केही कुरा झट्टै थपिहालौं। यस्तो रिस लिएर आक्रमण गर्ने हुनको सट्टामा प्रायःजसो स्त्रीहरू नै यसका शिकार भएका हुन्छन्। लिन्डालाई यसको एक उदाहरण मान्न सकिन्छ।[१८] उनको उद्धार हुनुभन्दा अघि उनले

टोनी नामक एक व्यक्तिसित विवाह गरिन्। उनले त्यस व्यक्तिलाई सुन्दर र खाइलाग्दो देखेकी थिइन्।

तिनीहरूको पहिलो बालक जन्मिँदा उनी एक विश्वासी भइसकेकी थिइन्। उनले बिस्तारै टोनीको खास रूप थाहा पाइन्। उनले बाहिरी रूप मात्र नहेर्नुपर्ने रहेछ। ऊ ता एक नम्बरको अल्छे र जिम्मेवारीदेखि भाग्ने मानिस रहेछ। ऊ मत्थू र स्त्रीलम्पट पनि रहेछ। कहिलेकहीं महिनौंसम्म घर छोड़ेर ऊ बाहिर बरालिन्थ्यो, अनि फेरि मानौं केही भएकै छैन झैं गरी घर फर्केर आई लिन्डाको पति भएर बस्थ्यो। अर्को नानी जन्मिएपछि फेरि उसले घर छोड्थ्यो, अनि परिवारको देखरेख लिन्डाले गर्नुपर्थ्यो।

लिन्डा एक भक्तिपूर्ण पत्नी भएकी हुनाले उनले १ पत्रुस ३:१-२ मा लेखिएको वचन पालन गर्न चाहन्थिन्: "यही प्रकारले हे पत्नीहरूहो, तिमीहरू आ-आफ्ना पतिका अधीनमा बस; र कसैकसैले वचन पालन गर्दैनन् भने पनि पत्नीहरुको चालचलनद्वारा अर्थात् तिमीहरूको डरसहितको पवित्र चालचलनलाई देखेर उनीहरू बिनावचन नै जितिएका होऊन्।"

बदला लिनु वा दोष देखाउनुको सट्टामा लिन्डाले आफ्नो पतिलाई एक धार्मिक जीवन र अलौकिक व्यवहारद्वारा जित्ने कोशिश गरिन्। यस्ता स्त्रीहरूको बारेमा कैयौं पुस्तकहरू लेख्न सकिन्छ, जसले पत्रुसको सल्लाह पालन गरेर आ-आफ्ना पतिलाई ख्रीष्टमा ल्याउने किसिमको जीवन बिताए।

## १६

# तिम्रा शत्रुहरुलाई प्रेम गर!

प्रभु यीशुले "शत्रुहरुलाई प्रेम गर" भन्नुभएको छ भन्ने कुरामा ता कुनै शंका छैन (लूका ६:२७), तर के उहाँले यो कुरा अक्षरशः अर्थमा भन्नुभएको हो त? अथवा के उहाँले यसलाई एक आदर्शको रुपमा मात्र लिनुभएको थियो, जसलाई हासिल गर्न हामीले प्रयल गर्नुपर्छ? आफ्ना शत्रुहरुलाई प्रेम गर्नु अति नै अस्वभाविक कुरा हो। जब तिनीहरुले चाहिँ आफ्नो शत्रुता मात्र बढ़ाइबस्छन् भने हामीले त्यस्ताहरुलाई किन प्रेम गर्नु? हामीलाई घृणा गर्ने व्यक्तिहरुलाई प्रेम गर्नु हामीलाई असम्भव कुराझैं लाग्दछ। यसकारण हाम्रा प्रभुको यो आज्ञा पढ्दाहुँदि हामीले आफ्नो सुदिलासा बढ़ाउनलाई यसको अर्थ हल्का लगाउने कोशिश गर्दछौं। तरै पनि हाम्रो हृदयभित्र चाहिँ हामीलाई थाह भएकै हुन्छ कि प्रभु यीशुले जे भन्नुभएको छ, सो साँच्चै भन्नुभएको हो। हामीले केचाहिँ बिर्सेका हुन्छौं भने जब उहाँले कुनै आज्ञा गर्नुहुन्छ, तब त्यसलाई पालन गर्ने सामर्थ्य पनि दिनुहुन्छ। मानिसका दृष्टिकोणले हेरेर ता आफ्ना शत्रुहरुलाई प्रेम गर्नु डाँड़ा पल्लोपट्टिको कुरा हो। आफ्नो शक्तिले इसाई जीवत जिउन पनि असम्भव छ। तर यस्तो जीवन ता हामीभित्र वास गर्नुहुने पवित्र आत्माको सामर्थ्यद्वारा मात्र जिउन सकिन्छ।

जब हामी अर्को विश्वासीले प्रभुको आज्ञा पालन गरेका देख्छौं, तब हाम्रा मुक्तिदाताको वचनको लाग्ने धारलाई भुत्ते बनाउन खोज्ने हाम्रो मनको यस बानीको अन्त हुन्छ। वचनका कैयौं पदहरू तब हामीलाई जिउँदा लाग्दछ, जब हामी त्यसलाई व्यवहारमा प्रयोग भएको देख्छौं। यसैले मलाई एउटा ख्रीष्टियानलाई देखाउनुहोस्, जसले आफ्नो शत्रुलाई प्रेम गर्दछ, अनि म कुरा मान्नेछु। यस्तो कुरा मेरो जीवनमा

भएको थियो। मैले लूका ६:२७ पद एक मानिसको जीवनमा पूरा भएको देखें। यो वचन थेयो म्याक-कुल्ली नामक व्यक्तिको जीवनमा पूरा भएको थियो। उनी थिए एड म्याक-कुल्लीका बावु, जो एक्वाडोरमा शहीद भएका पाँचजनामध्ये एक थिए। श्री थेयो मैले चलाउँदै गरेको बाइबल स्कूलका प्रशासक पनि हुनुहुन्थ्यो।

एकरात उनी र म स्कूलका केही तत्कालीन विषयहरू र हामीले गरेका केही निर्णयहरूको विषयमा छलफल गर्न भनी भेला भएका थियौं। श्री म्याक-कुल्लीले 'के गर्नुपर्छ' भन्ने कुरा पटक्कै बताएन; उनले जहिले पनि "यसको लागि प्रार्थना गरौं" भन्थे। यसरी त्यस साँझको छलफलपछि हामीले घुँडा टेक्यौं र स्कूलको विषयमा लामो प्रार्थना गर्‍यौं।

उनको आफ्नो प्रार्थनाको अन्ततिर उनको मन दक्षिणको एक्वाडोरको कुरारे नदीको किनारहुँदो पुग्यो, जहाँ असभ्य आदिवासीहरूले उनको सुसमाचार प्रचारक छोरालाई भालाले घोचेर मारेका थिए। एड एक आदर्श पुत्र थिए। बुवाले एकपल्ट एडको विषयमा यसो भनेका थिए कि तिनले एकैपल्ट पनि आफ्ना आमाबुवालाई फिक्रीमा पारेका थिएनन्। अहिले थेयोले यसो भन्दै प्रार्थना गर्न लागेः "प्रभु, हाम्रा केटाहरू मार्ने ती मानिसहरूको मुक्ति भएको देख्न पाउन्जेल मलाई बाँच्न दिनुहोस्, र म तिनीहरूलाई मेरो अङ्गालोमा लिन सकूँ र 'म तिमीहरूलाई प्रेम गर्छु' भन्न सकूँ; किनभने तब तिनीहरूले मेरा ख्रीष्टलाई प्रेम गरेका हुनेछन्।"

जब हामी प्रार्थनाबाट उठ्यौं, तब उनका गालाबाट भएर आँसु बहिरहेथ्यो। यो एक पवित्र क्षण थियो; यस्तो क्षण फेरि अनुभव गर्न सकिँदैन। यहाँ थिए एक यस्ता मानिस, जसले आफ्नो प्यारो छोराको दोषी हत्याराहरूलाई साँच्चै प्रेम गर्छन्। उनका छोराले आफ्नो कानुनिक पेसा छोडेर आउका जातिका आदिवासीहरूलाई सुसमाचार सुनाउन गएका थिए। (आउका जातिलाई नै पछि गएर वाओरानी भनियो।)

निःसन्देह त्यो प्रार्थना परमेश्वरको सिंहासनमा पुग्यो। आखिरमा प्रचारकहरूले वाओरानीहरूसित सम्पर्क राख्न सफल भइछाडे र चाँडै हत्याराहरूमध्ये कतिजनालाई ख्रीष्टकहाँ ल्याईछोडे। थेयोको प्रार्थनाको उत्तर आयो। उनी एक्वाडोर गए, प्रेमसहित नयाँ विश्वासीहरूलाई अङ्गालोमा लिएर उनले तिनीहरूलाई भनेः "म तपाईंहरूलाई प्रेम गर्छु; किनभने मेरा मुक्तिदाता अब तपाईंहरूका पनि मुक्तिदाता हुनुभएको छ।"

हो, प्रभु यीशुले जे भन्नुभएको छ, सो साँच्चै भन्नुभएको हो। हामीले आफ्ना शत्रुहरूलाई प्रेम गर्नैपर्छ। जब हामी त्यसो गर्छौं, तब हामी संसारमा प्रभाव पार्छौं; हामी अन्य विश्वासीहरूलाई यो आज्ञा व्यवहारिक रूपमा पालन गर्ने तरिकाहरू यसरी सिकाउँछौं। यसरी हामी प्रभु यीशुका कति अप्ठ्यारा वचन जीवनमा उतार्छौं। र, हामी प्रभु यीशुको साँचो रूप पेस गर्छौं। उहाँले हामीलाई अर्थात् उहाँका शत्रुहरूलाई यति बिघ्न प्रेम गर्नुभयो कि उहाँ हाम्रो लागि मर्नुभयो।

१७

# क्षमा गर्नु ईश्वरीय गुण हो[१६]

होल्याण्डमा *टेन बुमहरू* भनिने एक भक्तिले भरिएको ख्रीष्टियान परिवार थियो। दोस्रो विश्व युद्धमा उनीहरुको घर जर्मन-नाजीहरूबाट लुक्न खोज्ने यहूदीहरुका निम्ति एक शरणस्थान भएको थियो। पक्रा परेका यहूदीहरूलाई कन्सन्ट्रेसन क्याम्प अर्थात् नजरबन्दी शिविरमा लगिन्थ्यो, अवर्णनीय दुःख दिइन्थ्यो, जसले गर्दा धेरैजसो यहूदीहरू मर्थे। त्यस बेला यहूदीहरूलाई आश्रय दिनेहरूलाई पनि कन्सन्ट्रेसन क्याम्पमा नै हुलिन्थ्यो।

यहूदीहरूलाई धेरै समयसम्म सफलतापूर्वक लुकाएपछि टेन बुमहरू एकदिन पक्रा परे। बुवा, कोरी र बेट्सी नामक दुई छोरीहरूलाई गाड़ीद्वारा राभेन्सब्रुक-शिविरमा लगियो, जो अवर्णनीय क्रूरता र अमानवीय सतावटको स्थान थियो। आखिरमा श्री टेन बुम मरे, त्यसपछि बेट्सी पनि मरिन्। कोरीचाहिँ बाँचिन्, अनि युद्ध सकेपछि उनको रिहाइ भयो।

शान्तिको घोषणा भएपछि कोरी जर्मनी गइन्। एकदिन उनी एक मण्डलीमा बोलिरहेकी थिइन्। उनले केही कुराहरूमध्ये एउटा आश्चर्यलाग्दो कुरा पनि बताइन् जब हामीले आफ्ना पापहरू स्वीकार गर्छौं, तब प्रभुले तिनलाई सबैभन्दा गहिरो समुद्रमा फालिदिनुहुन्छ, र "यहाँ माछा पक्रन मनाही छ" भन्ने सूचनापट लगाइदिनुहुन्छ।

सभा सकिएपछि मानिसहरू चुपचाप निस्कँदै गए, तर एकजना मानिसचाहिँ बिस्तारै भीड़को बीचबाट आएर कोरीको सामु उभिए। तिनले निलो रङ्गको उर्दी-पोशाक लगाएका थिए अनि खोपड़ी र हड्डीको क्रूस जड़िएको टोपी हातमा बोकेका थिए। कोरीले तिनलाई चिनिन्। तिनी राभेन्सब्रुक-शिविरमा एक पाले थिए।

तिनी कोरीको सामु पुगेर आफ्नो हात बढ़ाउँदै भनेः "राम्रो सन्देश, फ्रवलाइन (फ्रवलाईन = यो जर्मनी अविवाहित स्त्रीलाई सम्बोधन गरिने शब्द हो जसको अर्थ हुन्छ सुश्री)। तपाईंले भन्नुभएझैं हाम्रा पापहरू समुद्रको फेदमा फ्याँकिएका छन् भन्ने कुरा जान्नु कति असल कुरा!"

तिनको क्रूरताको बारेमा कोरीको स्मृतिपटमा विगत झलझल आउन लाग्यो अनि उनको खून उम्लिएर आयो।

"तपाईंले राभेन्सब्रुकको कुरा गर्नुहुन्थ्यो," तिनले अझ भने, "म त्यहाँ पाले थिएँ। तर त्यस समयपछि म ख्रीष्टियान भएको छु। मलाई थाहा छ, त्यहाँ मैले गरेका सबै क्रूर कुराहरू परमेश्वरले मलाई क्षमा गर्नुभएको छ; तर म तपाईंको मुखबाट पनि सुन्न चाहन्छु, फ्रवलाइन। के तपाईं मलाई क्षमा गर्नुहुन्छ?"

उनीभित्र तीतोपना र क्षमा नदिने भाव उठेको भए त्यो बुझिन्थ्यो। उनले यहूदीहरूको विरुद्ध गरिएको असभ्य दुर्व्यवहार र उनको आफ्नै परिवारप्रति गरिएको अमानवीय व्यवहार सम्झँदा उनीभित्रको पाचन राल पनि विषालु अम्लमा परिणत हुन सक्नेथियो।

कोरी त्यहाँ ठप्प अड़िएर उभिएकी थिइन्। एक पल पनि उनलाई घण्टौंझैं लाग्यो। त्यसपछि उनले जवाफ दिइन्। आखिरमा उनले आफ्नो हात कोटको खल्तीबाट निकालिन् र त्यस भूतपूर्व-पालेको हातसित मिलाइन्। "परमेश्वरले नै तपाईंलाई क्षमा गरिसक्नुभएपछि मैले पनि तपाईंलाई क्षमा नदिई सक्दिनँ, म तपाईंलाई क्षमा गर्छु, दाइ, मेरो पूरा हृदयले।"

उनीहरूले निक्कै बेर एक-अर्काको हात पक्रिराखे; भूतपूर्व पाले र भूतपूर्व कैदी अब भने ख्रीष्टमा एक भएका थिए।

जब म ख्रीष्टको जस्तो व्यवहारको विषयमा विचार गर्छु, तब मेरो मन अन्यासै टेन बुम परिवारप्रति गइहाल्छ। कस्तो दुःख! कस्तो सास्ती! कस्तो अपमान! तर यी सबैमा पनि उनीहरूमा ख्रीष्टको मन थियो। उनीहरूले आफ्नो विषयमा होइन, तर अरू मानिसहरूको विषयमा सोच्न सके। उनीहरू विषाक्त वा कुटिल भएनन्, न ता उनीहरूले परमेश्वरको विरोधमा गनगन नै गरे। यी सबैबाट गुज्रेर जाँदाहुँदि उनीहरूले प्रभु यीशुको प्रेम र अनुग्रहको गवाही दिए र ती मानिसहरूलाई क्षमा दिए, जसले उनीहरूलाई नाजी क्रूरताको अग्नि ज्वालाभित्र होमेका थिए।

# १८

# जहाँ इच्छा-पत्र हुन्छ, त्यहाँ.....

हजुरमुमा फिलिप्स आफू उनका दुई छोराहरू र तिनीहरूका पत्नीहरूसित आनन्दमय सङ्गतिमा रहन पाएकोले सधैं रमाउने गर्थिन्। तिनीहरू आफ्ना नानीहरूसमेत सबै विश्वासीहरू थिए। ठूलो छोरा स्कट र उनकी पत्नी सारा त्यसै शहरमा बस्थे, अनि वृद्धा आमाले राम्ररी खाना खान र घर-धन्दा ठीकसँग सम्हाल्न सक्नुभएको छ कि छैन भनी नियमित रूपमा भेट्न आइरहन्थे। अर्को छोरा रोन र तिनकी पत्नी रोज बीस माइल टाढ़ामा रहेता तापनि नियमित रूपमा भेट्न आउँथे। दुवै छोराहरूको स्तर राम्रो थियो, अनि आर्थिक रूपमा तिनीहरू सुरक्षित थिए। सम्पूर्ण परिवार मिलेर थ्याङ्क्स गिभिङ र क्रिसमसको दिन सँगै बिताउँथे, अनि कहिलेकहीं बन-भोज पनि खाने गर्थे।

एकदिन हजुरमुमा अचानक हृदय-गति बन्द भएर मरिन्। तिनीहरूले उनलाई झोलुङ्गे कुर्सीमा बसिरहेकी भेटाए। खुला बाइबल उनको काखमा थियो। उनीसित त्यति धनसम्पत्ति बाँचेको थिएन। एउटा साधरण घर थियो, जहाँ उनले आफ्नो पतिसित ती केटाहरूलाई हुर्काएकी थिइन्। उनले कति कम्पनीहरू सेयर पाउन बाँकी थियो, जस्तै ए० टी० एण्ड टी०, जेनरल इलेक्ट्रिक र जेनरल मोटर्सका। ब्याङ्कमा करिब १०,००० अमेरिकी डलर (प्रायः चार लाख पचास हजार भा० रु०) जति पैसा बचत गरिएको रहेछ, साथै धेरै चाइना कपहरू संग्रह गरिएका रहेछन्। उनले इच्छा-पत्र केही पनि लेखिनन्, यो सोचेर कि छोराहरूले ती सर-समानहरू मिलेर अंश बाँड़चुड़ गर्नेछन्।

तर त्यस्तो भएन। रोजले ती समानहरूमाथि गिद्धको जस्तो नजर लगाउन थालिन्। रोनले पनि केही उपाय सोच्न सकेनन्, अनि आफ्नी पत्नीकै होहोरेमा लागे। उनलाई जसरी भए पनि शान्ति चाहिएको थियो। यतिका सालसम्म नङ्ग र मासुझैं मिलेर

आनन्दसाथ रहिआएको परिवारलाई अहिले लोभले ग्रस्त पारेको थियो। चाइना कपहरूजस्ता साना-तिना कुराहरूले परिवारमा कचिङ्गल उप्जाउन लागे। स्कट र साराले जति सक्दो मिल्ने कोशिश गरे, तर केही सीप चलेन, बरु वैरभाव बढ्दै गयो।

स्कट र साराले एक शान्तिपूर्ण निधनको लागि यत्नपूर्वक प्रार्थना गर्दाहुँदि स्कटले अब्राहाम र लूतको बाइबल-कथा सम्झे। ती दुईले मिस्र-देश छोड़ेर कनानमा आउँदा त्यहाँ तिनीहरूका गाई-वस्तुको लागि प्रशस्त चरन थिएन। तिनीहरूका गोठालाहरूको बीचमा झगड़ा शुरु भएको थियो। स्थिति गम्भीर भयो। तब अब्रामले लूतलाई भनेः "तिम्रो र मेरो बीचमा अनि तिम्रा र मेरा गोठालाहरूको बीचमा झगड़ा नहोस्; किनकि हामी ता नातेदार हौं। सारा देश तिम्रै अघि छ। यसैले म तिमीलाई भन्दछु, मबाट अलग होऊ! तिमी देब्रेतिर गयौ भने म दाहिनेतिर जानेछु, अथवा तिमी दाहिनेतिर गयौ भने म देब्रेतिर जानेछु।"(उत्पत्ति १३:८-९)।

लूतले पानी प्रशस्त भएको यर्दनको बेंसी रोजे, जहाँ प्रचुर चरन थियो; अनि उनीचाहिँ सदोम शहरमा बसोबासो गर्न लागे। अब्रामले कनान-देश रोजे ।

स्कटले सारालाई यो कुरा सुनाए; उनीहरूले तुरुन्तै फैसला गरे। उनीहरुले रोन र रोजलाई तिनीहरूले चाहे सम्पूर्ण सर-सम्पति नै लैजान दिने मत्तो गरे। भौतिक थोकहरूको विषयमा झगड़ा गर्नुभन्दा परिवारिक एकता जोगाउनु नै अधिक महत्त्वपूर्ण कुरा थियो।

रोन र रोज अक्क न बक्क भए। तिनीहरुले यस्तो आशा नगरेका हुनाले तिनीहरू सबै सरसम्पत्ति लैजान लजाए। रोजले केही लुगा-फाटा, गहना, चाइना कपहरू र अन्य साना-तिना सर-समानहरू लिएर आफैलाई सन्तोष दिलाए। तब उनीहरू रहल सर-सम्पति बराबर बाँड्ने सल्लाह गरे। यसरी झगड़ा उठ्न सक्ने स्थिति शान्तिपूर्ण ढङ्गमा सुल्झाइयो।

सधैं यस्तै हुन्छ भन्ने तात्पर्य होइन। एउटा भनाइ छ, जो प्रायः सत्य ठहरिन्छः "जहाँ इच्छा-पत्र हुन्छ, त्यहाँ कैयौं आफन्तहरू हुनेछन्।" साधारणतः उदारचित्त र शान्त स्वभाव भएका मानिसहरूले व्यर्थका कुराहरूमा तर्क गरेर सङ्गति तोड्छन्। परमेश्वरको तरिका सर्वश्रेष्ठ तरिका हुन्छ। अब्रामले आफ्नो धन-सम्पत्तिको अधिकार लूतलाई दिएर आफैलाई धनी तुल्याए। लूतले  चाहिँ सदोम नजिकैको चरनलाई रोजेर आफैलाई गरिब तुल्याए।

## १६

# सरम र थुकाइको सामना

नयाँ नियममा उल्लेखित स्थलहरूको भ्रमणमा निस्केको एक ख्रीष्टियान दलको गीतहरूमा अगुवाइ गर्ने व्यक्ति थिए, डिक फल्वनर। तिनीहरू एजियन समुद्रको पटमोसको टापुमा आइपुगेका थिए। तिनीहरूका पथ-प्रदर्शक (guide) ले तिनीहरूलाई एउटा ओड़ारमा लगे, जहाँ प्रेरित यूहन्नाले प्रकाशको किताब लेखेका थिए भन्ने मानिएको छ। तिनीहरू त्यहाँबाट निस्केपछि तिनीहरू नजिकैको डाँड़ामाथि उक्ले, जहाँ सञ्चालकले यूहन्नालाई सम्राट डोमिटियनले झ्यालखानामा थुनेको विषयमा एक सन्देश दिए। सन्देश सिध्याएपछि तिनले डिकलाई गाउन लगाए।

डिकले ठूला स्पिकरहरू भएको एउटा टेप रिकर्डर उठाइरहेका थिए, जुन स्पिकरमार्फत उनको स्वर अझ तीखो भएर घन्किरहेको थियो। उनले डोन बिर्जेनले प्रकाश ५:१२ को वचनमा धुन हालेर बनाएको गीत गाउन थालेः

*मारिनुभएको पाठो योग्य हुनुहुन्छ,*
*मारिनुभएको पाठो योग्य हुनुहुन्छ,*
*मारिनुभएको पाठो- सामर्थ्य, धन, बुद्धि, बल*
*आदर, महिमा र धन्यवाद पाउन योग्यको हुनुहुन्छ।*
*पाठो योग्यको हुनुहुन्छ;*
*मारिनुभएको पाठो योग्यको हुनुहुन्छ।*

पटमोसले चटानै-चटानले भरिएको पाखाहुँदो सन्देश गुञ्जायमान हुन लाग्यो।

डिकले गीत गाइरहेकै बेलामा अर्को पर्यटन-वाहन पनि आइपुग्यो। सबै

मानिसहरू अघि बढ्दै गए, तर एकजना सानो जीउ गरेकी, कालो वर्णकी स्त्रीचाहिँ डिकको नजिक आएर उनलाई थुकी। उसले ताकेकै ठाउँमा थुकी, तर त्यसले पनि उनलाई गीत गाउनदेखि रोकेन। डिकले आखिरी शब्दसम्म गाइरहे। त्यस ख्रीष्टियान भ्रमण दलका कोही मानिसहरूले ठूलो अपमानको विषयमा त्यस स्त्रीलाई केही ता भन्नैपर्छ भन्ने सोचे, तर डिक तिनीहरुसित सहमत भएनन्। आखिरमा मानिसहरूले पनि ता हाम्रा प्रभुको अनुहार अपनाम र थुकाइहरूले पुरिदिए, तर उहाँले त्यसको विरोध गर्नुभएन। उहाँको खिल्ली र अपमान गरियो, र उहाँलाई थुकियो; तर उहाँले जस्तोलाई त्यस्तै गर्नुभएन। जब मानिसहरूले प्रभु यीशुलाई थुके, तब सृष्टि गरिएका मानिसहरूले आफ्ना सृष्टिकर्तालाई यसो भनिरहेका थिएः "तपाईंको विषयमा हामी यही सोच्छौं।" जब सृष्टिकर्ता क्रूसमा मर्नुभयो, तब उहाँले आफ्ना सृष्टि गरिएका मानिसहरूलाई यसै भन्नुहुन्थ्योः "म तिमीहरूलाई यति प्रेम गर्छु।"

हामीले उहाँको मनसाय लिने बोलावट पाएका छौं। "हे प्रियहरूहो, तिमीहरू आफैले बदला नलेओ! तर बरु क्रोधलाई ठाउँ देओ! किनकि लेखिएको छ, 'बदला लिने काम मेरो हो; म नै बदला लिनेछु, प्रभु भन्नुहुन्छ'" (रोमी१२:१९)। हामी प्रभुको ग्रहणयोग्य वर्षभित्र बाँचिरहेका छौं, हाम्रा परमेश्वरको बदला लिने दिनमा होइन।

## २०

# थोत्रा-मोत्रा समानहरूको व्यापार गर्ने एक यहूदी

उहिलेको जमानामा, जति बेला मानिसहरूले खबर-कागज, पुरानो कपड़ा, फलाम इत्यादि जोगाएर राख्थे, त्यस बेला तिनीहरूले यस्ता समानहरू किन्ने मानिस आएको छर्लङ्ग थाह पाइने गरी सड़कमा कराउँदै हिँड़ेको कहिलेकाहीं मात्र सुन्न पाउँथे।

एकदिन एच० ए० आयर्नसाइडले यस्तै चिनेको स्वर सुनेर हतारसाथ बाहिर आँगनमा निस्के र त्यस मानिसलाई तहखाना (गोदाम) मा आउन भनी बोलाए। ती व्यक्ति यहूदी रहेछन्, आयर्नसाइडको मुक्तिदाता पनि एक यहूदी नै हुनुभएकोले उनले यहूदी जातिलाई खूबै मन पराउँथे।

तहखानामा खबर-कागजको निक्कै ठूलो रास थुप्रिएको थियो अनि पाइप र अन्य फलाम इत्यादिको पनि निक्कै थुप्रो लागेको थियो।

आयर्नसाइडले जति सक्दो दाम पाउने कोशिश गर्दै सहृदयले मोल गर्ने विचार गरे। उनलाई दामसित ता त्यति केही सरोकार थिएन, ती थोत्रा समानहरू तहखानाबाट हटाउनु नै मुख्य कुरा थियो।

यसकारण उनले आफ्ना थोत्रा समानहरूको भाउ कस्न थाले। तर त्यस व्यापारी भने निक्कै चतुर रहेछन्, अनि बड़ो होशियारी देखाएर त्यस क्रय-विक्रयमा तिनैले जितिछाड़े। तिनले आयर्नसाइडको हातमा थोरै पैसा थमाएर सामानहरू आफ्नो गाड़ीमा हाले।

अन्तिम सामानहरू लिएर तिनी त्यहाँबाट निस्किँदै गर्दा डा० आयर्नसाइडले तिनलाई वापस बोलाए र तिनको हातमा केही पैसा थमाउँदै भनेः "लेऊ, म तिमीलाई प्रभु यीशुको नाममा यो रकम दिन चाहन्छु।"

ती व्यापारी आश्चर्य-चकित भए अनि यसो भन्दै गएः "यसअघि ता मलाई कसैले यीशुको नाममा केही दिएको थिएन।"

डा० आयर्नसाइडले गरेको यो कृपा-दान के प्रभु यीशुले पनि गर्नुहुनेथिएन र?

# २१

# सम्राटका खेलाड़ीहरू

यो ख्रीष्टको पुनरुत्थान भएको केही समयपछिको कुरा हो, जति बेला कुख्यात नेरोको राज-शासन थियो। तिनको एक सर्वश्रेष्ठ सिपाही-दल थियो, जुन सिपाहीहरू खेलकुदमा देखाइएको तिनीहरूको पराक्रमअनुसार छानिएका हुन्थे। तिनीहरूलाई सम्राटका खेलाड़ीहरू (Gladiators) भनिन्थ्यो। ती मानिसहरू शारीरिक तवरले मानव जातिको सर्वाग्र नमुनाहरू थिए। तिनीहरू सुन्दर, हृष्ट-पुष्ट र बान्की परेका पुरुषहरू थिए - अँ, रोमी पौरुषको सर्वोत्तम अंश तिनीहरू नै थिए।

तिनीहरू रङ्गशाला जाँदा यस्तो गीत गाउँथेः "हामी सम्राटका योद्धा हौं। हामी तपाईंका निम्ति कुस्ती खेल्छौं, हे महाराज! मरे पनि, बाँचे पनि हामी हजुरकै महिमाको निम्ति हुनेछौं।" त्यसपछि तिनीहरूले नेरोको निम्ति कुस्ती खेल प्रदर्शन गर्थे।

तब एक यस्तो समय आयो, जब तिनीहरूलाई जर्मनका जनजातिहरूको विरोधमा युद्ध गर्न पठाइयो। त्यसै समय ख्रीष्टिय विश्वासलाई दमन गर्नुपर्ने उर्दी पनि जारी गरिएको थियो। फौजमा भएको कुनै पनि ख्रीष्टियानलाई जरैसँगै उखेलेर फ्याँक्नुपर्ने विशेष आदेश नेरोद्वारा जारी गरियो। 'उखेलेर फ्याँक्नू' भनेर वास्तवमा सत्यानाश गर्नू भन्न खोजिएको थियो।

कठ्याङ्ग्रिने जाड़ोमा जर्नेल भेस्पासियनले खेलाड़ीहरूसमेत आफ्नो दललाई लाइन लगाए। उनी ठूलो सोरले कराउन लागेः "तिमीहरूमध्ये कतिजनाले इसाई-मत भनिने अन्धाविश्वासलाई अङ्गालेका छौ अरे भन्ने कुरा मेरो कानमा आएको छ। यो सत्य हो भन्ने कुरा मैले ता पत्याएको छैनँ। तिमीहरू त्यति लाटा छैनौ। तर यदि तिमीहरूमध्ये कोही ख्रीष्टियान भएका छौ भने एक कदम अगाड़ि निस्क!" उनलाई

आश्चर्य-चकित पार्दै चालीसजना खेलाड़ीहरू अगाड़ि निस्के। यसरी साहसी भई आफ्नो ख्रीष्टिय विस्वासको साक्षी दिनाले मृत्युको सजाय भोग्न पनि पर्थ्यो।

जर्नेलले अन्य सेनालाई बिदा गरेर ती चालीसजनालाई तिनीहरूको विश्वास इन्कार गराउने कशिशमा दिनभरि यसो भन्दै सम्झाए: "तिमीहरूका आ-आफ्ना परिवारहरूको बारेमा सोच! आफ्ना सिपाही साथीहरूको बारेमा सोच! तिमीहरू आफैले के गुमाइरहेका छौ, सो सोच! तिमीहरूले इसाई-मत नत्यागे वापत के परिणाम भोग्नुपर्नेछ, त्यसको बारेमा सोच!" ती चालीस विश्वासीहरूलाई उनको ती अह्वान र धम्कीको केही असर परेन।

जब जर्नेलले थप प्रयास व्यर्थ हुने कुरा थाह पाए, तब उनले आफ्नो फौजलाई लाइन लगाएर तिनीहरूलाई आफ्नो विश्वास त्याग्ने एक आखिरी मौका दिए। "यस फौजमा कुनै पनि ख्रीष्टियान छ भने एक कदम बढ़ाएर निस्क!" ती चालीसजना खेलाड़ीहरू बिनाहिचकिचाहट अगाड़ि निस्के। उनले जल्लादहरूलाई आदेश दिएर उनीहरूलाई त्यहाँ नै मार्न सक्थे, तर उनीसित अर्कै योजना थियो।

साँझ परेपछि उनको सैन्य दलले उनीहरूलाई चिसोले गर्दा पानी जामिएको एक तालमा लगे, कपड़ा खोलिदिए र उनीहरू अतिशय जाड़ोले कक्रिएर मरून् भनी त्यहाँ नै छोड़िदिए। भेस्पासियनले ती नग्न मानिसहरूलाई यसो भने: "यदि तिमीहरूको होस खोल्यो भने र तिमीहरूले आफ्नो विश्वास त्याग्यौ भने यहाँ किनारमा आओ! तालको चारैतिर आगाहरू बालिनेछन्, र तातो कपड़ा र भोजन पनि मिल्नेछ।"

तालको वरिपरि खटाइएका सिपाहीहरूले रातभरि के भइरहेथ्यो, सो हेर्न भनी कोशिश गर्दै अन्धकारमा चियाउँदै बसे। तिनीहरूले केही देख्न पाएनन्, बरु ती मानिसहरूले घरिघरि यस्तो गीत गाउँदै गरेका पो सुने: "हामी ख्रीष्टका चालीस योद्धाहरू हौं; हामी तपाईंको निम्ति कुस्ती लड़्छौं। हे महाराजा! हामी मरे, बाँचे पनि तपाईंकै महिमाको लागि हौं।"

बिहान झिसमिसे उज्यालो हुँदा तिनीहरूले एक दयनीय दृश्य देखे। एकजना व्यक्ति बड़ो कष्टसँग बरफमाथि घस्रँदै जलिरहेका आगाहरूमध्ये एउटा आगोतर्फ आइरहेका थिए। ती सिपाहीहरू दौड़ेर तिनलाई भेट्न गए; तिनलाई कम्बलले लपेटे र

तुरुन्तै आगोको तापमा राख्न भनी लगे। ती व्यक्तिले आफ्नो विश्वास त्यागेका थिए। तिनीहरूले बरफले भरिएको तालपारिपट्टि यस्तो गीत गाइरहेका सुनेः "हामी ख्रीष्टका उनचालीस योद्धाहरू हौं। हामी तपाईंको निम्ति कुस्ती लड्छौं, हे महाराजा! हामी मरे, बाँचे पनि तपाईंकै महिमाको लागि हौं।"

भेस्पासियन ती एकजना विश्वास त्याग्ने मानिसलाई हेर्न र उनचालीसजना विजेताहरूको गीत सुन्न ठीक समयमा त्यहाँ आइपुगे। उनको निर्णय पक्का थियो। उनले आफ्नो हात-हतियार फुकालेर ती उनचालीसजना मानिसहरूसित मर्न भनी गए, जो आफ्ना प्रभुलाई इन्कार गर्नुभन्दा बरु मर्न तयार थिए।

# २२

# प्रतिज्ञासहितको पहिलो आज्ञा

रूबेन टोरे नामक एकजना अमेरिकी प्रचारक तथा बाइबलका विद्वानले जर्जियामा भएकी एकजना विधवा आमाको कथा सुनाउने गर्थे, जसको एक मात्र छोरा थिए। तिनीहरू गरिबीमा जिउँथे; तिनले अर्काको कपड़ा धोएर गुजारा चलाउँथिन्;तर तिनले गनगन गर्दिनथिइन्। तिनले यो प्रभुबाटको भनी स्वीकार गरेकी थिइन्।

तिनको छोरा औधी ज्ञानी थिए। त्यहाँको हाइ स्कूलको दसौं कक्षाको पढ़ाइमा सबैभन्दा उच्च दर्जामा उनी नै थिए। प्रभुबाहेक उनकी आमाको लागि उनी नै एक मात्र उज्जवल आशाको त्यान्द्रो थिए। आखिरमा पढ़ाइमा पारखी हासिल गर्ने विद्यार्थीहरूलाई बधाई दिन अभिनन्दन समारोहको आयोजना गरियो। उनको पढ़ाइको उत्तम रेकार्डको कारणले उक्त समारोहमा बिदाइ-सन्देश उनले नै दिनुपर्ने भयो। उनको एक विषयमा उनले श्रेष्ठता हासिल गरेकोमा उनलाई स्वर्ण पदक पनि दिइँदैथ्यो।

जब त्यो दिन आयो, तब उनले आफ्नी आमालाई त्यस समारोहमा जान तयार नभएकी देखे। उनले आमालाई भनेः "आमा, आज अभिनन्दन समारोह हो। आजको दिनमा म स्तानक हुँदैछु। तपाईं किन तयार  हुनुहुन्न?"

"अहँ," तिनले उदासीन मुद्रामा भनिन्, "म नजानुपर्‍यो। मसित लगाउनलाई असल वस्त्र छैन। शहरका सबै मुख्य मानिसहरू सुन्दर वस्त्रमा सजिएर आउँछन्। मचाहिँ रङ्ग उड़िसकेको सुतीको लुगा लगाएर जाँदा तँलाई तेरी बुड़ी आमासित सरम लाग्ला।"

उनको आँखामा आफ्नी आमाप्रतिको श्रद्धा विकीर्ण भाएर आयो। "आमा," उनले भने, "त्यसो नभन्नुहोस्! म कदापि तपाईंको विषयमा लजाउनेछैनँ। पटक्क

लजाउनेछैनँ। संसारमा मसित जे छन्, त्यसको निम्ति म तपाईंप्रति ऋणी छु, अनि तपाईं जानुभएन भने म पनि जान्नँ।" उनले आमालाई मनाइछाड़े अनि तिनलाई जतिसक्दो चिटिक्क पार्न मद्दत गरे।

तिनीहरू अङ्गालो हालेर स्कूलतर्फ लागे। स्कूलको समारोह-भवनमा पुगेपछि उनले आमालाई अगाड़िको एक असल आसनमा पुर्‍याएर बस्न लगाए। अनि त्यहाँ भर्खरै इस्तरी लगाएको सुतीको लुगा लगाएर तिनी सुन्दर वस्त्रले सजिएका त्यस शहरका मुख्य मानिसहरूसित बसिन्।

जब उनको पालो आयो, तब उनले एउटै पनि गल्ती नगरी बिदाइ भाषन पेस गरे। उपस्थित मानिसहरूले निकै ताली बजाए। त्यसपछि प्रधान-अध्यापकले उनलाई स्वर्ण पदकद्वारा सम्मानित गरे। उनले त्यो पदक थाप्नेबित्तिकै उनी मञ्चबाट ओर्लिएर उनकी आमा भएको ठाउँमा गए, र तिनको कपड़ामा त्यो स्वर्ण पदक उनिर्दिंदै भनेः "लिनुहोस्, आमा, यो तपाईंको हो। यसलाई तपाईंले नै कमाउनुभएको हो।" यसपटक भने तालीको गड़गड़ाहट मेघ-गर्जनसमान भयो। उपस्थित मानिसहरू उठे र कैयौंका गालाभरि आँसु बहिरहेका थिए।

ती छोराले एफिसी ६ः२ मा दिएको आज्ञाको पालनको एक जिउँदो उदाहरण पेस गरे। "आफ्ना बाबु र आमालाई आदर गर!" डा० तोरेले यो कथा सुनाइसकेपछि जहिले पनि एक थप कुरा बताउँथे। उनले भन्थेः "प्रभु यीशुसँग कहिले पनि नलजाउनुहोस्! तपाईं आफूसित भएको हरेक थोकको निम्ति उहाँप्रति ऋणी हुनुहुन्छ। खड़ा हुनुहोस् र उहाँलाई स्वीकार गर्नुहोस्! शहीदहरू प्रभुसित लजाएनन्। ओनेसिफोरस पावलसँग लजाएनन् (२ तिमोथी १ः१६)। पावल सुसमाचारसँग लजाएनन् (रोमी १ः१६), न ता उहाँसँग लजाए, जसमाथि उनले विश्वास गरेका थिए (२ तिमोथी १ः१२)। हामी कहिले पनि ख्रीष्टसँग लजाउनुहुँदैन।"

२३

# परमेश्वर, जसले प्रेम गर्नुहुन्छ[२१]

ख्रीष्टिय मिसन-कार्यको इतिहासमा ग्लेडिस एल्वर्डलाई सधैं 'सानी स्त्री'-को रूपमा जानिनेछ। तर उनले शारीरिक कदमा जति कमी भोग्नुपरेको थियो, त्योभन्दा बढ़ी उनले आत्मिक उपलब्धीद्वारा फाइदा कमाएकी थिइन्। यी साहसी प्रचारिकाले प्रभुमा सरल विश्वास राखेकी थिइन् अनि उहाँको सेवा गर्दाहुँदि एक दृढ़ निडरता, सहनशीलता र धैर्यताको प्रदर्शन गरिन्; जसको फलस्वरूप उनले आफ्ना प्रार्थनाहरूको उत्तर पाइन्, विभिन्न किसिमका परिस्थितिहरूमा अद्‌भुत आश्चर्य-कर्महरूको अनुभव गर्न पाइन् र चीनमा सुसमाचारको निम्ति आश्चर्यजनक संख्यामा ढोकाहरू खोलिएका देख्न पाइन्।

एकचोटि उनी जापानी आक्रमणकारीहरूबाट उम्केर आएका शरणार्थी विद्यार्थीहरूसित एउटा घरमा बसिरहेकी थिइन्। यी जवान मानिसहरूले उत्तर-पूर्वी भागको लागि प्रार्थना गरिरहेका थिए। कैयौं कारणहरूले गर्दा तिनीहरू त्यहाँ जान पाएका थिएनन्। त्यसकारण ग्लेडिस यही निष्कर्षमा पुगिन् - प्रभुले यो काम उनले गरेको चाहनुहुन्छ। आखिरमा, उनी निस्किन् अनि एक गाउँदेखि अर्को गाउँ जानुपर्दा मानिसहरूलाई साथ दिन लगाउँथिन्। जब उनी छीन-छुई भनिने ठाउँमा पुगिन्, तब गाउँलेहरूले उनलाई त्यहाँदेखि अघि नजाने सल्लाह दिए। तिनीहरूले भनेः "अन्तिम गाउँ यही हो। यहाँदेखि अगाड़ि केही पनि छैन।" तर ग्लेडिसले जवाफ दिइन्ः "संसारको यसरी अन्त हुँदैन; म अघि बढ्नैपर्छ। म त्यसैको लागि आएकी हुँ।

जब ह्वाङ्ग नामक एक चिनियाँ ख्रीष्टियान डाक्टरले उनको दृढ़ता देखे, तब तिनले उनलाई पाँच दिनसम्म साथ दिने निर्णय गरे। उनीहरूले भेटेको प्रत्येक मानिसलाई

यीशुको विषयमा सुनाउँदै जाँदा पाँच दिन बढ़ेर दस दिन भए - कसैले उहाँको विषयमा कहिल्यै सुनेको थिएन रहेछ। यात्रा गर्दै जाँदा, एघारौं दिनमा उनीहरू एक उजाड़ भूमिमा आइपुगे, जहाँ मानिसहरू बसोबासो गरेको केही गन्धसमेत थिएन। त्यहाँ न ता खाने ठाउँ थियो, न ता सुत्ने स्थान। प्रार्थना गर्ने समय आयो। ग्लेडिसले प्रार्थना गर्न थालिन्: "प्रिय परमेश्वर, हामीमाथि दया गर्नुहोस्! हामीलाई भोजन र आज रातको निम्ति बास दिनुहोस्!" उनले आफ्नो प्रार्थना आफू र डाक्टरको लागि मात्र गरेकोमा आफैलाई हप्की मिलेको भान भयो।

त्यसपछि डा० ह्वाङ्गले प्रार्थना गरे: "हे परमेश्वर, हामीकहाँ त्यही मानिसलाई पठाइदिनुहोस्, जसलाई हामीले यीशुको विषयमा सुनाएको तपाईं चाहनुहुन्छ। आज हामीले कसैलाई गवाही दिएका छैनौं, तर तपाईंले हामीलाई यहाँ कुनै विशेष उद्देश्यले पठाउनुभएको छ। तपाईंले आशिष दिन चाहनुभएको मानिस कहाँ छ, सो हामीलाई देखाइदिनुहोस्!" यी मानिस ता प्रभुको कामको बारेमा मात्र चिन्तित थिए।

उनीहरु दुवै मिलेर एउटा कोरस गाउनुपर्ने निर्णय ग्लेडिसले गरिन्। तब त्यस विशुद्ध कन्दराको हावामा वचन र धुन गुञ्जायमान भयो।

केही क्षणमा नै डा० ह्वाङ्गले टाढ़ोमा एक मानिसलाई देखेर बुरुक्क उफ्रिए अनि तिनलाई भेट्न भनी दौड़े। डाक्टरले ग्लेडिसलाई पनि 'आउनुहोस्' भनी चिच्च्याएर बोलाए, तर उनले त्यस भिरालो चिल्लो पहाड़मा उक्लने र उनीहरूको सामानहरूचाहिँ त्यहाँ त्यतिकै छोड्ने इच्छा गरिनन्। यसैले डाक्टर फर्किआए र ग्लेडिसलाई पनि आफूसित जानलाई मनाइछाड़े। उनले आफ्ना सामानको निम्ति चिन्ता लिनुपर्ने दरकार थिएन; किनभने त्यसलाई कसले पो चोरेर लैजान्थ्यो र?

जब उनीहरू त्यस मानिसकहाँ आइपुगे, तब तिनी ता एक तिब्बती लामा रहेछन् भन्ने थाह पाई ग्लेडिस आश्चर्यचकित भइन्। लामाहरूले स्त्रीहरूसित केही सरोकार राख्दैनन्। त्यसो भए तापनि ती लामाले भने ह्वाङ्ग र ग्लेडिसलाई गुम्बामा आएर रात गुजार्ने निम्तो दिए। ती लामाले ग्लेडिस केही हिचकिचाएकी देखेर भने: "हामीलाई प्रेम गर्नुहुने परमेश्वरको विषयमा सुन्नको लागि हामीले तपाईंलाई यति लामो समयसम्म पर्खेर बस्यौं।" यो कुरा सुनेर ती सानी स्त्री तर्सिन्। प्रेम गर्नुहुने

परमेश्वर हुनुहुन्छ भनेर यिनीहरूले कसरी थाहा पाए? यी त्यागी मानिसहरूले कसरी सुसमाचार प्रचारकहरू वा संसारको कुनै पनि मानिससित कसरी सम्पर्क राखेका होलान् र?

लामाहरूले उनीहरूलाई बस्नलाई डस्ना, हात-मुख धुनलाई पानी अनि स्वादिष्ठ भोजन दिइसकेपछि दुईजना लामाहरू ग्लेडिसको कोठामा उभिएर उनलाई तिनीहरूसित बाहिर आउन भनी बोलाए। अरू लामाहरूले डा० ह्वाङ्गलाई पनि ग्लेडिसलाई लगिएकै ठाउँमा ल्याएर आए। उनीहरू एउटा ठूलो कोठामा आएका थिए, जहाँ ५०० जना लामाहरू दरीमाथि पलेटी कसेर बसेका थिए। यो सब देखेर ग्लेडिस अलमल्ल परिन्, तर डाक्टर ह्वाङ्गले चाहिँ सायद त्यस जमघटको उद्देश्य थाह पाएका थिए; किनभने तिनले ग्लेडिसलाई एउटा कोरस गाएर सभा शुरु गर्ने आग्रह गरे। जब उनले गाइसकिन्, तब डाक्टरले मुक्तिदाता बेथलेहेममा जन्मिनुभएको कुरादेखि लिएर मुक्तिदाताको मृत्यु र पुनरुत्थानसम्मै सबै कुरा बताए।

सुश्री एल्वर्डले फेरि गीत गाइन्, त्यसपछि सुसमाचार सुनाइन्; फेरि एउटा गीतपछि डा० ह्वाङ्गले सुसमाचार सुनाए, अर्को गीत, त्यसपछि सुसमाचार। अन्तमा ग्लेडिसचाहिँ बिदा लिएर आफ्नो कोठामा गइन्। उनी थाकेर लखतराण भएकी थिइन्। तर उनको काम भने सिद्धिएको थिएन। दुईजना लामाहरू फेरि उनको कोठामा उभिएर उनलाई अझै बताउनुहोस् भनी आग्रह गरे। तिनीहरू गएपछि, अरु दुईजना आए; अनि रातभरि यस्तै भइरहेथ्यो। तिनीहरुले विशेष गरी प्रेम गर्नुहुने परमेश्वरको विषयमा चासो लिएका थिए।

पाँच दिनसम्म बिनारोकटोक सुसमाचार प्रचार भइसकेपछि सुश्री एल्वर्डलाई मुख्य लामासित भेट गर्ने निम्तो दिइयो। तिनले मन्दारीन भाषा बोल्न सक्दा रहेछन् भन्ने थाह पाएर ग्लेडिस ढुक्क भइन्; किनकि उनले पनि यो भाषा राम्ररी बुझ्न सक्थिन्। तिनले एक विदेशी स्त्रीलाई गुम्बामा आएर लामाहरूलाई सुसमाचार सुनाउन किन अनुमति दिए भनी ग्लेडिसले तिनलाई सोधिन्। तब तिनले जवाफमा एउटा कथा सुनाए।

हर साल लामाहरूले पहाडमा उम्रिने जेठी मधु बटुलेर बिक्री गर्छन्। यसरी जेठी मधु बिक्री गर्ने क्रममा एक साल तिनीहरू एउटा गाउँमा पुगे, जहाँ पर्ची हातमा

लिएका एकजना मानिसले यसो भन्दै कराइरहेका थिए: "कसले यो चाहनुहुन्छ? मुक्ति सित्तैंमा पाइन्छ; यसको लागि पैसा लाग्दैन। जसले मुक्ति पाउँछ, ऊ सदा-सर्वदा जिउँछ। यदि तपाईंहरूले यसबारे अझ जान्न चाहनुहुन्छ भने सुसमाचार-भवनमा आउनहोस्!"

तिनीहरूले त्यो पर्ची आफ्नो गुम्बामा लिएर आए र त्यसलाई भित्तामा टाले। यसमाथि यूहना ३:१६-को वचन लेखिएको थियो: "किनभने परमेश्वर संसारलाई यसरी प्रेम गर्नुभयो, कि उहाँले आफ्नो एक मात्र जन्माएको पुत्रलाई दिनुभयो - उहाँमाथि विश्वास गर्ने कोही पनि नष्ट नहोस्, तर उसले अनन्त जीवन पाओस्।" यसले तिनीहरूलाई प्रेम गर्नुहुने एक परमेश्वर हुनुहुन्छ भनी सधैं याद दिलाइरह्यो।

पाँच सालसम्म तिनीहरू जेठी मधु लिएर बजार गइबसे, अनि हरचोटि तिनीहरूले 'प्रेम गर्नुहुने परमेश्वर' कहाँ बस्नुहुन्छ भनी सोधिबसे। अन्तमा लेन-चाउमा एकजना मानिसले तिनीहरूलाई चाइना इन्ल्याण्ड मिसनको कार्यालयकहाँ जाने बाटो देखाइदिए, जहाँ एकजना प्रचारकले तिनीहरूलाई मुक्तिको मार्गको बारेमा बताए र तिनीहरूलाई सुसमाचारको एक पुस्तिका पनि दिए। तिनीहरूले त्यसलाई पढ्दै जाँदा मर्कूस १६:१५ मा आइपुगे: "सारा संसारमा जाओ, र हरेक प्राणीलाई सुसमाचार प्रचार गर!" यसबाट तिनीहरू यही निष्कर्षमा पुगे कि आखिरमा कोही न कोही सुसमाचार लिएर तिनीहरूकहाँ आउनेछ। जब परमेश्वरले एकजना सन्देश-वाहक पठाउनुहुन्छ, तब हामी उहाँलाई ग्रहण गर्नेछौं भन्ने निर्णय पनि तिनीहरूले गरेका थिए।

तिनीहरूले अझै तीन साल पर्खे। तब दुईजना लामाहरू पहाड़मा काम गर्दै गर्दा कसैले गीत गाउँदै गरेको सुने। तिनीहरूले भने: "परमेश्वरलाई चिन्ने मानिसले मात्र गाउनेछ।" ती दुई लामामध्ये एकजनाचाहिँ त्यस पहाड़बाट तल ग्लेडिस र डा० ह्वाङ्गलाई भेट्न आए र अर्कोचाहिँ फर्केर गुम्बामा आफ्ना साथीहरूलाई धेरै दिनदेखि आशा गरेका पाहुनाहरू आउँदैछन् भनी तयार गराउन गए।

त्यसैकारण ती दुई ख्रीष्टियानलाई हार्दिक रीतिले स्वागत गरिएको थियो।

कोही लामाहरूको मुक्ति भयो त? ग्लेडिस एल्वर्डलाई त्यो थाहै नपाई उनी फर्किहालिन्। उनलाई यति मात्र थाह थियो कि परमेश्वरले उनी र डा० ह्वाङ्गलाई ईश्वरीय नियोजनहरूको शृङ्खलाद्वारा त्यहाँसम्म अगुवाइ गरी ल्याउनुभएको थियो,

र त्यसको परिणाम परमेश्वरसित छोड्नमा नै उनी सन्तुष्ट थिइन्। उहाँले यस्ता जटिल परिस्थितिहरू मिलाउनुभयो; तब आखिर ती स्थितिहरूबाट उहाँले केही फल निस्कन दिनुभएन भन्ने कुरामा हामीलाई शङ्का लाग्दछ।

त्यस सानी स्त्रीले आफ्नो ताजा सम्पूर्ण विश्वासद्वारा उहाँका खटनहरूको आज्ञापालन गरी उहाँप्रतिको विश्वासयोग्य अङ्गीकारद्वारा प्रभु यीशुको अनुसरण गरिन्। उनले आफ्नो जीवनका सबै चक्रहरू सुचारु रूपले मिलेका देख्न पाइन्। उनको सेवा ईश्वरीय ढाँचाले चम्कियो। जब उनले अन्य मानिसहरूका जीवनहरूलाई छोइन्, तब परमेश्वरको महिमाको निम्ति केही न केही काम भएरै छाड्थ्यो।

## २४

# पत्याउ नसक्ने अनुग्रह[२२]

म यी दम्पतीलाई नकली नाम दिन चाहन्छु; किनभने मैले यो कथा भन्दै जाँदाहुँदि यसका कारणहरू प्रकट भइहाल्नेछन्। एर्नी यू०एस० आर्मीको एक अफिसर थिए, जो संयुक्त राज्यको एक ठूलो छाउनीमा बसेका थिए। एल्सी नोकरी नगर्नमा नै सन्तुष्ट थिइन्; घरमै बसेर तिनीहरूका दुईजना नानीहरूलाई हुर्काउनु उनको परमेश्वरबाटको जिम्मेवारी हो भनी उनले ठानेकी थिइन्। ससाना सामान्य ठाकठाक-ठुकठुकबाहेक उनीहरूको वैवाहिक जीवन सुखमय थियो।

तब एर्नीलाई जापानमा स्थानान्तरण गरियो। त्यस समयमा परिवार आफ्नो साथमा लैजान पाइँदैनथ्यो। तर यस परिवारले चाहिँ चिट्ठीद्वारा सम्पर्क जारी राख्यो। हप्ताको जुन दिनमा बुवाबाट चिट्ठी आउँथ्यो, त्यही दिन उत्सवको दिन हुन्थ्यो। नानीहरू आमाको छेउमा भुइँमा बसेका हुन्थे, अनि आमाले चाहिँ तिनीहरूलाई चिट्ठी पढ्नेर सुनाउँथिन्। त्यस दिनभरि नै चिट्ठीमा लेखिएका हालखबरहरू परिवारको बातचितको मुख्य विषय रहन्थे। बुवा त्यति टाढ़ामा छन् जस्तो लाग्दैनथ्यो।

यसैले कुनै एक हप्ता बितेर जाँदा पनि चिट्ठी नआएकोले त्रास पैदा गरियो। त्यस घड़ी एल्सीको मनमा किसिम-किसिमका भावनाहरू उठिबसे। उनले तिनलाई बिमार भएको वा दुर्घटनामा परेको वा कुनै खतरनाक गुप्त मिसनमा जानुपरेको कल्पना गरिन्। दुई हप्ता बितेर गयो, कुनै चिट्ठी आएन। यदि तिनी दुर्घटनामा परेको वा बिमारी भएका भए अहिलेसम्म त उनलाई सूचित गर्नुपर्नेथियो। तीन हप्ता बित्यो, र पनि कुनै चिट्ठी आएन। चार हप्ता बितेपछि एउटा चिट्ठी आयो, अनि बज्रपात पनि। एल्सीले

भर्खरै गर्न थालेको शङ्का साँचो ठहरियो। यो पत्याइ नसक्नु थियो। यस्तो फल पाउन लायकको उनले के काम गरेकी थिइन्? उनी विचलित भइन्, आफ्ना नानीहरूलाई कुरा बताउन सकिनन्।

अन्तमा एउटा नानीले सोधिछाड़े: "मुमा, के भयो? बुवालाई केही भएछ त? उहाँले चिट्ठीमा के लेख्नुभएको छ?"

तिनीहरूको बुवा अर्की स्त्रीसितको प्रेममा फसेको कुरा सुनाउनु दारुण यातना भोगेको बराबर थियो। उक्त खबरले आफ्ना नानीहरूलाई आघात भएको कुरा उनले तिनीहरूका तर्सिएका अनुहारहरूबाट थाह पाइन्। त्यतिखेर तिनीहरूले उक्त कुरा पचाउन नसकेका छर्लङ्ग देखिन्थ्यो। तर तिनीहरूले आफ्ना बुवा फेरि कहिल्यै घर फर्केर आउनेछैनन् भन्ने कुराचाहिँ बुझेका थिए। आखिरमा एउटा नानीले भने: "मुमा, म तपाईंलाई एउटा कुरा सोध्न सक्छु? बुवाले हामीलाई माया गर्नुहुन्न भन्दैमा के हामीले पनि उहाँलाई माया गर्न सक्दैनौं र?"

एल्सी यस प्रश्नले अक्क न बक्क भइन्। यसले उनलाई भजन ८:२ को याद दिलायो: "बालकहरू र दूध चुस्ने बालकहरूको मुखबाट तपाईंले आफ्नो सामर्थ्य स्थापित गर्नुभएको छ।" उनी उदासीपन र दुःखले ग्रस्त भएकी हुनाले यस्तो विचार उनको मनमा आएको थिएन। नानीको त्यस प्रश्नसित केही बेरसम्म कुस्ती लड़ेपछि उनले जवाफ दिइन्: "त्यस्तो ता होइन, हामीले उनलाई प्रेम गर्न सक्छौं।" तर उनले त्यसो भन्दाहुँदि उनको घाँटीमा मासुको चोक्टा अल्झिएको झैं भएको थियो। उनको सानो छोराले भने: "ठीक छ, त्यसो भए के तपाईंले उहाँलाई चिट्ठी लेखेर यति भन्न सक्नुहुन्छ - हामीले उहाँलाई प्रेम गर्न चाहेको हुनाले उहाँले हामीलाई चिट्ठी लेखिरहून्।" यसो गर्नाले तिनीबाट चिट्ठीहरू आइरहने सम्भावना थियो।

चिट्ठीको आउजाउ हुँदा उनको अविश्वासनीयताको बेलिबिस्तार खोलिँदै गयो। तिनी आफ्नी पन्ध्र वर्षे नोकर्नीसित प्रेममा फसेका रहेछन्। फलस्वरूप यस सम्बन्धबाट केही नानीहरू जन्मिएका थिए। एल्सीलाई ती घटनाहरू पत्याउन अझै धेरै गाह्रो परिरहेथ्यो। तर उनीसित आघात सहजैसित पचाउन सक्ने क्षमता भने थिएन। अर्को धक्का दिने घटना घट्नु बाँकी नै थियो।

त्यो धक्का थियो एर्नीबाट आएको चिट्ठी। तिनले चिट्ठीमा यस्तो लेखेः "प्रिय एल्सी, मैले यसरी चिट्ठी लेख्नुपर्दा मलाई दुःख लागिरहेछ, तर मलाई क्यान्सर लागेको कुरा पत्तो भएको छ, अनि अब मैले धेरै दिन बाँच्नु छैन। मैले मेरो निवत्तिवेतन (पेन्सन) गुमाएँ; यसैले हामीले बढ़ो दुःखले जीविका चलाइरहेका छौं। म मरेपछि के तिमीले मेरो परिवारलाई मद्दत गर्नको निम्ति केही पैसा पठाउन सक्छौ?"

यो पढ़िसकेपछि एल्सीले आफैलाई भनिन्ः "ठीक छ, अब मैले सुन्नुपर्ने कुरा सुनें।" उनले एर्नीको तीतोपना र अपश्चात्तापी अवस्था देखेर विश्वास गर्न सकिनन्। क्षमा याचनाको एक शब्दसमेत छैन। भूल स्वीकार गर्ने वा माफ माग्ने कुरै छैन। यो बुझ्नि नसक्ने कुरा थियो।

तर अधिक गम्भीर रीतिले सोच्दाहुँदि उनले आफ्नो छोराले यसो भन्दै सोधेको कुरा सम्झिन्ः "मुमा, बुवाले हामीलाई प्रेम गर्नुहुन्न भन्दैमा के हामीले पनि उहाँलाई माया गर्न पाउँदैनौं र?" यसैले उनले के भनेर जवाफ-चिट्ठी लेखिन भनेः उनी पैसा पठाउन असमर्थ भए तापनि उनले गर्न सक्ने अर्को उपाय थियो। उनले लेखिन्ः "म के गर्न सक्छु, सो म बताउँछु। तिमीले बरु तिनीहरूलाई तिमी मरेपछि किन अमेरिका आउने प्रबन्ध मिलाउँदैनौ? तिनीहरू यही हाम्रो घरमा बस्न सक्नेछन्, अनि म तिनीहरूलाई आत्मनिर्भर बन्न सिकाउनेछु।"

अनि त्यस्तै भयो। पछि एल्सीले बताइन्ः "मसित दुईटा विकल्पहरू थिए। मैले विगततिर फर्केर हेरी त्यस मानिसलाई उसले मेरो जीवनमा जे गरेको थियो, त्यसको निम्ति सराप्न सक्नेथिएँ; अथवा अत्यान्त अँध्यारो सुरुङ्ग-रुपि संसारमा परमेश्वरको ज्योति चम्काउने सौभाग्य दिनुभएकोमा मैले उहाँलाई धन्यवाद दिन सक्नेथिएँ।"

निःसन्देह अत्यन्त अँध्यारो सुरुङ्गमा उहाँको ज्योति चम्काउने काम गर्दा यस सौतेली परिवारलाई पनि सुसमाचार सुनाउनुपरेको थियो, जसको कारण तिनीहरू पनि प्रभुका ज्योतिहरू बन्न सके। आर्चबिशप टेम्पलले ठीकै भनेका थिएः "खराबीको सट्टामा खराबी फर्काउनु शैतानिक हो। भलाइको सट्टामा भलाइ फर्काउनु मानवीय हो। तर खराबीको सट्टामा असल फर्काउनु ईश्वरीय हो।"

२५

# उनले गरिबहरूलाई प्रेम गर्थे[२३]

जोन नेल्सन डार्बी चाप्लुसी वा खुसामद गर्ने किसिमको मानिस थिएनन्; उनी धनी र प्रसिद्ध मानिसहरूको लेप्सो लाग्दैनथे वा साठ-गाँठ खोज्दैनथे। उनको यस्तो व्यवहार केही अस्वभाविक लाग्दथ्यो; किनकि उनी एक धनाढ्य घर तथा दर्जाको निक्कै ख्याल राख्ने समाजमा हुर्केका थिए। उनले यताउता जाँदा माथिल्लो दर्जाका मानिसहरूको सङ्गति रुचाउनु र अधिकतम ऐस-आराम पाउनलाई सुविधाजनक बस्ने ठाउँहरू रोज्नु उनको लागि स्वभाविक कुरा हुनेथ्यो।

तर उनले यस्तो गरेनन्। उनले गरिबहरूलाई प्रेम गर्थे, र यो कुरा अरूढ़ि ढङ्गमा प्रकट गर्थे, ताकि मानिसहरूको मनमा कुनै शङ्का रहँदैनथ्यो। एकचोटि उनले अमेरिकामा वचनको सेवकाइ गर्दै जाँदा उनी रेल-यात्रा गरी एउटा शहरमा पुगे, जहाँ उनी सभामा सहभागी हुनलाई केही दिन बस्नुपरेको थियो। स्टेसनमा उनलाई भेट्न भेला भएको ठूलो भीड़मा केही कुलीन घरानाका महिलाहरू पनि थिए, जो ती प्रख्यात प्रचारकलाई आफ्नो घरमा पाहुना बनाएर लैजान पाउने सम्मानको निम्ति होड़मा थिए। उनी तिनीहरूका महलरूपी घरहरूमा गएर बसेका भए उनले सर्वोत्तम भोजन र वास पाउनेथिए। यसको सट्टामा तिनीहरूले चाहिँ आफ्ना परिवार र साथी-भाइहरूको बीचमा त्यति प्रसिद्ध श्रीमान डार्बीलाई पाहुना बनाउन पाएकोमा गर्व गर्नेथिए।

जे० एन० डार्बी ले त्यस भीड़लाई हेरेर त्यहाँको स्थिति बुझिहाले। उनले त्यहाँ भएकाहरूमध्ये अगुवाझैं देखिने मानिसहरूलाई सोधेः "यस शहरमा आउने प्रचारकहरूलाई धेरजसो कसले सत्कार गर्छन्?" तिनीहरूले एक साधारण, ठिक्कैको आमदामी भएको मानिसलाई देखाए, जो भीड़को पछाड़िपट्टि उभिएका थिए। डार्बी

ती मानिसकहाँ गएर आफू उनको घरमा बस्न सक्छन् कि भनेर सोधे। ती साधारण भाइ आनन्द विभोर भएर डार्बीको सुट्केस टिप्न भनी दौड़े। जे० एन० डार्बीका एक जीवनीकारले लेखेः "अनि यसरी अल्प-परिचित प्रचारकहरूका देखभाल गर्ने मानिस ठूलो व्यक्तिको आतिथेय पनि बने।"

डार्बीले गरिबहरूप्रति भएको आफ्नो प्रेमको यसरी व्याख्या गरेः

"ख्रीष्टले गरिबहरूलाई प्रेम गर्नुभयो; मेरो मुक्ति भएको दिनदेखि मैले पनि त्यसै गरेको छु। ज-जसलाई समाज अधिक मन पर्छ, उनीहरूले त्यही पाऊन्। यदि यस्तो कुराले मलाई भेट्टायो भने - लन्डनमा त समाजको दर्जाको कुराले मलाई वाक्क पारेको छ - म मनमा बिमार भएर फर्कन्छु। होइन, म गरिबहरूकहाँ जान्छु; म उनीहरूमा पनि धनीहरूमा भएको जस्तै खराब स्वभाव पाउँछु। तर धनी र गरिबहरूबीच म यो भिन्नता पाउँछु - धनीहरू तथा आफ्नो ऐस-आराम र आफ्नो समाजको ख्याल गर्ने मानिसहरूले आफैलाई समर्पण नगरीकन ख्रीष्टबाट कति लिएर राख्न सकिन्छ भनी पारख र नाप-तौल गर्दछन्; तर गरिबहरूले चाहिँ उनीहरूका दुःखहरूमा उनीहरूलाई ढाढ़स दिलाउनुहुने ख्रीष्टबाट कति बढ़ी लिन सक्छन्, सो विचार गर्छन्।

चाखलाग्दो कुरा यो छ कि ख्रीष्टले सत्तरीजना चेलाहरूलाई तालिम दिनुहुँदा उहाँले अतिथि सत्कारको विषय पनि उठाउनुभएको थियोः "अनि जुनै पनि घरमा तिमीहरू पस्दछौ, पहिले भन, 'यस घरलाई शान्ति होस्!' अनि शान्तिको छोरा त्यहाँ छ भने तिमीहरूको शान्ति त्यसमाथि रहनेछ; तर छैन भने त्यो तिमीहरूकहाँ फर्की आउनेछ। अनि तिनीहरूले दिएका कुराहरू खाँदै र पिउँदै त्यही घरमा बस; किनकि मजदुर आफ्नो ज्यालाको योग्य छ। घर-घर नजाओ!" (लूका १०:५-७)

यहाँ उहाँले सिकाउनुभएको शिक्षा यो हो - चेलाहरूले यस्तो व्यक्तिले गरेको अतिथि-सत्कार स्वीकार्नुपर्छ, जो शान्तिको सन्देशको लागि खुला छ। तर तिनीहरूले बढ़ी सुविधाजनक बस्ने ठाउँ र उत्तम भोजनको लागि घर-घर चाहर्नुचाहिँ हुँदैनथ्यो।

तर डार्बीले सामना गर्नुपरेको स्थिति त यस्तो थिएन। यताचाहिँ चेलाहरूले आफूलाई दिइएको सत्कार स्वीकार गर्नुपर्ने थियो भने उताचाहिँ डार्बीले स्पष्टसँग एकजना गरिबसित बस्न पाउने अनुरोध गरे। तर सिक्नुपर्ने पाठ भने एउटै छ। तिनीहरूले पनि सबैभन्दा बेसी ऐस-आराम मिल्ने घर कुनचाहिँ रहेछ भनी त्यसको पछि कुद्नु मनाही थियो। आज्ञालाई ध्यान दिएर हेर्नुहोस्, "त्यही घरमा बस!.... घर-घर नजाओ!"

# २६

# मण्डलीमा खाली-खुट्टै[२४]

डेनिस डेहानले हाम्रो दैनिक भोजन (Our Daily Bread) नामक पुस्तकमा लेख्दाहुँदि एउटा शहरको छेउमा अवस्थित मण्डलीमा उठेको एक सानो समस्याको विषयमा बताएका छन्। एक आइतबार त्यस ठाउँको नजिकैको कलेजमा पढ्ने एकजना जवान ख्रीष्टियान खाली-खुट्टै, टी-शर्ट र जिन्स पाइन्ट लगाएर सभाघरभित्र आए। त्यहाँ भित्र उपस्थित मानिसहरू अप्ठ्यारो मान्दै यताउता हेर्न लागे। मण्डली-घरमा खाली-खुट्टा आउनुहुँदैन भन्ने के तिनलाई थाह छैन? यहाँ आउँदाहुँदि पुरुषहरूले कोट-पाइन्ट र कमिज लगाउनुपर्छ भन्ने के तिनले जान्दैनन्?

पछाडिपट्टिका बेञ्चहरू पूरै भरिभराउ भएको हुनाले बील अगाडि जानुपर्‍यो। त्यहाँ पनि ठाउँ खाली नभएको हुनाले उनी पुलपिटको सीधा अगाडिपट्टि गएर भुइँमा थ्याच्च बसे। अघि कसैले कहिल्यै यसो गरेको थिएन। यस दिनमा परम्परा तोडिएको थियो, अनि सो कुरा कैयौं सदस्यहरूलाई मन परेको थिएन।

त्यसपछि एकजना वृद्ध, सन्दिबाथको बिमार लागेको वरिष्ठ सदस्यले अर्को परम्परा तोडे। उनी लौरो लिएर अगाडि गए। अब के हुने हो? आफ्नो लौरो भुइँमा राखेर उनी बडो कठिनसँग त्यस जवान बीलको छेउमा बसे। यी जवान केटाले एक्लो भएको र तुच्छ मानिएको महसुस नगरून् भन्ने उनी चाहन्थे।

यसले मलाई अर्को यस्तै घटनाको याद दिलाउँछ, जुन घटना मेरो घर नजिकैको एउटा मण्डली-घरमा घटेको थियो। त्यस बेला हिप्पी, फ्लावर-चिल्ड्रेन र लव जेनरेसनको जमाना थियो। एक साँझको प्रभु-भोजमा एकजना नयाँ विश्वासी खाली खुट्टै देखा

परे। धेरैजसोले यस कुरालाई त्यति ध्यान दिएनन्, तर एकजना वृद्धा स्त्रीले चाहिँ तिनलाई सभा सकिएपछि सम्झाउन लागिन्। एकजना प्राचीनले यो सबै घटना हेरिरहेका थिए। यसकारण ती स्त्रीले सम्झाइसकेपछि उनी त्यस जवान केटाकहाँ गएर तिनलाई अङ्गालो हालेर भनेः "अप्ठ्यारो मान्नुपर्दैन। तिम्रा खुट्टा सुन्दर छन्।" ती जवानले जवाफ दिएः "ती त सकली जुत्ता हुन्।"

ती सन्धिबाथ रोगले सताइएका वृद्ध मानिस र यी करुणापूर्ण प्राचीनलाई स्याबासी छ। अनि ती सम्पूर्ण विश्वासीहरूलाई पनि स्याबासी छ, जसले बाहिरी रूपलाई होइन, तर प्रभु येशूलाई प्रेम गर्ने हृदयलाई पत्ता लगाउन सक्छन्। हामीले उनीहरूको न्याय मात्र गरिबस्यौं भने उनीहरू तर्सिएर भाग्नेछन्। तर प्रेमले उनीहरूलाई बढ्नमा मद्दत गर्नेछ। ख्रीष्टको झैं मनले यही भन्दछः "तिनीहरूलाई मकहाँ आउन देओ!"

२७

# एमाजोनमाथि गोला-बर्षा

जिम र रोनी बोवर्स उनीहरूको आफ्नो सात महिनाकी धर्म-पुत्री च्यारिटीको निम्ति पेरूमा बस्न पाउने भिसा लिन भनी कोलम्बियाको लेटिसियामा अवस्थित राजदूत कार्यालयमा गएका थिए। यस घड़ी आफ्नै मिसनको चेस्ना-विमानमा उनीहरू पेरूको आइक्वीटोसमा भएको उनीहरूको गृह-नौकातर्फ फर्किरहेका थिए। विमान चालक केभिन डोनाल्ड्सन उनीहरूकै मिसनका सहकर्मी तथा हितैषी मित्र थिए। सात वर्षकी कोरी बोवर्सचाहिँ विमानको पछाड़ि एउटा झ्यालबाट पेरूको हरियाली प्राकृतिक दृश्य हेर्नमा मक्ख थिई।

अचानक केभिन र जिमले पेरूयी हवाई सेनाको लड़ाकु विमान उनीहरूको पछि परेको देखे। त्यस लड़ाकु विमानलाई सहयोग गर्न सी०आइ०ए० को दल बोकेको अर्को विमान पनि सँगसँगै आइरहेको थियो; त्यो उनीहरूले देखेनन्। तिनीहरू त्यस इलाकाभित्र भइरहेको नशालु पदार्थको पैठारीलाई रोक्ने प्रयासमा जुटेका थिए। सी० आइ० ए०ले पेरूयी पाइलटलाई 'चेस्ना-विमानमाथि गोली चलाउनुभन्दा पहिला राम्री जाँच-पर्ताल गर्नू' भनी सल्लाह दिएको कुरा तिनीहरू दाबी गर्छन्, तर त्यतिन्जेल ता ढिलो भइसकेको थियो।

एउटा गोली पछाड़िबाट रोनीको ढाड छिरेर उनको काखमा सुतिरहेको च्यारिटीको शिरभित्र पस्यो। ती दुवैजना तत्कालै मरे। अर्को गोलीले पाइलटको दाहिने खुट्टा छताछुल्ल पाऱ्यो। अरू गोलीहरूले चाहिँ तेलको टेङ्कीमा प्वाल पारे र विमानमा आगो दन्कन थाल्यो। जिम क्याविनको आगोलाई निभाउने प्रयासमा सफल भए, अनि

केभिनले चाहिँ बड़ो अद्‌भुत रीतिले जल्दै गरेको विमानलाई अमाजोन-नदीसित मिसिने एउटा सानो उप-नदीमाथि लगेर थमाए। विमानको मुनिपट्टि पिपारूपी पोनटुन भएको कारणले त्यो विमान पानीमा तैरन सक्थ्यो। विमान यसरी तल खसिसकेपछि पनि लड़ाकु विमानबाट गोला-बर्छा रोकिएन।

यस घड़ी विमानमा पूरा आगलागी भए तापनि जिमले आफ्ना पत्नी र छोरीको मृत शरीरलाई भेटेर विमानबाट निकाल्न सके। यस्तो नरकीय अग्नि ज्वालामा पनि उनलाई शितल भएको भान भइरहेको थियो। केभिनलें कोरीलाई पिठयूँमा बोकेर तर्न लागे, अनि जिमचाहिँ रोनी र च्यारीटिको मृत शरीर तान्दै जलिरहेको विमानबाट पौड्दै केही परसम्म गए। कोरीले आफ्ना आमा र बहिनीको चेहरा देख्न नपाओस् भनेर उनले तिनीहरूलाई उधोमुन्टो पारेर समातेका थिए। विमान आगो निभ्ने गरी डुबिसकेपछि केभिन र जिम फेरि पौड्रे त्यस विमानको नडुबेको पोनटुनमा आड़ लिन त्यहाँ आइपुगे।

केही क्षणमा नै त्यहाँका बासिन्दाहरू यन्त्र चालित डुङ्गाद्वारा उनीहरूलाई मद्दत गर्न आइपुगे।

त्यसपछि तुरुन्तै पेरूयी अधिकारीहरू र सि० आइ० ए० सर्वेक्षण दलको बीचमा यस्तो ज्ञान-शून्य हत्या र गोला-बर्छा लिएर टाउको हालाहाल भयो। तर आश्चर्यजनक कुराचाहिँ के भयो भने जिम बोवर्स, केभिन डोनाल्ड्सन अनि संयुक्त राज्यमा भएको मिसनको मुख्य-कार्यालयले त्यसको ठीक विपरीत ख्रीष्टको झैं व्यवहार देखाए। उनीहरूले न ता आरोपको औंला उठाए, न ता मुद्दा लड्ने धम्की नै दिए। ती सब कुराको सट्टामा उनीहरूले बरु घरी-घरी प्रभुमा राखिएको विश्वास र उहाँप्रतिको समर्पणको विषयमा गवाही दिइरहे।

बोवर्सले पछि गएर भनेः "त्यस घटनाको जिम्मेवारी व्यक्तिहरू जो छन्, उनीहरूप्रति हामीसित क्षमाको भावना छ। के यो अचम्मको कुरा लाग्ला? तर हामी ख्रीष्टियानहरूलाई यो अचम्मको कुरा लाग्दैन। मैले आक्रमणकारीहरूको लागि प्रार्थना गरिरहेको छु। मैले त्यसको विषयमा तिनीहरूको नाइकेसित पनि बातचित गरें। उनी प्रभुको विषयमा अझै बेसी जान्न चाहन्छन्। मैले उनलाई यहाँ घरबाट फोन गरेको छु। यसरी यस सम्बन्धमा सबै ठिक्कै चल्दैछ। नराम्रो भावना छैन।"

उनको यस्तो भयानक खति भए तापनि उनले भनेः "म र कोरी दुवैले

अकथनीय शान्तिको अनुभव गर्न पाइरहेका छौं।" न्यूज वीक नामक पत्रिकाले यसरी टिप्पणी गऱ्यो: "यस्तो एकचित्ते विश्वास थोरैसित मात्र हुन्छ।"

उनकी पति-भक्त पत्नी र सानी छोरीको स्मारक सेवामा जिमले यस्तो झरी-वर्षारूपी घटनाबाट सूर्य प्रकाशलाई ठिम्याउन सके। उनले यस हृदय विधारक दिनमा घटेका कैयौं आश्चर्य कर्महरूमा परमेश्वरको हात देखे, जस्तै:

लगातार गोलाबारी भएर केवीन छेंड़े-छेंड़ भए तापनि कोरी र उनलाई एउटै गोलीले पनि लागेन। यहाँसम्म कि एउटा गोलीले ता उनी बसेको ठीक पछाड़िपट्टिको झ्यालको ऐना छेंड़ेको थियो, तर उनलाई भने छोएको पनि थिएन।

आगो निभाउने उपकरणले केही क्षण बड़ो असामन्य ढङ्गले काम गऱ्यो। साधारणत: यस्तो उपकरणले भनेजस्तो काम गर्दैन; यसबारे उनलाई पूरा अनुभव छ। उनी आश्चर्यचकित भए। रोनी र च्यारिटीलाई लागेको गोली जहाँ पुगेर रोकिएको थियो, त्यहाँबाट अगाड़ि गएको भए त्यसले सायद पाइलटलाई पनि मार्नेथियो। यदि पाइलट नै मरेका भए विमानका सबै यात्रीहरू नाश हुनेथिए।

कोरी र केभिन दुवैलाई डर लागेन। त्यहाँ चीत्कार र चिच्च्याहट थिएन। उनीहरूले ज्ञानलाई माथ गर्ने ख्रीष्टको शान्तिको अनुभव गरे। त्यसकारण उनीहरूले स्पष्टसित सोच्न र तुरुन्त कदम चाल्न सके।

चेस्ना-विमानलाई जमिनमा उतार्नुपर्दा पाइलटले आफ्नो खुट्टा चलाउनुपर्दछ। केभिनको खुट्टामा गहिरो चोट परेको भए तापनि उनी विमानलाई सुरक्षित ढङ्गमा नदीमाथि उतार्न सक्षम भए। गोलाबारी मच्चिएको ठाउँबाट त्यस नदीसम्म आइपुग्न धेरै दुरी पार गर्नुपरेको थियो। प्रभुले त्यस विमानलाई त्यस नदीसम्म चलाउनुभएको हो भन्ने केभिनलाई थाहा छ।

दन्किरहेको अग्नि-ज्वालाको प्रकोप हुँदाहुँदै पनि जिमसित रोनी र च्यारिटीको शरीरलाई विमानबाट निकाल्ने शक्ति थियो। उनले आगोको ताप महसुस नगरेको कुरामा उनी अचम्भित भएका छन्। उनको अनुभवले आगोको भट्टीमा फ्याँकिएका तीन हिब्रूहरूको सम्झना दिलाउँछ (दानियल ३:२७)।

जब विमान अग्नि-ज्वाला निभ्ने गरी नदीमा डुबे, तब केभिन, कोरी र जिमले एउटा पोन्टुनलाई समातेर पानीमाथि तैरेर बस्न सके।

एउटा यन्त्र चलित डुङ्गा ठीक त्यति बेला आइपुगे, जब केभिन र जिमले कोरी र दुई मृत-शरीरलाई थामेर नदीमाथि तैरेर बस्ने शक्ति गुमाइसकेका थिए।

उनीहरूको विमान एउटा शहरमाथि उड़िरहेको समयमा विमानमाथि गोला बर्छा भएको थियो, जुन शहरका केही मानिसहरूलाई जिमले चिन्दथे। यी मानिसहरूले यो घटना देखे, र मद्दत माग्नको निम्ति तिनीहरूसित एउटा रेडियो थियो। त्यस रेडियोले काम पनि गऱ्यो।

जिमले त्यस रेडियोद्वारा केभिनकी पत्नीलाई खबर दिन खोज्दा उनी पनि घरमै थिइन्। एकजना पाइलट-मित्र नजिकै थिए, जो केभिनलाई घटना-स्थलबाट उपचार गर्नको निम्ति विमान उड़ाएर लैजान तयार थिए।

कोरी र जिमले अलौकिक शान्तिको अनुभव गरे, जुन अवश्यै परमेश्वरका जनहरूको प्रार्थनाको उत्तर थियो। कति मानिसहरूले जिमलाई उनको शान्ति क्षणिक मात्र हो भनेका थिए, तर उनलाई यो शान्ति उनीसित रहिबस्नेछ भन्ने पूरा निश्चयता थियो।

एक आखिरी आश्चर्य कर्म - बोवर्स परिवार, डोनाल्ड्सन परिवार र यस घटनासित सम्बन्धित सबै ख्रीष्टियानहरूले यस दुःखद घटनाका जिम्मेदारी मानिसहरूप्रति क्षमाको भावना दर्साए। यो थियो उनीहरूको हृदयमा खनाइएको परमेश्वरको प्रेम।

रोनी र च्यारिटी व्यर्थमै मरेनन्। उनीहरूको मृत्युले प्रचार कार्यमा एक नयाँ चासो जगायो। मानिसहरूले त्यस **महान् आज्ञा**को पालन गर्ने चुनौती पाए। जिमले भनेः "मलाई लाग्छ, उहाँले म लगायत अन्य निद्रामा परेका ख्रीष्टियानहरूलाई उठाउन चाहनुभयो, तथा विशेष गरी तिनीहरूलाई जगाउन चाहनुभयो, जसले परमेश्वरमा कुनै चासो राख्दैनन् वा थोरै मात्र चासो राख्छन्।"

अन्तमा परमेश्वरले कोरीको जीवनलाई लम्बाइदिनुभयो, अनि यसरी तिनलाई यीशु ख्रीष्टलाई आफ्नो प्रभु र मुक्तिदाताको रूपमा ग्रहण गर्ने मौका दिनुभयो।

समय बित्दै जाँदा यस घटनाबाट ख्रीष्टियानहरू भिन्नै किसिमका हुँदा रहेछन् भन्ने तथ्यको स्पष्ट प्रदर्शनी संसारले देखेको कुरा झन्-झन् प्रष्ट हुँदै जान्छ। *प्राइम् टाइम्* समाचार-पत्रिकाले मई २४-२००१ मा घटेको यस घटनाको विषयमा प्रायः सम्पूर्ण विवरण दिएको थियो। त्यस कार्यक्रममा डाइन सयेरले यस घटनाको विषयमा यसो भनेः "यो यस्तो मानव प्रेम र दुःखको कथा हो; अनि यस्तो किसिमको पूर्ण-विश्वासको बयान हो, जसलाई हामी धेरैजसो मानिसहरूले ता टाढ़ाबाट मात्र हेर्न पाउँछौं।"

२८

# लोइस र सफाइ-कर्मचारी[२५]

लोइस घरको काम गर्नमा निपुण छिन्। बाइबलअनुसार एक खीष्टियान पत्नी र आमाको रूप कस्तो हुनुपर्छ, सो उनी दुरुस्तै थिइन्। उनका सातजना नानीहरूलाई परमेश्वरको निम्ति हुर्काउनु उनको ठूलो आनन्द दिने कुराहरूमध्ये एक थियो। अर्को आनन्दको कुराचाहिँ आफ्नो पतिलाई सहयोग गर्नु थियो, जो प्रभु यीशुको निम्ति चारैतिर यात्रा गर्छन् र अथक परिश्रम गर्छन्। यहाँ यसको एउटा उदाहरण दिइन्छ। एकपल्ट तिनी न्यू जर्सीमा एउटा सभामा बोलिरहेका थिए, तब 'आज त मेरी पत्नीको जन्म-दिन हो' भन्ने तिनलाई याद आयो। तिनले पत्नीलाई फोन गरेर आफू उनीसित हुन नसकेको र एक उपहारसमेत दिन नसकेकोमा पछुतो जनाए। बिनाहिचकिचाहट उनले भनिन्ः "परमेश्वरले तपाईंलाई जहाँ पठाउनुहुन्छ, त्यहाँ तपाईं जानुभयो र उहाँले जे गर्न लगाउनुहुन्छ, त्यही तपाईंले गर्नुभयो भने त्योभन्दा ठूलो उपहार तपाईंले मलाई दिन सक्नुहुन्न।"

लोइसको विषयमा अर्को कुरा पनि छ। उनको दैनिक समय-तालिका व्यस्त भए तापनि त्यसले उनलाई एक जोसिलो आत्मा-विजेता हुनुमा बाधा पुऱ्याउँदैनथ्यो। उनले छिमेकका स्त्रीहरूलाई *कफी आउवर बाइबल स्टडी* अर्थात् कफी पिउने निहुमा अविश्वासीहरूलाई बाइबल पढाउने सभामा प्रायःजसो लान्थिन्। तर केही समयपछि तिनीहरूले आफ्नो धर्मदेखि नाक लागेको कुरा बताए। प्रभुसितको व्यक्तिगत समबन्धमा तिनीहरूसित खास चासो नभएको कुरा थाह लाग्यो।

एक बिहान सखारै जब लोइसले बैठक कोठामा प्रार्थना गरिरहेकी थिइन्, तब उनले लूका १४ अध्यायमा भएको महा-भोजको कथाको स्मरण गरिन्। जसलाई निम्तो दिइएको थियो, उनीहरू सबैले बहानाहरू बनाएका हुनाले मालिकले आफ्नो सेवकलाई मूल-सड़कहरू र बारहरूहुँदो गएर अन्यहरूलाई भित्र बोलाउन लगाए।

लोइसले यो कुरा प्रभुकहाँ प्रार्थनामा राखिन्ः "प्रभु, ज-जसलाई मैले निम्तो दिएँ, उनीहरूले बहाना बनाए; म अब तपाईंको लागि अन्यकहाँ जान चाहन्छु, तर म यहाँ मेरा नानीहरूसित बस्नुपर्छ। यदि तपाईंले मूल-सड़क र चोर-बाटाहरूबाट कसैलाई मकहाँ पठाउनुभयो भने म उनीहरूलाई तपाईंको भोजमा आउने निम्तो दिनेछु।"

ठीक त्यति नै बेला उनले मैला उठाउने गाड़ीमा मैला खन्याइएको आवाज सुनिन्। आहा, मूल-सड़क र चोरबाटोदेखि आएको व्यक्ति यही ड्राइभर हुनुपर्छ। उनले झ्यालबाट हेरिन् र एकजना मानिसलाई देखिन्। तिनलाई कति मानिसहरूले तिनको मनमा चोट नलागोस् भनेर सरसफाइ-इञ्जिनियर भन्छन्। तिनले लोइसको छिमेकीको मैला डब्बा उठाएर गाड़ीमा खन्याए। यसरी डब्बा उचाल्दा तिनले आफ्नो शरीरलाई अप्ठ्यारो गरी बङ्गाएको छर्लङ्गै देखिन्थ्यो। तिनले आफ्नो शरीरको पीड़ालाई केही कम्ती गर्नको लागि यसरी बाङ्गो पार्नुपर्थ्यो।

लोइस पनि गाड़ी आउँदा आफ्ना आँगनमा खड़ा थिइन्। ड्राइभर रेग जसै गाड़ीबाट ओर्ले, लोइसले सोधिन्ः "के तपाईंलाई ढाड़ दुख्ने बिमार छ?"

"होइन," तिनले भने, "मलाई मुटुको बिमार छ।"

"त्यसो भए तपाईं किन दिनभरि यस्ता गह्रौं डब्बाहरू उचाल्ने काम गर्नुहुन्छ?" उनले सोधिन्। "ल ता, म आफ्नो मैलाचाहिँ आफै फ्याँक्छु है त।" त्यति भनेर उनले आफ्नो डब्बा उचालेर मैला गाड़ीमा खन्याइन्। ड्राइभरले जवाफ दिँदै भनेः "मैले पाउन सक्ने काम नै यही मात्र हो।"

"लौ, म तपाईंले यो भन्दा राम्रो काम वा एक तगड़ा मुटु पाउनुहोस् भनी प्रार्थना गरिदिनेछु।"

"मैला उठाउने मान्छेको ख्याल कसले पो गर्छ र?" रेगले दुःखित भएर भने।

"परमेश्वरले ता गर्नुहुन्छ," लोइसले जवाफ दिइन्।

रेग गाड़ीमा पसेर त्यहाँबाट अघि बढ़े।

एक हप्तापछि लोइसले आँगनमा पर्खिरहेकी थिइन्। गाड़ी आइपुग्यो। रेग मैला-डब्बा भएको ठाउँमा पुग्नुभन्दा अघि नै लोइसले त्यो मैला गाड़ीमा खन्याइसकेकी थिइन्। तिनले लोइसलाई हेरेर सोधेः "के तपाईंले मेरो लागि प्रार्थना गर्नुभयो?"

"प्रत्येक दिन।"

रेगले त्यो पत्याएनन्, तरै पनि आफ्नो शङ्काबारे भनेनन्।

लोइसले भनिन्ः "सुन्नुहोस्, बाइबलले भन्दछः काम बिनाको विश्वासचाहिँ मरेको हुन्छ। मैले प्रार्थना गरिरहेको छु, तर तपाईंले अर्को कामको लागि आवेदन पेस गर्नुपर्छ।" तिनले टाउको हल्लाए, केही भनेनन् र त्यहाँबाट अघि बढ़े।

तिनले अर्को गल्लीमा लोइसकी छोरी मोइरालाई देखे, जो स्कूल गइरहेकी थिई। जब तिनले यस केटीको छेउमा गाड़ी रोके, तब उसले यसो भन्दै कराईः "सुन्नुहोस् त; घरमा हामीले तपाईंको लागि प्रार्थना गरिरहेका छौं।" तब रेगले थाह पाए - कसैले मैला उठाउने मान्छेको पनि ख्याल गर्दा रहेछन्। एक हप्तापछि लोइस आँगनमा कुरेर बसिरहेकी थिइन्, तब रेगले आएर भनेः "श्रीमती निकोल्सन! म परमेश्वर, स्वर्ग र नरकमा विश्वास ता गर्छु, तर अर्को कदम पनि चाल्नुपर्ने जस्तो लाग्दैछ। के अर्को कदम पनि चाल्नुपर्छ त?"

लोइसले होशियारपूर्वक परमेश्वरको मुक्तिको मार्ग र विश्वासको कदम चाल्नुपर्ने विषयमा तिनलाई बताइन्। तिनले ध्यानपूर्वक सुने, त्यसपछि मुसुक्क हाँसेर हात हल्लाउँदै त्यहाँबाट निक्ले। लोइसले भनिन्ः "अर्को कामको लागि पक्का कोशिश गर्नुहोस् है!"

अर्को हप्तासम्म निकोल्सन परिवारले रेगको निम्ति नबिराई प्रार्थना गरिरहे। मैला उठाउने दिनमा लोइस आँगनमा सधैंझैं कुरिरहेकी थिइन्। रेग मुस्कुराउँदै गाड़ीबाट ओर्ले र भनेः "हेर्नुहोस्, मैले त्यो गरें।"

"तपाईंले के गर्नुभयो?"

के तिनले अर्को कामको लागि आवेदन पेस गरे? "मैले कदम चालें, श्रीमती निकोल्सन।" तिनले प्रभु यीशुमा आफ्नो विश्वास राखेको कुरा बताए।

के यो साँचो थियो? के तिनले पक्कै मुक्ति पाएका थिए त? लोइसले मनमनै भनिन् - ठिक्कै छ, तिनले पक्कै मुक्ति पाएका भए पनि वा नभए पनि तिनले बाइबलचाहिँ पढ्नैपर्छ। आखिरमा विश्वास परमेश्वरको वचनको सुनाइद्वारा आँउछ। "रेग, तपाईंले बाइबल पढ्न शुरु गर्नुपर्छ है। यो तपाईंको आत्माको भोजन हो।"

"ओहो, श्रीमती निकोल्सन, त्यो तपाईंले मलाई पहिल्यै बताउनुपर्नेथियो। यदि ख्रीष्टियानले त्यसो गर्नुपर्छ भने मलाई चाहिँ माफ गर्नुहोला। मलाई पढ्न मन लाग्दैन। म त समाचार-पत्रधरि पढ्दिनँ। माफ पाऊँ!" यति भनेर तिनले अर्को घरतर्फ आफ्नो गाड़ी हाँके।

अर्को कुनामा तिनले एउटा गह्रौं बाकस पड़िरहेको भेट्टाए। तिनलाई त्यो के रहेछ भनी हेर्ने उत्सुकता भयो। त्यस बाकसमाथि चाहिँ एउटा नयाँ बाइबल रहेछ, अझसम्म बाहिरको प्लास्टिकको खोल पनि च्यातिएको छैन रहेछ। "ठीक छ प्रभु, म तपाईंको पुस्तक पढ्नेछु।"

तिनले बाइबल पढ्न मात्र शुरु गरेनन् तर तिनी त निकोल्सन परिवारले सङ्गति गर्ने मण्डलीमा आउन पनि थाले। तिनी झिलिक्क परेको रातो डाङ्ग्री लगाएर आउँथे। तिनले लगाएको डाङ्ग्रीको अगाड़िपट्टि छातीमा तिनको कम्पनीको लोगो थियो। तिनको सबैभन्दा राम्रो कपड़ा यही थियो। तिनी चक्लेट दोकानमा मुस्कुराइरहेको बालकझैं अगाड़िपट्टिको बेञ्चमा बस्थे।

सबै कुरा तिनलाई मन पर्‍यो - भजन, प्रचार, मानिसहरूको मित्रता। एकपल्ट एकजनाले तिनलाई सोधेः "तपाईं किन मङ्गलबारको प्रार्थना-सभामा यहाँ र बुधबारको प्रार्थना-सभा नजिकैको अर्को मण्डलीमा जानुहुन्छ?" तिनले जवाफमा भनेः "मैले दोबर समय दिनुपरेको छ; मैले सिक्नुपर्ने कुराहरू थुप्रै छन्।"

रेगको मुक्ति हुनुबित्तिकै तिनको बप्तिस्मा पनि भयो। प्रभुले तिनलाई रक्सी पिउने कुलतमाथि विजय दिनुभयो। तिनी सभाहरूमा विश्वासयोग्यतासाथ आउन मात्र होइन, तर तिनले आफ्ना साथीहरूलाई सुसमाचार सुनाउनको लागि सभाहरूमा ल्याएर पनि आउँथे। तिनले विश्वास गरेको पहिलो दिनदेखि नै तिनी आफ्नो मुक्तिमा रमाउन थाले।

तिनको मुटुको रोग ता बिसेक भएन, तर तिनले पहिलेको भन्दा केही सजिलो काम पाए, जो तिनले केही सालसम्म गरे। त्यसपछि प्रभुले तिनलाई स्वर्गीय घरमा बोलाउनुभयो। तिनी ख्रीष्टमा एक प्रिय भाइ थिए, जो मूल-सड़कहरू र चोर-बाटोहरूबाट बोलाइएका थिए, अनि महा-भोजमा आउन बाध्य गराइएका थिए।

अनि यो सब यसैकारण साध्य भयो; किनभने एकजना विश्वासयोग्य गृह-पत्नीले, "प्रभु मलाई तपाईंको काममा लगाउनुहोस्" भनी प्रार्थना गरेकी थिइन्।

२६

# यी सबै भन्न समय पुग्दैन

विश्वभरि नै यस्ता ख्रीष्टियानहरू छन्, जसले दिन प्रतिदिन प्रभु यीशु कस्तो हुनुहुन्छ, सो देखाइरहेका छन्। "उहाँको प्रतिरूप उनीहरूका शरीरहरूको आकारबाट होइन, तर नयाँ तुल्याइएको मन र हृदयको सुन्दरताबाट प्रकट हुन्छ। पवित्रता, प्रेम, नम्रता, दया र क्षमा - यिनीहरूले ईश्वरीय स्वभावलाई देखाउँछन्।"[२६]

मैले अतिथि-सत्कार गर्नेहरूको जीवनमा मुक्तिदाताको प्रतिरूप देखेको छु। कैयौंपल्ट मेरा अतिथेयहरूले आफ्नो सुत्ने कोठा र नुहाउने कोठा मलाई दिएर आफूहरूचाहिँ अर्कै ठाउँमा सुतेका छन्। एकपल्ट, विशेष सभाको समयमा एक परिवारकहाँ सोह्रजना पाहुनाहरू आएका थिए। घर साधारण थियो। घरका बाबा-आमा र तीनजना नानीहरू गाड़ी राख्ने गराजमा सुते। ताइवानमा एकजना प्रचारक आगो ताप्ने ठाउँको छेउमा भुइँमा सुते अनि मचाहिँ उनको पलङ्गमा सुतें। बिहान उठेर उनीचाहिँ मभन्दा अधिक न्यानो जग्गामा सुते भनेर जिद्दी गरे। उनले प्रत्येक पाहुनालाई मानो ख्रीष्टलाई झैं गरी व्यवहार गर्थे।

एकजना बहिनी बिहानको सभामा गइरहेकी थिइन्; तब उनको गाड़ी दुर्घटनामा पऱ्यो। उनको लागेका उनका चोटहरूले गर्दा उनलाई तुरुन्त अपरेसन गर्नुपरेको थियो। अपरेसनपछि जब उनको होस आयो, तब उनको प्रथम वाक्य यही थियो: "पाहुनाहरूको लागि खाना कसले बनाउँदैछन्।"

जब हामी प्रभु यीशुको कृपाको विषयमा सोच्दछौं, तब हाम्रा मन अन्यासै नानीहरूप्रति भएको उहाँको प्रेमतिर जान्छ। चेलाहरूका लागि ता ती नानीहरू अल्झो मात्र थिए, अनि सायद ती नानीहरूलाई त्यहाँ देखेर ती चेलाहरू ता रिसाएका पनि थिए होलान्। तर प्रभुका लागि ती नानीहरू अल्झो थिएनन्। उहाँको लागि ता

तिनीहरू परमेश्वरको राज्यको उपयुक्त नागरिकहरू थिए। मलाई त यस्तो लाग्छ, उहाँ ठूलाहरूसित भन्दा नानीहरूसित राम्ररी मिल्नुहुन्थ्यो।

साधु सुन्दर सिंहले आफ्ना प्रभुको सिको गरे। उनी कुनै घरमा पाहुना भएर गएको बेलामा प्रायःजसो नानीहरूसित भुइँमा बसेर खेल्थे। एकपल्ट रातको समयमा केही नानीहरूले यसो भनेका थिएः "आमा, आज यीशुले नै हामीलाई सुताऊन् ल!" तिनीहरूले सिंहमा प्रभु यीशुलाई देखेका थिए।

अर्को घटनामा उस्तै कथा छ। एकजना मानिस हतारमा दौड्दा एकजना जवान केटासित ठोकिन पुगे, जुन केटोको हातभरि कागजका बिटाहरू थिए। ती मानिसले त्यस जवान केटालाई मानो उसैको गल्ती थियो झैं गरी उसलाई गाली गर्न लागे। त्यही बाटो भएर जाँदै गरेका अर्को एकजना मानिसले त्यो घटना देखे। उनले ती कागजका बिटाहरू उठाएर त्यस जवान केटाको हातमा थमाइदिए, अनि एक डलर (भा० रु० प्रायः ४५/-) दिँदै भनेः "म आशा गर्छु, यतिले तपाईंको क्षतिपूर्ति गर्ला।" यस्तो किसिमको कृपा कहिल्यै नदेखेको त्यस जवानले सोध्योः "महाशय, के तपाईं यीशु हुनुहुन्छ?" "होइन," त्यस ख्रीष्टियानले भनेः "तर म ता उहाँको एक चेला मात्र हुँ।"

अन्य विश्वासीहरूले चाहिँ अपमानको समयमा सहनशीलता देखाएर ख्रीष्टको रूप प्रकट गर्छन्। क्वीटो नामक एक शहरमा एकजना प्रचारक एउटा दुर्घटनामा परेका थिए। उनी आफ्नो कारमा कतै गइरहेका थिए। एकजना स्त्रीले आफ्नो कार सड्कको दाहिनेपट्टिबाट देब्रेपट्टि घुमाउँदा त्यो गाड़ी उक्त प्रचारकको कारको एक पाटामा बजारियो। जब उनीहरू आ-आफ्नो गाड़ीबाट उत्रेर बाहिर आए। जब उनीहरू आ-आफ्नो गाड़ीबाट उत्रेर बाहिर निस्के, तब त्यो स्त्री चिच्च्याउन थाली, प्रचारकको जात र देशको अपमान गरी र उनलाई एक थप्पड़ पनि लगाई। प्रचारकचाहिँ आफ्नो कारमा गएर बसे र आत्मसंयम नामक आत्माको फलको निम्ति प्रभुलाई धन्यवाद चढ़ाए। उनले भनेः "मेरो कारको त्यति ठूलो क्षति भएको थिएन; तर मैले यो स्वीकार गर्नुपर्छ कि त्यस घटनापछिका केही दिनसम्म 'मैले यदि प्रभु मसित नहुनुभएको भए कस्तो प्रतिक्रिया देखाउनेथिएँ होला' भन्ने कुरा सोच्दै अचम्म मानिरहें।"

भारतमा धेरै सालसम्म डाक्टरको रूपमा सेवा गरेकी डा० आइडा स्कडुरमा बदला लिने भावना पटक्क थिएन। एकपल्ट एकजना मुस्लिमले, "तपाईंमा किन बदलाको भावना छैन" भनी सोधेका थिए। डा० स्कडुरले उत्तर दिनुभन्दा अघि उनलाई चिन्ने एकजना हिन्दूले यसरी जवाफ दिए: "किन र, तपाईंलाई थाहा छैन? किनभने डा० आइडाको परमेश्वर धीरजी र प्रेमी हुनुहुन्छ, र उनीचाहिँ आफ्नै परमेश्वरजस्तै छिन्।"[२७]

प्रभु यीशुले निम्न दर्जाका मानिसहरूप्रति देखाउनुभएको दया र सहानुभूतिको कारण हामी उहाँलाई प्रेम गर्छौं, अनि सो हामी उहाँका जनहरूमा पनि देख्न चाहन्छौं। धन र ऐस-आरामले भरिपूर्ण भएको घरानामा हुर्केका येल भन्ने ठाउँका बोर्डनलाई कहिलेकाहीं अल्लारे डुलुवाकहरूको बीचमा काम गर्ने *स्किड रो मिसन* मा भाँड़ाबर्तन धोइरहेका देखिन्थे। एकपल्ट एकजना ब्रिटिस प्रचारक घर फर्किरहेका थिए; तब कसैले उनलाई सोधे: "अमेरिकामा तपाईंलाई कुनचाहिँ कुरा बड़ो राम्रो लाग्यो?" उनले उत्तर दिए: "करोड़पतिका छोरा विलियम बोर्डनले मिसनमा एकजना अल्लारे डुलुवालाई अङ्गालो मारेको देख्न पाउँदा साह्है राम्रो लाग्यो।"

पावल स्यान्डवर्गले आफ्ना स्वामीको सिको व्यर्थैमा गरेका थिएनन्। एकदिन उनी एउटा कफीको दोकानमा पसेर एउटा मुड़ामा बसे र छेउको मानिससित बातचित गर्न लागे। ख्याति-प्राप्त गायक पावलले फ्रेडलाई विश्वासयोग्यतासाथ सुसमाचार सुनाए, अनि आखिरमा तिनलाई प्रभुमा डोऱ्याउने सौभाग्य पनि पाए। केही हप्तापछि फ्रेड क्यान्सर रोगले सिकिस्त भएर थला परे। पावल नियमित रूपले तिनलाई भेट्न त्यस साधारण नर्सिङ्ग होममा गइबसे। त्यहाँ धाइले गर्नुपर्ने सबै कामहरू उनले नै गर्थे। फ्रेड मरेको रातमा पावलले तिनलाई आफ्नो पाखुरामा राखेर पवित्र बाइबलका पदहरू सुनाइरहेका थिए। म त्यसैलाई *साँचो माया* भन्दछु।

जापनमा एउटा सानो मण्डलीले एउटा सभा-घर बनाउने निश्चय गरे। उनीहरूले त्यो योजना छिमेकका सबैलाई देखाए अनि केही बाधा भए अगावै भनिहाल्ने विन्ती गरे। कसैको केही आपत्ति थिएन। तब उनीहरूले एकजना छिमेकीको विषयमा सुने, जो त्यो सभा-घर बनिसकेपछि त्यसले उसको घरमा घाम नआउने गरी छेकनेछ भनी डराएको थियो। ती ख्रीष्टियानहरूले त्यस व्यक्तिले अगाड़ि नै आपत्ति नजनाएकोमा

कुनै दोष लगाएनन्। बरु उनीहरूले निर्मातालाई केही होचो धुरी भएको भवनको नक्सा फेरि बनाइदिनू भनी थप ज्याला दिए। त्यो छिमेकी हर्षविभोर र छक्क पर्‍यो; घाम पाउने कुरामा ऊ हर्ष-विभोर भयो भने ख्रीष्टियानहरूको अनुग्रहपूर्ण स्वभाव देखेर ऊ तीन छक्क पर्‍यो।

यदि हामी पनि प्रभु यीशुजस्तै छौं भने हामीले सबै अवस्थाका मानिसहरूलाई प्रेम र दया देखाउन सक्छौं। एलियोट परिवारले बिहानको नास्ता खाने समयमा टेबलको वरिपरि बसेर प्रभुप्रति भक्ति बढ़ाउने समय बिताउँथे। एक बिहान बुवाले परिवारका अन्य सदस्यहरूलाई बाइबल पढ़ेर सुनाइरहेका थिए; त्यतिबेला उनले घुरेनमा मैला उठाउनेको डब्बाको ठ्याङ्ग-ठ्याङ्ग आवाज सुने। उनले तुरुन्तै बाइबल एकातिर राखे र झ्याल खोलेर मैला उठाउनेलाई हँसिलो मुहार बनाएर अभिवादन गरे। उनले बाइबल पढ्नु अरू कामभन्दा अधिक पवित्र ठान्दैनथे। उनले पवित्र मानिएका र अन्य कामबीच कुनै भेद राख्दैनथे।

जीवनको हरेक क्षेत्रमा ख्रीष्टको अनुसरण गरिन्छ। एकजना व्यापारीले एउटा ख्रीष्टियानको विषयमा यसो भनेका थिए: "तपाईंले उनीसित कारोबार गर्दा लेखापढ़ी गरिबस्नुपर्दैन। उनको वचन नै काफी छ।" त्यस ख्रीष्टियान ठेकेदारले आफ्ना ग्राहकहरूसित कहिल्यै लेखापढ़ी गरेनन्।

एकजना फुटबलका रेफरीले भन्थे: "जब म टोमी वल्कर खेलेको खेलको रेफरी गर्छु, तब मैले केवल एक्काइसजना खेलाड़ीहरूलाई मात्र हेर्नुपर्छ, बाइसैजनालाई हेर्नुपर्दैन।" टोमीले कहिल्यै कुनै नियम भङ्ग गर्दैनथे।

एकजना करसम्बन्धी सर-सल्लाह दिने व्यक्तिले आफ्नो ग्राहकलाई भने: "तपाईंले यति बेसी आमदामी हुँदैछ भनी नदेखाउनुहोस्! तपाईंले ढाँट्नुभएको कुरा सरकारले थाह पाउला भनी सुर्ताउनुपर्दैन। निष्फिक्री रहनुहोस्!" ती ग्राहकले भने: "मैले आफ्नो सम्पूर्ण आम्दानी देखाउनुपर्छ। म ता एक ख्रीष्टियान हुँ।" उनको विश्वासले उनको धन-सम्पत्तिमा केही असर ता पर्‍यो नै।

पुराना गाड़ीहरू बेच्ने काम गर्ने एकजना मानिसले मुक्ति पाएको केही समयपछि आफ्नो ग्राहकलाई यसो भने: "यहाँ मसित तपाईंलाई बेच्न लायकको कुनै

कार छैन।" पुराना गाड़ीहरू बेच्ने मान्छेले ग्राहकसित यस्तो कुरा गऱ्यो - यो त गाड़ी बेच्ने ठेट तरिका होइन नि।

एकजना खीष्टियान डाक्टरले एक रोगीको नकली बिमा-अभियाचनामा सही गर्न नमानेको हुनाले त्यस रोगीले उनलाई भएभरको गाली गरे। एकजना प्रचारकको सामान भन्सारमा अड़किएको थियो; किनभने भन्सारको एजेन्टले घूस माग्दैथ्यो, तर ती प्रचारकचाहिँ घूस दिन तयार थिएनन्।

एकजना विश्वासीले आफ्नो घर अमेरिकी डलर २५०,००० मा बेच्ने मौखिक सहमति दिएपछि अर्को ग्राहक आएर अमेरिकी डलर २६५,००० दिने प्रतिज्ञा गरे। उनले के गर्नुपर्ने हो? यसको उत्तर भजनसंग्रह १५:४ मा लेखिएको छ। परमेश्वरसित बस्ने मान्छेले "उसले आफ्नो हानिको निम्ति हुँदा पनि कसम खाएर कुरा बदली गर्दैन।" आफ्नो इमानदारी गुमाउनुभन्दा पन्ध्र हजार डलर गुमाउनु नै उत्तम हुन्छ। आइतबार तपाईंले अप्नाएको धर्म सोमबार पनि अप्नाउनु उत्तम हुन्छ।

कहिलेकहीं हामी खीष्टको रूप ती मानिसहरूमा देख्छौं, जसले परीक्षामा विजय पाएका हुन्छन्। एक खीष्टियान दम्पतीले कति साल प्रतीक्षा गरेपछि उनीहरूको परिवारमा एकजना नवजात शिशुको जन्म भयो। तर अफसोस! केही महिनापछि उनीहरूको नानी एप्निया अर्थात् श्वासरोधको बिमारको कारणले कोक्रोमा सुतेकै बेला मऱ्यो। पास्टरले साक्षी दिएर भनेः "मलाई त्यस मण्डली-सभामा गाइएको 'हाम्रा चट्टानरूपी परमेश्वर महान् हुनुहुन्छ' नामक गीतले चाहिँ साँच्चै चुनौती दियो। मैले ती स्त्रीले आफ्ना पतिको छेउमा उभिएर गीत गाइरहेकी देखें। उनको आँसुले भरिएको अनुहार झर-झर बलिरहेको र परमेश्वरतिर उठाइएको थियो। अनि उनले यसरी गीत गाइरहेकी थिइन्ः

*हाम्रा चट्टानरूपी परमेश्वर महान् हुनुहुन्छ*
*उहाँको काम सिद्ध छ, अनि उहाँका सबै मार्गहरू ठीक छन्।*
*विश्वासयोग्य परमेश्वर; उहाँमा अन्याय छैन,*
*भलो र धर्ममय उहाँ नै हुनुहुन्छ।*

बेभर्ली वेस्टको सत्य कथा पनि मेरो सम्झनामा आउँछ। डाक्टरले उनलाई क्यान्सर लागेको र बिमार एकदमै छिप्पिएको कुरा बताए। त्यति नै बेला उनले ग्यारी

विल्सन पनि पाचन गुन्थिको रोगले (Pancreatitis) ले सिकिस्त भएर अस्पतालमा छन् भन्ने सुनिन्। उनले बसेर यसरी चिट्ठी लेखिन्: "हाम्रा प्रिय ग्यारी, बेथ र परिवार, तपाईंहरूलाई थाह होस् कि हाम्रा दिनहुँका, अँ दिनभरि चढ़ाइएका प्रार्थनाहरूमा हामी तपाईंहरूलाई सम्झन्छौं। तपाईंलाई वरिपरिबाट लगाइएको अनन्त अँगालोको सान्त्वना तपाईंले थाह पाउनुभएको होस्! तपाईं उहाँको सामर्थ्य र अनुग्रहले सम्हालिनुभएको छ। मलाई क्यान्सर लागेको र बिमार निकै छिप्पिएको कुरा भर्खरै पत्ता लाग्यो, अनि यस घड़ी मलाई क्यामो थेरापी दिइँदैछ। यसैले मसित प्रार्थना गर्ने समय निकै छ। प्रार्थनाको सूचिमा तपाईंको नाम सबैभन्दा माथि छ।

एमि कारमाइकलले होला, *गोल्ड बाइ मूनलाइट* अर्थात्‌चन्द्रमाको किरणमा सुन  नामक किताबमा लेखेका छन् कि फिलिप्पी ३:१० मा उहाँको पुनरुत्थानको सामर्थ्य, उहाँको दुःखको सङ्गतिभन्दा अगाड़ि आउँछ। हामी सबैले ख्रीष्टलाई यी नै तरिकाहरूद्वारा चिन्न सकौं। गेत्सेमनी र क्रूसको सङ्गतिको विषयमा अलिकति भए पनि बुझ्न पाउनु अनि उहाँकै शक्तिद्वारा 'मेरो इच्छा होइन, तर तपाईंको इच्छा पूरा होओस्' भन्न सक्नु म सौभाग्य हो भन्ठान्छु। उहाँको प्रेमको बन्धनमा, जोन र बेभर्ली।"

डाक्टरले एकजना ख्रीष्टियानलाई आफ्नो एउटा आँखा निकालेर त्यसको सट्टामा नकली आँखा लगाउनुपर्छ भन्ने कुरा बताए। उनले जवाफमा भने: "डाक्टर-साहेब, दया गरी यस्तो आँखा लगाइदिनुहोस् जसमा चमक हुन्छ!" मित्रहो, प्रभुमा समर्पण गरी पाइने विजय यही हो।

कसैले लेखेका छन्: "हामीले ख्रीष्टलाई खोज्नेहरूको निम्ति उहाँका सद्गुणहरू पेस गर्न सक्छौं भन्ने कुरा सोच्न पाउँदा मलाई कति आनन्द लाग्दछ। एक उदाहरणीय जीवन-शैलीद्वारा एकजना चेलाले आफ्ना  प्रभुलाई अरूहरूको निम्ति आकर्षक बनाउन सक्छन्। प्रेरित पावलले तीतसलाई लेखेको चिट्ठीमा नोकरहरूलाई तिनीहरूका आ-आफ्ना मालिकहरूलाई खुशी पार्न लगाउनू भनी लेखे कि "यसरी नै सबै कुराहरूमा तिनीहरूले परमेश्वर हाम्रा मुक्तिदाताको शिक्षालाई सिँगारिदिऊन् (तीतस २:१०)। मानिसहरूले सुन्नु लायकको सत्यता सुन्ने मात्र होइन, तर अनुसरण गर्न लायकको सत्यता देख्नु पनि पर्छ।"

३०

# मामुली जीवनभन्दा उच्च जीवन

माइकल-अञ्जेलो आफ्नो स्टोडियोमा सङ्मरमरको एक शिलाखण्ड राम्ररी हेर्दै चुपचाप उभिएका थिए। अन्तमा एकजना सहकर्मीले उनले त्यो शिलाखण्ड राम्ररी हेरेर यति बिघ्न समय किन खेरो फालेको भनी सोधेर उनको दिवा-स्वप्नलाई भङ्ग गरे। माइकल-अञ्जेलोले चहकिलो अनुहार लिएर जोससित भनेः "त्यस टुक्राभित्र एउटा स्वर्गदूत थुनिएर बसेछ, र म उसलाई मुक्त गरेर निकाल्नेछु।"

यहाँ एक आत्मिक सदृश्य छ। परमेश्वरको प्रत्येक छोरा वा छोरीभित्र ख्रीष्टले वास गर्नुहुन्छ। प्रेरित पावलले कलस्सीमा भएका विश्वासीहरूलाई भनेः "महिमाको आशा ख्रीष्ट तिमीहरूभित्र" (कलस्सी १:२७)। गलाती २:२०मा उनले यो स्पष्ट पारे कि ख्रीष्ट विश्वासीहरूभित्र जिउनुहुन्छ। तर यदि उहाँलाई फुक्का छोड्नैनौं भने संसारले उहाँलाई देख्न सक्दैन। उहाँ तब निक्लनुहुन्छ, जब हामी ख्रीष्टियानहरूले हाम्रो जीवनको भक्तिपूर्ण स्वभावद्वारा उहाँलाई प्रदर्शित गर्छौं। यो तब हुन्छ, जब हामी प्रभुले चाहनुभएझैं बोल्छौं र काम गर्छौं। यो तब हुन्छ, जब हामीले प्रभु यीशु ख्रीष्टलाई हाम्रो जीवनद्वारा उहाँको आफ्नो जीवन प्रकट गर्ने अनुमति दिन्छौं।

कहिलेकहीं मात्र एउटा भक्तिपूर्ण स्वभाव देखाएर ख्रीष्टलाई संसारको सामु प्रदर्शन गर्ने होइन, तर हाम्रो जीवन-शैली, हाम्रो चरित्र-प्रणाली नै भक्तिपूर्ण हुनुपर्छ। हामी कैयौं ख्रीष्टियानहरूको समस्या के छ भने हाम्रो आत्मिक प्रतिवर्ती क्रिया एकदमै ढिलो हुन्छ। मामुली किसिमको ख्रीष्टियान जीवनभन्दा उच्च प्रतिक्रिया जनाउन पाउने अद्भुत अवसर हाम्रो लागि आउँछ। तर त्यस बखत हामी सुस्ती गर्छौं, अनि पछि गएर

मात्र हामी सोच्छौं - हामीले प्रभुले झैं यसरी गजबको जवाफ दिएको भए अथवा यस्तो गरेको भए अति उत्तम हुनेथ्यो भनेर। तर मौका हाम्रो हातबाट उम्किसकेको हुन्छ। हामीले शारीरिक ढङ्गमा बिताइने जीवनदेखि माथि उठ्न सकेनौं।

धेरै मानिसहरुले प्रभु यीशुलाई कहिल्यै इन्कार गरेका ता छैनन्। तर तिनीहरूले हामीले दिएका प्रभुको प्रतिनिधित्वलाई भने इन्कार गरेका छन्, जस्तै हाम्रो झड्ङ्ग-झड्ङ्ग उठ्ने रिस, हाम्रो अरूलाई खसाल्ने किसिमको बोली-वचन, हाम्रो लोभ र हाम्रो घमन्ड। तिनीहरूले हामीमा उहाँको प्रेम, उहाँको शिष्टचार र उहाँको अनुग्रह देख्दैनन्।

जुन संसारले उहाँलाई देखेको वा चिनेकै छैन, त्यस संसारको सामु हामीले कसरी दृढतापूर्वक ख्रीष्टको सिको गर्न सक्छौं ता? हामीले कसरी मामुली किसिमको ख्रीष्टियान जीवनभन्दा उच्च जीवन जिउन सक्छौं ता? हामीले नम्रता, सेवाको भावना, निःस्वार्थ भावनाद्वारा अनि अरुलाई आफूभन्दा उत्तम ठानेर ख्रीष्टको मनोभावना बढाउन सक्छौं। प्रभुको नजिकमा रहेर पवित्र-स्थानको वरिपरि होइन, तर पवित्र-स्थानभित्रै रहेर हामी "परमप्रधानको गुप्त ठाउँमा वास" गर्न सक्छौं (भजन ९१:१)। हामीले लगातार प्रभुमा सुखभोग गर्न सक्छौं। "तर नढाकिएको चेहराले प्रभुको महिमालाई ऐनामा जस्तै हेर्दै-हेर्दै हामी सबैजना प्रभुद्वारा, जो आत्मा हुनुहुन्छ, एक महिमादेखि अर्को महिमामा सर्दै त्यही रूपमा बदलिँदै जान्छौं।" (२ कोरिन्थी ३:१८)

हामीले पवित्र बाइबलमा प्रभुलाई जति बेसी नियालेर हेर्छौं, पवित्र आत्माले हामीलाई उत्ति नै उहाँको रूपमा ढाल्नुहुन्छ।

# अतिरिक्त नोटहरू

१. *हिज भिक्टोरियस इनडुवेलिङ्ग* नामक पुस्तकमा मेजर इयन थोमसले भनेको कथनको उद्धरण, निक हेरिसनद्वारा सम्पादित, प्रकाशन - ग्रान्ड र्‍यापिड्स, एम० आइ०: जोन्डरभन पब्लिशिङ्ग हाउसः १९९९, पृष्ठ १२३ - १३४।

२. दि इडिओट, वेर, हर्ट्स, इङ्गल्याण्ड, १९९६,

३. निम्न पुस्तकहरूबाट संकलित

- *ब्रदर इन्डीड*, फ्याङ्क होल्सन, लन्डन; भिक्टोरी प्रेस, १९५९।
- *चीफ मेन एमङ्ग द ब्रदरेन*, हाइ पिकारिङ्ग, लन्डन;पिकारिङ्ग एवं इङ्गलिस, १९३१।

४. *इन अल देयर एप्लिक्सन* नामक पुस्तक बाट उद्धृत लेखक मुर्जक क्याम्बेल, रेसोलिस, स्कट्ल्याण्डः सेल्फ पब्लिश्ड, पृष्ठ ६०-६१।

५. *द वे अफ पिस* नामक पुस्तकबाट संकलित; लेखक - एच० ए० आर्यनसाइड, न्यू योर्क; लोइजेयोक्स ब्रदर्स, १९४०, पृष्ठ १७६ - १७७।

६. क्यासेट नम्बर १५० - शिर्षक - *फ्लर्टीङ्ग ह्विथ द ट्रुथ*बाट संकलित, वक्ता रभी जकरियास।

७. *आवर डेलि ब्रेड* पुस्तकबाट संकलित, प्रकाशन - ग्राण्ड र्‍यापिड्स, एम० आइ० रेडियो बाइबल क्लास, जुन २८, १९९५ को पाठ।
लोइड ओप्पेलको (फेब्रवरी ५, २०००) क्यासेटबाट पनि उद्धृत गरिएको छ।

८. *द फ्लाइङ्ग स्कट्सम्यान*, लेखक स्याली म्यागनुस्सन, न्यू योर्कः क्वार्टेट बुक्स, १९८१, तथा अन्य केही पुस्तकबाट उद्धृत।

९. *द फ्लाइङ्ग स्कट्सम्यान*, पृष्ठ ९ - १०।

१०. *द फ्लाइङ्ग स्कट्सम्यान*, पृष्ठ १६३ - १६४।

११. *द फ्लाइङ्ग स्कट्सम्यान*, पृष्ठ १७४।

१२. *फिलिप्पियन्स, द गोस्पेल एट वर्क* , नामक पुस्तकबाट संकलित, लेखक - मेरिल

टेन्ने, प्रकाशनः ग्रान्ड र्‍यापिड्स, एम० आइ०: डब्ल्यू० एम० बी०,अर्डम्यान पब्लिशिङ्ग कम्पनी, १९५६, पृष्ठ ६०।
१३. *लिभिङ बाइ भाउस* नामक लेखबाट उद्धत - पत्रिका - क्रिस्ट्यानिटी टुडे, अक्टुबर ८, १९९०, पृष्ठ ३८ - ६० तथा *मुरिएल्स ब्लेसिङ्ग* नामक लेखबाट उद्धृत पत्रिका क्रिस्ट्यानिटी टुडे फेब्रवरी ५, १९९६। दुवै लेखहरू रोबर्टसन म्याक-कुल्केनद्वारा लिखित।
१४. जिम हेयसेमेयरद्वारा लिखित चिट्ठीबाट उद्धृत।
१५. *ट्र्याजेडी टु ट्राइम्फ,* लेखक फ्रयङ्क रेटिफ, मिल्टन केनेस, इङ्गल्याण्ड; प्रकाशन - वडे पब्लिसिङ्ग, १९९४, - पृष्ठ १४८।
१६. *द पिल्ग्रीम* इ० शुइलर इङ्गलिस, सम्पादकीय भल्यूम ६, अंक ४, अप्रेल १९५२, पृष्ठ २।
१७. लन्डनः ब्यानर अफ ट्रुथ ट्रस्ट, १९७०, पृष्ठ १४६।
१८. क्यासेट नम्बर ११८ - शिर्षक - *रेज्ड टु रन* , वक्ता - रभी जकरियास
१९. *ट्र्याम्फ फर द लर्ड,* लेखिका कोरी टेन बुम, ओल्ड टप्पन, एन० जे०, प्रकाशन फ्लेमिङ्ग एच० रेभेल कम्पनी, १९७४, पृष्ठ ५३ - ५४।
२०. यस किताबमा दिइएका एक-दुई उदाहरण केही व्यक्तिहरूका अनुभवहरूलाई संगालेर दिइएका छन्।
२१. *ग्लेडिस एल्वर्ड - द लिट्टल ह्युमान* नामक पुस्तकबाट उद्धृत क्रिस्टिन हन्टर, चिकागो, आइ० एल०: मुडी प्रेस, पृष्ठ १०६ - १२०।
२२. क्यासेट नम्बर ११८ शिर्षक - *रेज्ड टु रनः जेकब,* बक्ता रभी जकरियास।
२३. *जोह्न नेल्सन डार्बी* नामक पुस्तकबाट संकलित, लेखक म्याक्स एस० वेरेमचक, नेप्च्यून, एन० जे०: लोइजेयोक्स बोडर्स, १९९२, पृष्ठ १४६ - १५०।
२४. *आवर डेली ब्रेड* ,अगस्त २३, २००० - बाट संकलित।
२५. लोइस र जे० बी० निकोल्सन जुनियर, दुवैको अनुमति लिएर लेखिएको हो।
२६. स्क्रृप्चर यूनियनका दैनिक टिप्पणीहरूबाट।
२७. *आवर डेली ब्रेड,* फेब्रवरी २ १९९३।

के हामीले आइतबारचाहिँ ख्रीष्टिय विश्वासको विषयमा एस्तारे र उस्तारे भन्दै ठूल्ठूला कुरा गर्ने र मच्ची-मच्ची गीतहरू गाउने, तर हप्ताका रहल दिनहरूमा भने आत्मिक मरुभूमिमा तड्पिने उत्ताउलो किसिमको जिन्दगी नै बिताउनुपर्ने हो त? के मामुली जीवनभन्दा उच्च जीवन बिताउन सम्भव छ त? यस पुस्तकमा संकलन गरिएका सत्य जीवन कथाहरूले तपाईंलाई केवल पढ्नलाई मात्र उत्तेजित पार्ने होइनन्, तर तपाईंलाई एक असल ढंगमा प्रेम र असल कामहरूका निम्ति हौसला प्रदान गर्नेछन् । यी हुन् ती साधारण मानिसहरूका जीवनमा घटेका घटनाहरूको विवरणहरू । ती मानिसहरूले चाहन्थे – परमेश्वरले उनीहरूद्वारा असाधारण कुराहरू गरून् । अनि उहाँले यसो गर्नुभएको छ पनि ! प्रेरित पावलले यस रहश्यलाई बुझेका थिए; यसैले उनले यस्ता महान् परमेश्वरको विषयमा यसरी लेखे: "उहाँले हामीभित्र कार्य गर्ने सामर्थ्यअनुसार हामीले मागेका वा सोचेका सबै कुराभन्दा अत्यन्तै बढ़ी गर्न सक्नुहुन्छ" (एफिसी ३:२०) ।

विलियम म्याक-डोनाल्डज्यूले आजभन्दा चालीस वर्षभन्दा अघिदेखि नै ख्रीष्टिय विश्वासको सम्बन्धमा मुख्य-मुख्य विषयहरूमाथि आफ्नो प्रचार र लेखादिद्वारा स्पष्ट र सरल ढङ्गमा प्रकाश पार्दै आएका छन् । प्रभु यीशुको खातिर आफ्नो होनहार वाणिज्य पेसालाई त्यागेपछि यता उनी ख्रीष्टको अथाह ज्ञानरूपी धनको प्रचार गर्दै विश्वभरि घुमिसकेका छन् । उनले अस्सीभन्दा बढ़ी किताबहरू लेखिसकेका छन् । ती किताबहरूमा एक छुट्टै स्पष्टता र यस्ता शब्द-शैलीहरू पाइन्छन्, जसबाट उनले परमेश्वरको वचनमा कति बिघ्न समयको लगानी गरेका रहेछन् भनी अड्कल काट्न सकिन्छ । श्री म्याक-डोनाल्ड हालमा क्यालिफोर्नियामा बस्दछन्, जहाँ उनी लेखन र प्रचार सेवामा संलग्न रहेका छन् ।